


मेरो देश मेरै उत्पादन

# वार्षिक प्रतिवेदन

## आ.व. २०७७/७८




# उद्योग संगठन मोरङ, विराटनगर

# वर्तमान कार्यसमिति २०७७-२०७९



**सुयश प्याकुरेल**
अध्यक्ष



**भीम घिमिरे**
निवर्तमान अध्यक्ष



**प्रदीप मुरारका**
वरिष्ठ उपाध्यक्ष



**राजकुमार गोल्छा**
उपाध्यक्ष (वित्तिय क्षेत्र)



**नन्दकिशोर राठी**
उपाध्यक्ष (कृषि, जलश्रोत उर्जा)



**भोलेश्वर दुलाल**
उपाध्यक्ष (रोजगारदाता)



**विपिन काबरा**
कोषाध्यक्ष



**सुबोध कोईराला**
कार्यसमिति सदस्य



**सुरेन्द्र गोल्छा**
कार्यसमिति सदस्य



**संजय अग्रवाल**
कार्यसमिति सदस्य



**तारानाथ निरौला**
कार्यसमिति सदस्य



**प्रतिभा रिजाल ओली**
कार्यसमिति सदस्य



**सुनिल कुमार धनावत**
कार्यसमिति सदस्य



**ईन्द्र खत्रि (राजन)**
कार्यसमिति सदस्य



**सुशिल रिजाल**
कार्यसमिति सदस्य



**पारस लुनिया**
कार्यसमिति सदस्य



**शौरभ सारडा**
कार्यसमिति सदस्य



**सुदिप घिमिरे**
कार्यसमिति सदस्य



**चुडामणि भट्टराई**
महानिर्देशक

वार्षिक प्रतिवेदन

# उद्योग संगठन मोरङको

# ४९ औं वार्षिक साधारण सभामा

कार्यसमितिका तर्फबाट

महानिर्देशक श्री चुडामणि भट्टराईद्वारा

प्रस्तुत

## वार्षिक प्रगति प्रतिवेदन

२१ जेठ, २०७९

विराटनगर

श्रीमान् सञ्चालकज्यू
सदस्य औद्योगिक प्रतिष्ठानहरु
उद्योग संगठन मोरङ

विषय : साधारण सभाको सूचना बारे ।

महोदय,

यस संगठनको विधान (चौथो संशोधन) को दफा १० (ग) बमोजिम संगठनको ४९औं वार्षिक साधारण सभा यहि २०७९ साल जेठ २१ गते शनिबारका दिन (June 4, 2022) विराटनगरमा गर्ने भएको व्यहोरा सदस्यज्यूहरुमा सहर्ष जानकारी गराउँदछु ।

साधारण सभाको समुद्घाटन कार्यक्रम एवं साधारण सभाको विषय निम्नानुसार रहेको व्यहोरा अनुरोध गर्दै उल्लेखित कार्यक्रममा यहाँको उपस्थितीका लागी हार्दिक अनुरोध गर्दछु ।

| **समुद्घाटन शत्रको कार्यतालिका** | **बन्द सत्र (सदस्यहरुका लागी मात्र)** |
|---|---|
| मिति : २०७९ जेठ २१ गते | मिति : २०७९ जेठ २१ गते |
| समय : अपरान्ह ३.३० बजे | समय : अपरान्ह ५.०० बजे |
| स्थान : संगठन सचिवालय, तिनपैनी, विराटनगर | स्थान : संगठन सचिवालय, तिनपैनी, विराटनगर |
| **कार्यक्रम** | **ऐजेण्डाहरु** |
| १. संगठनका अध्यक्षज्यूबाट स्वागत मन्तब्य | १. संगठनका अध्यक्षज्यूबाट सभालाई सम्बोधन |
| २. सुभकामना मन्तब्य | २. महानिर्देशकबाट "वार्षिक प्रतिवेदन" प्रस्तुत । |
| ३. प्रमुख अतिथिज्यूको सम्बोधन | ३. कोषाध्यक्षज्यूबाट आ.व २०७७/७८ को लेखा परिक्षण प्रतिवेदन सहितको आय व्यय प्रस्तुत |
| ४. धन्यबाद ज्ञापन तथा उद्घाटन शत्र समापन | ४. लेखा परिक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण । |
| | ५. साधारण सभाको माइन्यूट प्रमाणित गर्ने सदस्यको मनोनयन । |
| | ६. विविध |

**सभामा प्रतिनिधित्व सम्बन्धी व्यवस्था**

संगठनको विधान बमोजिम सभामा भाग लिन सदस्य उद्योग/प्रतिष्ठानको प्रोपाइटर, सञ्चालक वा साझेदार स्वंय उपस्थित हुनुपर्ने छ ।

**संलग्न :**

१. वार्षिक प्रतिवेदन एवं आ.व. २०७७।७८को वासलात सहितको आयव्यय विवरण .... प्रति १

**प्रस्ताव :**

साधारण सभामा प्रस्तुत गरिने प्रस्तावका सम्बन्धमा कुनै सुझाव भएमा मिति २०७९।०२।१५ सम्ममा संगठनको सचिवालयमा लिखित रुपमा पठाइदिनु हुन समेत अनुरोध गर्दछु ।

..........................
(चुडामणि भट्टराई)
महानिर्देशक

# ४९औं वार्षिक साधारण सभामा प्रस्तुत वार्षिक प्रतिवेदन

उद्योग संगठन मोरङको ४९औं वार्षिक साधारण सभाका सभापति एवं संगठनका अध्यक्षज्यू, निवर्तमान अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूहरु, बरिष्ठ उपाध्यक्षज्यू, उपाध्यक्षज्यूहरु, कोषाध्यक्षज्यू, कार्यसमिति सदस्यज्यूहरु एवं साधारण सदस्यज्यूहरु सबैलाई यस गरिमामय सभामा हार्दिक स्वागत अभिवादन गर्दछु ।

**आदरणिय सदस्य महानुभावहरु,**

बिक्रम सम्बत २०२४ सालमा औद्योगिक क्षेत्रका अग्रज उद्यमीहरुद्वारा उत्पादनमुलक उद्योग व्यवसायको हक हितको संरक्षण तथा प्रवर्धन गर्ने साझा उद्देश्य तथा आर्थिक एवं औद्योगिक क्षेत्रको प्रवर्द्धन र विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्याउने लक्ष्यका साथ स्थापित यस संगठनलाई आजको यस अवस्थासम्म ल्याई पुऱ्याउन योगदान गर्नु हुने अग्रज उद्योगी व्यवसायीहरु, पूर्व अध्यक्षज्यूहरु एवं सम्पूर्ण सदस्य औद्योगिक प्रतिष्ठानहरु तथा सरकारी तथा गैह्रसरकारी क्षेत्र, नेपाल सरकार तथा विदेशी नियोगका साझेदार संस्थाहरु, राजनीतिक दल र तिनका नेताज्यूहरु लगायत सम्पूर्ण उद्योगी व्यवसायीहरु आजको यस सु-अवसरमा हृदयदेखि नै आभार प्रकट गर्दछु ।

४८औं वार्षिक साधारण सभाबाट निर्वाचित संगठनको बर्तमान कार्यसमितिले यस अवधीमा समग्र उद्योग व्यवसाय क्षेत्रको विकास तथा प्रवर्धनका लागी स्पष्ट मार्गचित्र सहितको रणनीतिक कार्ययोजना तयार गरि कार्यान्वयनमा ल्याइएको छ । संगठनले सम्पादन गर्ने कार्यलाई व्यवस्थित एवं प्रभावकारीरुपमा सञ्चालन गर्दै सदस्य औद्योगिक प्रतिष्ठानहरुका नीतिगत र प्रकृयागत समस्याहरु समाधानका लागी सरोकारवाला निकायहरुसँग निरन्तर बहस र पैरवी गर्दै आएको यस सम्मानित सभामा जानकारी गराउंदछु । यस वार्षिक प्रतिवेदनमा संगठनको वर्तमान कार्यसमितिको पदस्थापना मिति २०७७ चैत्र १३ पश्चातका निम्न बमोजिमका गतिविधिहरु यस गरिमामय सभामा प्रस्तुत गर्दछु ।

## १. समसामयिक आर्थिक एवं औद्योगिक क्षेत्रमा प्रभाव पारेका मूख्य मूख्य परिघटनाहरू


### १.१ कोभिड १९ को दोश्रो भेरियन्ट र निषेधाज्ञा

यस अवधीमा कोभिड १९ को दोश्रो लहरले उद्योग व्यवसायलाई प्रभावित बनायो । बैशाखदेखि श्रावण महिनासम्म संक्रमणबाट बच्न स्थानीय प्रशासनबाट निशेधाज्ञा जारी भएको थियो । जसका कारण उद्योग व्यवसायको सञ्चालनमा प्रत्यक्ष प्रभाव पर्यो । कोभिड बिरुद्धको खोप सञ्चालन भएसगै विस्तारै निषेधाज्ञा खुकुलो भई उद्योग व्यवसाय सञ्चालन गर्ने वातावरण बनेता पनि बजार मागमा कमि भएका कारण उद्योग व्यवसायलाई पुरानै लयमा फर्कन लामो समय लाग्यो । संगठनले निषेधाज्ञा अवधीभर उद्योग व्यवसायको सञ्चालन, कामदार कर्मचारीको आवागमन, ढुवानीका साधन सञ्चालन, कामदार कर्मचारीलाई प्राथमिकताका साथ खोप सञ्चालनका लागी अनुरोध आदि जस्ता बिषयहरुमा स्थानीय प्रशासन र सुरक्षा निकायसँग समन्वय गरि सूचना सम्प्रेषण र सहजिकरणका कार्यहरु सञ्चालन गर्यो ।

संगठनले नीजि क्षेत्रमा संलग्न कर्मचारी कामदारहरु अर्थतन्त्रको अग्रपंक्तीमा रहेर काम गर्ने भएकोले अर्थतन्त्र चलायमान बनाउन नीजि क्षेत्र तथा सम्बद्ध कामदार तथा कर्मचारीलाई अर्थतन्त्रको फ्रन्ट लाइनरका रुपमा लिई प्राथमिकताका साथ खोप लगाउने व्यवस्थाका लागी पहल गरेको थियो । साथै, कर तथा राजश्व, खर्चको फाँटबारी र जरिवाना छुट गर्न, बैंक व्याज तथा किस्ता भुक्तानी गर्ने अवधी थप गर्न, विद्युत डिमान्ड शुल्क छुट गर्न, कामदार तथा कर्मचारीको पारिश्रमिक सम्बन्धमा उचित प्रवन्ध मिलाउन लबिङ गरेको थियो ।

### १.२ बाढि र बाढिले पुर्‍याएको अवरोध

मौसममा आएको अप्रत्यासित बदलावका कारण २०७८ कार्तिक १ देखि ३ गतेसम्म परेको अविरल बर्षा र बर्षाका कारण आएको बाढीले सुनसरी मोरङ कटहरी करिडोरका उद्योगहरु नराम्रोसँग प्रभावित भए। उत्पादन प्रकृया रोकियो, उद्योग कल कारखाना डुब्यो, मिल मेशिनरी औजार उपकरणहरु बिग्रिए, कच्चा पदार्थ खेर गयो, उत्पादित तयारी एवं अर्ध तयारी वस्तु खेर गयो । बाढीले उद्योग परिशरका भत्काएका संरचना, बगाएर ल्याई थुपारेको फोहोर तथा लेदो माटो लगायतको व्यवस्थापन तथा सरसफाईमा ठुलो खर्च गर्नु पर्ने आवश्यकता देखियो । उद्योग पुनः पूर्ववत अवस्थामा सञ्चालनमा आउन समय लाग्ने भयो र उक्त समयको आम्दानी गुम्ने मात्र होइन बन्दहुँदाको प्रशासनिक तथा नियमित खर्च थप व्यवभारका रुपमा उद्योगी माथी थपियो ।




यसै सन्दर्भमा, सुनसरी-मोरङ-कटहरी औद्योगिक करिडोर मुख्य कार्यक्षेत्र रहेको उत्पादनमुलक उद्योगहरुको प्रतिनिधिमुलक अभिभावक संस्था उद्योग संगठन मोरङले यस क्षेत्रका औद्योगिक प्रतिष्ठानहरुमा बाढीबाट परेको प्रभाव र भएको क्षति विवरण संकलन गरि औद्योगिक क्षेत्रमा बाढि पछिको प्रभाव मूल्याङ्कन प्रतिवेदन २०७८ तयार गरी सरोकारवाला निकायहरु प्रमुख जिल्ला अधिकारी श्री काशीराज दाहाल र विभिन्न पालिकाका प्रतिनिधिहरुको बिशेष उपस्थीतिमा प्रतिवेदन सार्वजनिक गरि बाढि नियन्त्रणका लागी ध्यानाकर्षण गराएको थियो । *प्रतिवेदनको बिष्तृत विवरण अनुसूची-२ मा राखिएको छ ।*

### १.३ वित्तिय तरलता अभाव तथा ब्याज बृद्धि

यस अवधीमा नेपाल राष्ट्र बैंकद्धारा मौद्रिक नीति सार्वजनिक गरे सँगै बजारमा तरलताको अभाव देखा पर्न थालेको र मंसिर, पौषमा आइपुग्दा तरलता अभावले उद्योग व्यवसायमा गम्भिर असर पर्यो । तरलता अभावसगै ब्याजमा भएको बृद्धिले उद्योग व्यवसायको लागत मूल्य ह्वात्तै बढाईदिएको छ । राष्ट्र बैंकले समय समयमा विभिन्न वित्तिय औजारहरु (नगद मार्जिन, विलासिताका केहि बस्तुहरुको आयातमा कडाई गर्न एलसि नखोल्ने जस्ता) प्रयोग गरेको भएता पनि समस्या अझै समाधान भएको छैन । संगठनले मौद्रिक नीतिमा सुझाव एवं विभिन्न समयमा उद्योग व्यवसायका समस्या र वित्तिय संकट समाधानका लागी पटक पटक सुझावहरु प्रस्तुत गरेको छ भने राष्ट्र बैंकमा डेलिगेशन गई समस्याबारे अवगत गराएको थियो । *संगठनले वित्तिय अवस्था सुधारका क्षेत्रमा प्रस्तुत गरेका सुझावहरु अनुसुचि ३ मा राखिएको छ ।*

### १.४ विद्युत आपूर्तिमा समस्या

लोडसेडिङ मुक्त भए पनि अझै विद्युत आपूर्तिको गुणस्तर सन्तोषजनक छैन । निरन्तरको ट्रिपिङ तथा भोल्टेज फ्लक्चुएशनले औद्योगिक क्षेत्रमा थप समस्याहरु निम्त्याएको छ। बिशेषत : कटहरी करिडोरमा विद्युतको समस्या भयावह छ । पछिल्लो समयमा औद्योगिक फिडरमा अघोषितरुपमा १२ घण्टासम्म विद्युत आपूर्ति बन्द भइरहेको छ। लोडसेडिङ तालिका पनि सार्वजनिक नगर्ने र पूर्वसूचना बिना विद्युत अवरुद्ध हुँदा उद्योग व्यवसाय क्षेत्रले ठुलो नोक्सानी व्यहोर्नु परिरहेको छ। संगठनले विद्युतका समस्या समाधानका लागी निरन्तर पहल गरिरहेको छ। पछिल्लो समय सबै सदस्य उद्योगहरुको भेला गरेको, प्राधिकरणका कार्यकारी प्रमुख, प्रदेश प्रमुख तथा शाखा प्रमुखहरुसँग निरन्तर सम्बाद गरि समाधान खोज्न प्रयत्न गरिरहेको छ। *संगठनले विद्युतसँग सम्बन्धीत क्षेत्र प्रस्तुत गरेका सुझावहरु अनुसूचि ४ मा राखिएको छ।*

### १.५ मिरगञ्ज पुलमा भएको अवरोध

पूर्व क्षेत्रको लाइफ लाइन विराटनगर जोगबनी नाका भन्दा ४ किलोमिटर पश्चिम रहेको मिरगञ्ज पुल दबिएर मालबाहक सवारी साधनहरुको २१ पौष २०७८ देखिआवागमन बन्द भएको छ। परिणामतः सबै कार्गो ढुवानीका साधनलाई भण्टाबारी रिरुट गरि ल्याउन परिरहेको छ। यसबाट प्रति ट्रक ढुवानी रु २०,०००। बढि खर्च, समय बढि लागेर डिटेन्सन तिर्नुपर्ने लगायतका कठिनाई उत्पन्न भएको छ। संगठनबाट तत्काल टोली गठन गरि निरिक्षण गरेको, भण्टाबारी रिरुटका लागी पहल गरि ढुवानी व्यवस्था सूचारु गर्न सहयोग गरिएको, मिरगञ्जको पुरानो पुल सँगै बनिरहेको नया पुलको निर्माण करिब करिब सम्पन्न भएर सञ्चालनमा आउन माटो फिलिङ, रिनेनिङ वाल लगायतका काम बाँकी रहेकोले आवश्यक कुटनीतिक पहल गरि नयाँ बनेको मिरगञ्ज पुल सञ्चालनमा ल्याउन संगठनले सम्बन्धीत निकायहरुमा डेलिगेशन, पत्राचार, भिडियो क्लिप समेत बनाई माननीय अर्थ मन्त्री एवं माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीलाई उहाँहरुकै कार्यकक्षमा गई कुटनीतिक पहल मार्फत यथाशक्य समाधान निकासका लागी लबिङ गरेको थियो ।

### १.६ युक्रेन – रुस युद्ध र यस्को प्रभाव

विगत केही समययता अन्तर्राष्ट्रिय वजारमा उकालो लागिरहेको पेट्रोलियम पदार्थको मूल्य, रुस र युक्रेन वीच जारी युद्धका साथै डलरको वढदो विनियम दरका कारण खानेतेल, उपभोग्य वस्तु, खाद्यसामाग्रि, निर्माण सामाग्रि लगायत अन्य वस्तुको मुल्य निरन्तर उकालो लागिरहेको छ । खाने तेल उत्पादन गर्ने उद्योगहरुको मुख्य कच्चा पदार्थका रुपमा रहेको क्रुड सोयावीन तेल, क्रुड सनफलावर तेल, क्रुड पाम आयल र तोरिको दाना ब्राजिल, अर्जेन्टिना, क्यानाडा, अष्ट्रेलिया, युक्रेन लगायतका देशहरुबाट यसअघि जनवरी २०२२ मा यु. एस. डलर १५२५ मा प्रति मेट्रिक टनमा आयात भईरहेकोमा हाल आएर यु.एस. डलर २१२५ सम्म खर्च गर्नुपरिरहेको छ भने ईन्धनमा भईरहेको मुल्य वृद्धिले तेश्रो मुलुक देखि उद्योग परिसरसम्मको ढुवानी भाडाका साथै वढदो वैंक व्याज दरले उद्योगहरुको वस्तु उत्पादन लागत निरन्तर वृद्धि भईरहेको छ । संगठनले वर्तमान असहज अवस्था, विभिन्न कठिनाई र विदेशी वस्तुका साथ प्रतिष्पर्धाका वावजुद स्वदेशी बजारको आवश्यकता पूर्ति गर्ने भावका साथ उत्पादनलाई निरन्तरता दिई आपूर्ति श्रृखलालाई सन्तुलनमा राख्न सहयोग पुऱ्याउदै आएका उद्योग व्यवसायका साथै आम उपभोक्तालाई समेत राहत दिने नीति तत्काल अवलम्वन गर्न उद्योग संगठन मोरङ नेपाल सरकार समक्ष अनुरोध गरेको छ ।

### १.७ संघिय सरकारको वार्षिक बजेट र संगठनका सुझावहरु

आर्थिक एवं औद्योगिक विकासका लागी अवलम्वन गरिनु पर्ने बिषयहरु, पूर्वाधार विकास, व्यापार सहजिकरण, राजश्वका दरहरु, प्रकृयागत जटिलता सहजिकरण लगायत उद्योगहरुहरु बिषयगत समस्याहरु समेत समेटी संघिय, प्रदेश तथा स्थानीय सरकारको वार्षिक बजेटमा नियमित पृष्ठपोषण गर्दै आएको छ। वार्षिक बजेट मार्फत सम्बोधन हुनु पर्ने बिषयहरुलाई नेपाल राजश्व परामर्श समितिले आयोजना गरेका बैठकहरुमा, संघिय सरकारका अर्थमन्त्री, अर्थसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीज्यूहरु समक्ष सुझावहरु प्रस्तुत गरिएको । *आर्थिक बर्ष २०७८।७९ र आ.व. २०७९।८० को बजेटमा पेश गरिएका सुझावहरु अनुसुची ५ मा राखिएको छ ।*

### १.८ नीजि क्षेत्रलाई हेर्ने दृष्टिकोण

नीजि क्षेत्रलाई आर्थिक विकासको मुख्य साझेदार र संवाहक भन्ने सैद्धान्तिक रटान लगाइरहने तर नीजि क्षेत्र भनेको नाफा गर्ने उद्देश्यले जोखिम बहन गर्ने क्षेत्र हो, नाफा भएन भने यो क्षेत्र टिक्दैन भन्ने अति सामान्य बिषय पनि आत्मसात गर्न नसकिएको अवस्था छ । यस अवधीमा प्रमुखरुपमा बतास प्रकरण तथा ललिता निवास प्रकरण, नोबेल हस्पिटल लगायत धेरै घटनाहरु भएका छन । व्यक्तीगतरुपमा दोषि कोहि पनि हुन सक्तछ र दोषि कारवाहीको भागिदार अवश्य पनि हुनु पर्दछ। तर पद्दतीगतरुपमा नीजि क्षेत्रलाई मात्रै दोष देखाउने अवस्थाको अन्त्य हुनु पर्दछ। संगठनले यस बिषयमा आफ्नो स्पष्ट धारणा सार्वजनिक गरेको छ । नेपाल सरकारको स्थापित कानुन तथा अधिकार प्राप्त जिम्मेबार निकायबाट भएको निर्णयका सन्दर्भमा निर्णय गर्ने प्रकृयामा संलग्नलाई चोखो देखाउदै सबै दोष जती उद्यम व्यवसाय गर्ने एक उद्यमी माथी थोपर्ने दुष्प्रयास जुन भइरहेको छ यो कानुनको शासन तथा उद्यम गर्न पाउने संवैधानिक अधिकारको समेत बर्खिलाफ रहेको साथै बिगत केहि समययता विभिन्न बिषयहरुसँग सम्बन्धीत भएका नीतिगत निर्णयहरुमा नीति निर्माणमा संलग्नहरुलाई चोख्याउदै नीजि क्षेत्रलाई मात्रै एकतर्फि प्रहार गर्ने पद्दती नियोजित एवं षडयन्त्रपूर्वक भइरहेकोले यस्ता कृयाकलाप बन्द गर्न र कानुन सम्बत कार्य गर्ने सबै नीजि क्षेत्रलाई प्रोत्साहन गर्न अनुरोधगरेको छ ।

## २. सांगठनिक अवस्था

आर्थिक एवं औद्योगिक प्रवर्धन र विकासको माध्यमबाट मात्रै आर्थिक समृद्धि हासिल गर्न सकिन्छ भन्ने लक्ष्यका साथ मोरङ र सुनसरी मोरङ औद्योगिक करिडोरमा अवस्थित उत्पादनमुलक उद्योगहरु तथा समग्र नीजि क्षेत्रको प्रतिनिधिमुलक संस्थाको स्थापना विक्रम सम्बत २०२४ सालमा भएको हो । व्यवसायीक सदस्यतामा आधारित (Business Membership Organization) चरित्र बोकेको यस संगठनमा उत्पादनमुलक उद्योगहरुले मात्रै सदस्यता प्राप्त गर्न सक्ने प्रावधान छ । संगठनले बहस पैरबी, अन्तरक्रिया, कार्यशाला, गोष्ठी, क्षमता विकास तालिम, श्रम सम्बन्ध सहजिकरण, बजार प्रवर्धन एक्स्पो, नेटवकिङ, सम्बन्ध विकास तथा सामाजिक उत्तरदायित्व जस्ता गतिविधिहरु सञ्चालन गर्दै आएको छ। संगठनको कार्यक्षेत्र सुनसरी र मोरङ जिल्ला रहेको छ। संगठनको लक्ष्य प्राप्तीका लागी १७ सदस्यीय कार्यसमिति, संरक्षण एवं सल्लाहकार समिति र अनुशासन समिति, कार्यसमिति सदस्यले संयोजन गरेका १५ वटा विभिन्न बिषयगत समितिहरु क्रियाशिल रहेका छन । त्यसैगरि, नीतिगत बहस र पैरवीका लागी आधारभूतरुपमा सल्लाह सुझाव प्राप्त गर्न राष्ट्रिय अर्थतन्त्रमा बिशेष अनुभव तथा दखल भएका विज्ञहरुलाई बिशिष्ठ सल्लाहकारका रुपमा मनोनयन गरिएको छ ।

४८औं वार्षिक साधारण सभामा १७२ औद्योगिक प्रतिष्ठानहरु संगठनको सदस्य रहेकोमा हाल नयाँ औद्योगिक प्रतिष्ठानहरुको सदस्यता लिने क्रममा बडोत्तरी भएको छ । यस अवधीमा ६० भन्दा बढि नयाँ औद्योगिक प्रतिष्ठानहरुले संगठनको सदस्यता लिएका छन । यसरी संगठन प्रति उद्योगहरुको आकर्षण बढ्दै गएको छ ।

नीजि क्षेत्रका वास्तविक मुद्दाहरुको ठोस र मुर्तरुपमा पहिचान नहुनु, पहिचान भएका मुद्दाहरुको बिष्तृत विश्लेषण गरि नीति निर्माण तहमा चित्त क्बुझ्दो र प्रभावकारी रुपमा बहस पैरवी हुन नसकिरहेको तथा नीजि क्षेत्रको बहस पैरवी गर्ने कुरा प्रचारमुखी जस्तो मात्रै भयो की भन्ने सवाल आमरुपमा उठिरहेको अवस्था छ । समान प्रकृतिका पूराना तथा नयाँ संस्थाहरु पनि आवरणमा देखापर्न थालेका छन । यस्तो अवस्थामा नीजि क्षेत्रको हक हित संरक्षण सम्वर्धन र प्रवर्धनका लागी संगठित संगठनले आफ्नो छुट्टै पहिचान कायम राख्नु चुनौतीपूर्ण रहेको छ । संगठनले आफ्नो संस्थागत क्षमता अभिबृद्धि गर्दै बहस तथा पैरवीलाई प्रभावकारी र शशक्त बनाउदै उद्योग र सरकार बिचको सेतुको काम गर्ने र उद्योगमैत्री नीति निर्माण तथा राष्ट्रिय महत्वका आर्थिक एवं सामाजिक सवालहरुमा आफ्नो प्रभावकारी भूमिका एवं उपस्थिति दर्षाउदै आएको छ ।

यस संगठनले औद्योगिक विकासको सेवाहरुको इकोशिष्टमको विकास, एकेडेमिया र उद्योगको सम्बन्ध, लजिष्टक व्यवस्थापन, दक्ष जनशक्ती उत्पादन, असल श्रम सम्बन्ध, बजार, बैंक तथा वित्तिय एवं लगानी, स्थानीय, प्रदेश र केन्द्र सरकारको समन्वय, उद्योगका समस्याहरुको पहिचान र समाधानका लागी नीतिगत बहस र पैरवीलाई उच्च प्राथमिकतामा राखी काम गर्दै आएको छ । संगठनले यस क्षेत्रको ओद्योगिक तथ्याकंहरुको डाटा बैंक, सदस्य उद्योगहरुका समस्या निराकरणका लागी बिजनेश क्लिनिक, नीतिगत समस्या सम्बोधनका लागी नीतिगत बहस तथा पैरवी कार्यक्रम, नविन व्यवसायीक बिचार तथा सोच भएका युवाहरुलाई उदमशिलतामा रुपान्तरण गर्न स्टार्टअप एण्ड इनोभेशन कार्यक्रम, उद्योगलाई आवश्यक दक्ष जनशक्ती उद्योग आफैले तालिम प्रदायक संस्थाहरुसँग समन्वय गरि उत्पादन गर्न सिप विकास कार्यक्रम, ऐकेडेमिया र उद्योग विच सम्बन्ध विकास गर्न स्व. महेन्द्र गोल्छा औद्योगिक अध्ययन केन्द्रको स्थापना, स्वदेशी वस्तु तथा उत्पादनहरुको प्रवर्धन गर्न मेरो देश, मेरै उत्पादन अभियान लगायतका कार्यक्रमहरु सञ्चालन गर्दै फरक ढंगबाट आर्थिक समृद्धि तथा विकासमा योगदान गर्ने संस्थागत प्रयासहरुको आधारभूत जग निर्माणका लागी वर्तमान कार्यसमिति सम्पूर्णरुपमा तल्लिन रहेको छ ।

## ३. आर्थिक एवं औद्योगिक विकासका लागी संगठनले उठान गरेका महत्वपूर्ण सवालहरू

**३.१ व्यापार सहजिकरण एवं औद्योगिक पूर्वाधार**: कमजोर पूर्वाधारले लजिस्टिक एवम् उत्पादनलागत बढाउँदछ र प्रतिस्पर्धाबाट बाहिरिन बाध्य पार्दछ । निर्माण तथा व्यवस्थापनको प्रमुख दायित्व राज्यमा रहने तीव्र आर्थिक एवम् औद्योगिक विकासका लागि आधारस्तम्भ एवम् दीर्घकालीन महत्व रहने खालका क्रिटिकल इन्फ्रास्ट्रक्चरहरू : सडक, विद्युत्, पारवहन, औद्योगिक क्षेत्र आदिमा राज्यले अत्यन्त सुविचारित निर्णयहरू लिई नेपाली उद्योगीहरूको प्रतिस्पर्धी क्षमता बढाउन मद्दत गर्नु पर्दछ । तषर्थ, व्यापार सहजिकरण, औद्योगिक पूर्वाधार जस्तै रेल्वे, औद्योगिक क्षेत्र निर्माण, सडक निर्माण, पारवहन पूर्वाधार विकास, लजिष्टक पार्क, द्धिपक्षिय व्यापारमा नीतिगत सहजिकरण एवं प्रकृयागत जटिलतामा सहजिकरण गरि प्रतिष्पर्धी क्षमता बढाउनु पर्दछ ।

**३.२ वित्त र वित्तिय लगानी**: उत्पादन लागतमा प्रत्यक्ष दबाब पर्ने वित्तिय लगानी (Cost of Fund) महत्वपूर्ण पक्ष हो । उत्पादन लागतमा प्रत्यक्ष दबाब बढ्ने गरी बैङ्क तथा वित्तीय संस्थाहरूमा तरलता अभाव हुने समस्या देखा परिरहेको छ । ब्याजदरको वृद्धि निरन्तर उकालो लागिरहेको अवस्था छ । यसरी ब्याज दरमा अस्थिरता कायम रहँदा मुलुकमा व्यावसायिक लागत प्रक्षेपण गर्नसक्ने अवस्था समेत नहुने अवस्था छ । तषर्थ, उत्पादनमुलक क्षेत्रमा प्रवाह हुने ऋण एकल अङ्कमा नबढ्ने गरी (Single Digit) हुनुपर्ने र अनुमानयोग्य वित्तिय व्यवस्थापनको नीतिहरु अपनाइनु पर्दछ ।

**३.३ उर्जा** : उत्पादन लागतमा प्रत्यक्ष असर पर्ने भनेको उत्पादन प्रकृयामा प्रयोग हुने उर्जामा हुने खर्च हो । जलश्रोतको धनी देश भएता पनि सस्तो र गुणस्तरिय विद्युतिय उर्जा प्राप्ती अझै चुनौती पूर्ण छ । लोडसेडिङ मुक्त भए पनि अझै विद्युत आपूर्तिको गुणस्तर सन्तोषजनक छैन । निरन्तरको ट्रिपिङ तथा भोल्टेज फ्लक्चुएशनले औद्योगिक क्षेत्रमा थप समस्याहरु निम्त्याएको छ । हामी एकातिर विद्युत निर्यात गर्ने कुरा गर्दैछौ भने अर्को तिर औद्योगिक क्षेत्रले आफ्नो कारखानाको काममा ट्रिपिङ तथा भोल्टेज फ्लक्चुएशनले हुने अवरोधको समाधानका लागी पावर व्याकअप जेनेरेटर वा युपिस जडान गर्न बाध्य छन । तषर्थ गुणस्तरिय बिना अवरोधको नियमित विद्युत आपूर्ति तथा भारत निर्यात गर्न भन्दा स्वदेशी उत्पादनमुलक उद्योगलाई सस्तो दरमा विद्युत उपलब्ध गराउनु पर्दछ ।

**३.४ मानव श्रोत** : मानव श्रोतको उचित व्यवस्थापनले मात्रै उत्पादन र उत्पादकत्वमा बृद्धि ल्याउन सम्भव भएकोले श्रमिक र रोजगारदाता विचको असल सम्बन्ध कायम राख्ने बिषयलाई संगठनले सधै प्राथमिकतामा राखेको छ । श्रमिकको उत्पादकत्व अभिबृद्धि सँगसँगै सेवासुविधा बृद्धि हुनु पर्दछ भन्ने मान्यता लिएको छ । सामाजिक सुरक्षा कोषमा आवद्ध हुन आफ्ना सबै सदस्य औद्योगिक प्रतिष्ठानहरुलाई परिपत्रहरु गरिएको छ । सामाजिक सुरक्षा कोष सम्बन्धी सेवा प्राप्त गर्न सहजता प्रदान गर्न सामाजिक सुरक्षा कोष इकाईको कार्यालय सञ्चालनमा सहयोग गरिएको छ ।

**३.५ स्वदेशी उत्पादन तथा उद्योग प्रवर्धन** : स्वदेशी उत्पादन तथा स्वदेशी उद्योगका प्रवर्धनका लागी स्पष्ट नीतिगत संरक्षण प्रदान गरिनु पर्दछ । कच्चा पदार्थ आयात र फिनिस वस्तुको आयातमा रहेको अवैज्ञानिक भन्सार महशुल, न्युन मूल्याकंन एवं न्युन विजकिरणका कारण स्वदेशी उद्योगहरुमा परेको असरलाई मध्यनजर गरि स्वदेशी उद्योगहरु फष्टाउने गरि संरक्षण प्रदान गरिनु पर्दछ । साथै स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने उद्योग एवं निर्यातमुलक उद्योगहरुलाई बिशेष प्रोत्साहन गरिनु पर्दछ । स्वदेशी उत्पादनको प्रयोगलाई सरकार, नीजि क्षेत्रले अभियानका रुपमा सञ्चालन गर्नु पर्दछ ।

**३.६ औद्योगिक इकोसिष्टमको बृहत्तर श्रृङ्खला विकास** : मूल्य श्रृङ्खलाका अग्र तथा पृष्ठ पक्षहरुमा रहने सहायक उद्योगहरु स्वः स्फुर्त विकास हुने गरि Shared Business को अवधारणा अनुरुप दिर्घकालिन एवं फराकिलो नीतिगत सोच एवं दृष्टिकोण मार्फत औद्योगिक विकासका लागी बृहत्तर इको सिष्टमको विकास गर्नुपर्दछ ।


**३.७ सुशासन, जवाफदेहिता र प्रकृयागत जटिलता सरलिकरण** : सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, जनउत्तरदायी हुनु पर्दछ । नीति, ऐन तथा बजेटमा उल्लेख भएका बिषयहरु समेतको कार्यान्वयनमा समस्या छ । उद्योग व्यवसायको दर्ता, नविकरण, कर, भन्सार, आयात निर्यात प्रकृया, श्रम जस्ता विभिन्न विषय तथा निकायहरुबाट सेवा प्राप्तीमा ज्यादै प्रकृयागत जटिलताहरु रहेका छन । यस्ता प्रकृयागत जटिलताहरुको सरलिकृत गर्दै सार्वजनिक निकायबाट प्राप्त हुने सेवा सुविधा तथा उद्योग व्यापार सहजिकरणका कार्यहरुमा पारदर्शिता, जवाफदेहिता एवं सुशासनको प्रत्याभूति हुनु पर्दछ । निजी क्षेत्रले आफ्ना उत्पादनको क्षेत्र तथा सम्भावनालाई आँकलन गर्न सक्यो भने मात्रै ढुक्कले लगानी गर्दछ । आर्थिक एजेन्डाहरूमा न्यूनतम समझदारी र प्रतिबद्धतासहित नीतिगत निरन्तरतालाई स्थापित गर्नु आर्थिक एवम् औद्योगिक विकासका लागि अपरिहार्य आवश्यकता हो ।

**३.८ अध्ययन अनुसन्धान र दक्षजनशक्ती उत्पादन** : व्यवसायीक सिप सहितको दक्ष जनशक्तीको सहज उपलब्धता औद्योगिक क्षेत्रको सधैको समस्या हो । उद्योगलाई चाहिने दक्ष जनशक्ती र बजारमा उपलब्ध जनशक्तीका बिचमा रहेको भिन्नता "मिसम्याच" का कारण उद्योग व्यवसायले दक्ष जनशक्ती अभावको समस्या भोग्दै आएका छन । उद्योगलाई चाहिने दक्ष जनशक्तीको उत्पादनका लागी उद्योगको

आफ्नै अगुवाईमा व्यवसायीक सिपमुलक तालिमहरु सञ्चालन गर्न तालिम प्रदायक शैक्षिक संस्थाहरु, उद्योग र व्यवसायीक सिप सम्बन्धी नियामक निकाय बिच समन्वयात्मक कार्यप्रणालीको विकास गरि कार्यान्वयन गर्नु आजको आवश्यकता रहेको छ ।

## ४. रणनीतिक कार्ययोजना

औद्योगिक क्षेत्रको विकासको माध्यमबाट राष्ट्रिय आर्थिक विकासमा योगदान गर्ने उद्देश्यले संगठनले आफ्नो रणनीतिक कार्ययोजनालाई मूख्य चार कम्पोनेन्टहरु क्रमशः वहस तथा पैरवी, व्यवसायीक विकास सेवा प्रवाह, नेटवर्किङ तथा सम्वन्ध विस्तार र सामाजिक उत्तरदायित्वका क्षेत्रमा वर्गिकरण गरि कार्यान्वयन गरिएको छ ।




आयात प्रतिष्थापन एवं निर्यात प्रवर्धन र स्थानीय स्तरमा व्यवसायीक अवसर एवं रोजगारी श्रृजना गर्ने लक्ष्यका साथ अघि बढाएइको कार्ययोजनामा स्वदेशी उत्पादनको प्रवर्धनलाई अभियानका रुपमा सञ्चालन गर्ने, अध्ययन अनुसन्धानमा आधारित बहस र पैरवी, दक्ष जनशक्ती उत्पादनका लागी व्यवसायीक सीप विकास लगायतका क्षमता अभिबृद्धि कार्यक्रमहरु, सदस्य औद्योगिक प्रतिष्ठानहरुलाई व्यवसायीक विकास सेवा, असल श्रम सम्बन्ध, विश्वविद्यालय र उद्योग बिचको सहकार्य, नविन आविश्कार तथा सोचहरुलाई व्यवसायीकतामा रुपान्तरण गर्न सघाउ पुग्ने कार्यक्रमहरुलाई प्राथमिकताका साथ सञ्चालन गरिदै आएको छ ।

**रणनीतिक लक्ष्य १ : नीतिगत बहस तथा पैरवी**

उद्योग व्यवसायसँग सम्वन्धित नीति निर्माणमा तिनै तहका सरकारसँग समन्वय गरी लगानीमैत्री वातावरण निर्माण, कर, राजश्व, श्रम, भन्सार, उद्योग तथा वाणिज्य प्रशासन, गुणस्तर तथा नापतौल, स्थानीय, प्रदेश र संघिय सरकार, सुरक्षा निकाय, विद्युत प्राधिकरण, राष्ट्र बैकं तथा बित्तिय संस्था लगायतका लाइन ऐजेन्सीहरुसँग सम्बन्धीत विषयहरुमा सरोकारवाला पक्षहरुका साथ निरन्तर छलफल र अन्तरकृया गरी समस्या समाधानमा पहल गर्ने लक्ष्य रहेको छ । यस लक्ष्य अन्तरगत निम्न कार्यक्रमहरु तय गरि सञ्चालन गरिएका छन :

१.१ तथ्य र तथ्याङमा आधारित बहस तथा पैरवीका लागी औद्योगिक सर्वेक्षण २०७८ सम्पन्न गरिएको ।

१.२ संगठनको बहस पैरवीको फ्रेमवर्क तयार गरि सञ्चालनमा ल्याइएको (उद्योग भ्रमण, समस्या सकंलन, सिओ क्लबको गठन, समस्या वर्गिारकण, अनुसन्धान र बहस पैरवीका कार्यक्रमहरु : पत्राचार, डेलिगेशन, नीतिगत छलफल, प्रेस मिट, विज्ञप्ती लगायतका कृयाकलापहरु नियमितरुपमा सञ्चालन भइरहेको ।

१.३ सूचना सम्प्रेषणका लागी मासिकरुपमा न्यूजलेटर प्रकासन प्रारम्भ गरिएको, टेन्डर सम्बन्धी दैनिकरुपमा सूचना सम्प्रेषण गरिएको, वेवसाईट तथा सामाजिक सञ्जालमा संगठनको शशक्त उपस्थिीती रहेको ।

१.४ प्रदेशको आर्थिक समृद्धिबारे बाह्खरी मिडियासँगको सहकार्यमा ऐतिहासिक आर्थिक सम्मेलनको आयोजना गरिएको छ ।

**रणनीतिक लक्ष्य २ : व्यवसायीक विकास सेवा प्रवाह**

सदस्य उद्योग प्रतिष्ठानहरुलाई संगठनले प्रदान गर्ने व्यवसायीक विकास सेवाहरु जस्तैः औद्योगिक सूचना प्रवाह, सदस्य उद्योग प्रतिष्ठानहरुको क्षमता अभिबृद्धि, उद्योग प्रतिष्ठानबाट उत्पादित वस्तुको वजार पहुच विस्तार, उत्पादकत्व अभिवृद्धिका लागि असल श्रम सम्वन्ध विकासमा निरन्तर सहजीकरणको कार्यहरुलाई प्राथमिकता दिईएको छ। उद्योगहरुलाई असल उत्पादनका अभ्यासहरु, गुणस्तरिय उत्पादन, बौद्धिक सम्पत्ती संरक्षण, इकमर्श, व्यवसायीक सिप विकास तालिम, व्यवसाय व्यवसाय बिच सम्बन्ध, पेशागत सुरक्षा लगायतका बिषयहरुमा अनुशिक्षण, अभिमुखिकरण तथा तालिमका कार्यक्रमहरु सञ्चालन गरिएको छ। स्वदेशी उत्पादनको बजार प्रवर्धन गर्न मेरो देश, मेरै उत्पादन अभियानलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिएको छ । यस अन्तरगत उद्योग भ्रमण कार्यक्रम, बिजनेश क्लिनिक, सीप विकास कार्यक्रम, मेरो देश, मेरै उत्पादन अभियान जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

**रणनीतिक लक्ष्य ३ : नेटवर्किङ तथा सम्वन्ध विस्तार**

औद्योगिक क्षेत्रका साझा मुद्दाहरुलाई सामूहिकरुपमा समाधानको पहल गर्न, समान प्रकृतीका उद्योग वाणिज्य संघहरु तथा संघ संस्थाहरुसँग हातेमालो गरि लगानी तथा औद्योगिक मैत्री वातावरण निर्माणका लागी स्थानीय, प्रदेश तथा संघिय सरकारका सरोकारवाला निकायहरुसँग नियमत भेटघाट, छलफल अन्तरक्रियात्मक कार्यक्रम, भ्रमण लगायतका कृयाकलापहरु कार्यान्वयन भइरहेका छन । उद्योग व्यवसायको क्षेत्रमा कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संघ संस्थाहरुसँगको सहकार्यलाई प्राथमिकता दिइएको छ । यसै क्रममा नेपाल सरकारका विभिन्न निकायहरु, ट्रेड युनियनहरु, विभिन्न राजदुताबास, निजि क्षेत्रका संस्थाहरुसँग भेटघाट तथा छलफल भएका छन ।

**रणनीतिक लक्ष्य ४ : व्यवसायिक सामाजिक उत्तरदायित्व**

औद्योगिक क्षेत्रका बहुआयामिक पक्षहरुका बारेमा एकेडेमिक अध्ययन अनुसन्धान गर्न स्व. महेन्द्र गोल्छा स्मृती औद्योगिक अध्ययन केन्द्र स्थापना गर्ने र पूर्वाञ्चल विश्वविद्यालयको सहकार्यमा अनुसन्धानका लागी शोधार्थीहरुलाई प्रोत्साहन तथा अध्ययन अनुसन्धान गर्ने कार्य प्रारम्भ भएको छ । युवाहरुलाई उद्याशिलतामा आकर्षण गर्न, नवप्रवर्धक, व्यवसायीक सोच विचार तथा आइडियाहरुलाई व्यवसायीकतामा रुपान्तरण गर्न स्टार्ट अप तथा इनोभेशन कार्यक्रम सञ्चालनमा ल्याइएको छ भने व्यवसायीक सामाजिक जिम्मेवारी बहन गर्दै प्राकृतिक बिपत्ती लगायतमा सहयोग गरिदै आएको छ ।

## ५. मूख्य कार्यक्रमहरू

### ५.१ बिजनेश क्लिनिक

निजी क्षेत्रका वास्तविक मुद्दाहरूको ठोस र मूर्त पहिचान हुन सकेको छैन । त्यसैले तिनको समाधान खोज्न नीति निर्माण तहमा चित्त बुझ्दो र प्रभावकारी भूमिका गरिएको छैन । अतएव निजी क्षेत्रको

बहस-पैरवी गर्ने कुरा प्रचारमुखी जस्तो मात्रै भयो कि भन्ने अनुभूति हुन थालेको छ । यिनै अनुभूति र दृष्टान्तबाट माथि उठेर संगठनले क्लिनिकको अवधारणा अघि सारेको हो । यस कार्यक्रम अन्तरगत सदस्य उद्योग प्रतिष्ठानका समस्याहरु संकलन गर्न सदस्य प्रतिष्ठानमा प्रत्यक्ष भ्रमण गर्न उद्योग भ्रमण कार्यक्रम नै सञ्चालन गरिरहेको छ । यसरी संकलित समस्याहरुलाई कार्यान्वयन तहका, नीतिगत तहका, उद्योग विशेष वा साझा समस्या तथा उर्जा, कर, राजश्व, श्रम, भन्सार, निर्यात आयात, बैंक तथा वित्तिय क्षेत्र, स्थानीय सरकार जस्ता विषयहरुमा बर्गिकरण गर्दै सोहि अनुरुपको समाधानका लागी सम्बन्धीत निकायमा पहल र प्रयत्न गर्दै आएको छ । समस्याहरुको समाधानमा सहजिकरणका लागी उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयमा सम्पर्क समन्वय बिन्दु तोकिएको छ । हरेक तिन तिन महिनामा संगठन र मन्त्रालय बिच सहजिकरण बैठक तथा समिक्षा बैठकहरु आयोजना भइरहेका छन । बैशाख, २०७९ सम्म ६२ वटा औद्योगिक प्रतिष्ठानहरुको भ्रमण गरिएको छ । भ्रमणका क्रममा १०० भन्दा बढि समस्या तथा सुझावहरु संकलन गरिएको छ । संकलित समस्या तथा सुझावहरुलाई संगठनले गर्ने सबै नीतिगत फोरमहरुमा प्राथमिकताका साथ उठाउँदै आएको छ ।

### ५.२ सीप विकास कार्यक्रम

औद्योगिक क्षेत्रमा आवश्यक दक्ष जनशक्तीको मागलाई सम्बोधन गर्नसीप विकास इकाई सञ्चालनमा ल्याएको छ । उद्योगलाई चाहिने दक्ष जनशक्ती र बजारमा उपलब्ध जनशक्तीका बिचमा रहेको भिन्नता "मिसम्याच" का कारण उद्योग व्यवसायले भोग्दै आएको दक्ष जनशक्ती अभावको समस्यालाई सम्बोधन गर्न तालिम प्रदायक संस्था र उद्योग बिच समन्वय गरि दक्ष जनशक्तीको उपलब्धतालाई सहजीकरण गर्ने उद्देश्यले संगठनमा छुट्टै इकाईको स्थापना गरिएको हो । संगठनमा स्थापित इकाईले उद्योगलाई आवश्यक पर्ने दक्ष जनशक्ती तालिम प्रदायक संस्थाहरुसँगको सहकार्य सम्बन्धीत उद्योगमा औद्योगिक प्रशिक्षार्थी "अप्रेन्टिसीप मोडेल" मा तालिम सञ्चालनका लागी समन्वकारी भूमिका निर्वाह गर्नेछ । पाइलट कार्यक्रमका रुपमा संगठनले सिटिइभिटीको मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट मेकानिकल र इलेक्ट्रिकल बिषयमा २४ महिने डुयल भेट अप्रेन्टीसीप (Duel Vet Apprenticeship) र १८ महिने कार्यस्थलमा आधारित तालिम (On the Job Training) सञ्चालन गर्ने कार्यक्रम रहेको छ । हेल्भेटास इन्स्योर परियोजनाको प्राविधिक सहयोगमा सञ्चालनमा ल्याइएको यस कार्यक्रमले दक्ष जनशक्ती उत्पादनका मूख्य सरोकारवालाहरु नीजि क्षेत्र, सरकार र तालिम प्रदायक शैक्षिक संस्थाहरु बिच तालिम सहजिकरण, नीतिगत सुधार र रोजगारी श्रृजनाका लागी समन्वय गर्न दिगो नीति फोरमका रुपमा आफ्ना कार्यक्रमहरु सञ्चालन गर्ने छ । हालसम्म ३३ जना औद्योगिक प्रशिक्षार्थीहरु ११ वटा उद्योगहरुमा तालिम लिईरहेका छन ।

### ५.३ मेरो देश, मेरै उत्पादन प्रवर्धन अभियान

स्वदेशी वस्तुहरुको उपभोग अभिवृद्धि गरी देशलाई आत्मनिर्भर वनाउदै सम्मुनत राष्ट्र निर्माणमा सहयोग पुऱ्याउने लक्ष्य लिई उद्योग संगठन मोरङ र मोरङ व्यापार संघले प्रारम्भ गरेको मेरो देश, मेरै उत्पादनको अभियानलाई जनस्तरसम्म पुऱ्याउने उद्देश्यले मेरो देश, मेरै उत्पादन अभियान सञ्चालन गरेको छ । मिति २०७७ चैत्र १३ गते तत्कालिन प्रधानमन्त्री के.पि.शर्मा ओलीबाट "मेरो देश, मेरै उत्पादन" प्रारम्भ गरिएको अभियानलाई ब्यापक रुपमा प्रचार प्रसार गर्न दुवै संस्थाले तयार पारेको निमोनिक लोगो फ्रेम र प्रतिवद्धता पत्र महामहिम राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री लगायत विशिष्ट व्यक्तीत्वहरु, प्रदेश नं. १ का मुख्यमन्त्री तथा विराटनगर महानगरपालिकाका मेयर लगायत स्थानीय पालिका प्रमुखलाई हस्तान्तरण अभियान लाई अघि बढाएको छ । मेरो पहिलो रोजाई स्वदेशी उत्पादन हो, म मेरो दैनिक आवश्यकता स्वदेशी उत्पादनबाटै पुरा गर्दछु, म आफना छिमेकी, साथी-भाई,

ईष्ट-मित्र सबैलाई स्वदेशी उत्पादन प्रयोग गर्न प्रेरित गर्दछु, उच्च स्वाभिमान र गौरवका साथ म मेरो स्वदेशी उत्पादनको प्रवर्द्धनमा सधैं लागिपर्नेछु भन्ने चार वुदे प्रतिवद्धता समेत तयार गरि अभियान सञ्चालन गरिएको छ । अभियानको निमोनिक लोगो उद्योगी व्यवसायीहरुले प्राथमिकताका साथ आफ्ना उत्पादनहरुमा प्रयोग गर्न शुरु गरेका छन ।

### ५.४ स्टार्टअप तथा इनोभेशन कार्यक्रम

नविन व्यवसायिक सोच बिचार तथा अवधारणा भएका यूवाहरुलाई उद्यमशिलतामा रुपान्तरण गर्न आवश्यक प्राविधिक एवं व्यवसायिक विकास सेवाहरु, वित्तिय एवं अन्य लगानीको पहुँचका लागी सहजिकरण तथा समन्वय गरि नयाँ व्यवसायहरुको श्रृजना गर्न उत्प्रेरकको भूमिका निर्वाह गर्ने उद्देश्यले स्टार्टअप एण्ड इनोभेशन कार्यक्रम सञ्चालन गरेको छ। मनमोहन प्राविधिक विश्वविद्यालय, काठमाडौ विश्वविद्यालय, नेपाल कृषि अनुसन्धान परिषद, राष्ट्रिय आविश्कार केन्द्र, अन्तरप्रेरणा प्रा.ली लगायतका संस्थाहरुसँग सहकार्य गरिएको छ भने बैंक तथा बित्तिय संस्थाहरुबाट नबिल बैंक लिमिटेडसँग साझेदारी गरिएको छ। गत श्रावण महिनाबाट शुभारम्भ गरिएको उस कार्यक्रममा हाल १८ जना स्टार्ट अप उद्यमीहरुले मेन्टरसिप लगायतका सेवाहरु प्राप्त गरिरहेका छन ।

### ५.५ स्व. महेन्द्र गोल्छा औद्योगिक अध्ययन केन्द्र

उद्योग संगठन मोरङले उद्योग र विश्वविद्यालय वीचको लिंकेज अभिवृद्धि गरी आर्थिक विकासका विविध आयामहरुमा अध्ययन अनुसन्धानका विभिन्न कार्यक्रमहरु सन्चालन गर्ने उद्देश्यले स्व.महेन्द्र गोल्छा औद्योगिक अध्ययन केन्द्र संचालनमा ल्याएको छ। संगठनका पूर्व अध्यक्ष एवं वरिष्ठ उद्योगपति, समाजसेवी स्वं महेन्द्र गोल्छाको स्मृतीमा स्थापना गरिएको यस औद्योगिक अध्ययन केन्द्रले आर्थिक एवं औद्योगिक क्षेत्रमा प्राज्ञिक अध्ययन अनुसन्धान तथा नीति विश्लेषण गर्न विश्वविद्यालयका युवा अनुसन्धानकर्ताहरुलाई प्रेरित गर्ने छ । पूर्वाञ्चल विश्वविद्यालयसँगको सहकार्य तथा हुलास वायर इण्डष्ट्रिज प्रा.लीको आर्थिक सहयोगमा शुरु गरिएको यो औद्योगिक अध्ययन केन्द्रलाई मुलुककै आर्थिक एवं औद्योगिक क्षेत्रको नमुना सिकाई केन्द्रका रुपमा विकास गरिने लक्ष्य लिइएको छ । औद्योगिक क्षेत्रमा अध्ययन अनुसन्धानको माध्यमबाट आर्थिक एवं औद्योगिक क्षेत्रमा प्राज्ञिक विज्ञहरुको ऐकेडेमिक ज्ञानलाई आर्थिक विकासमा उपयोग गर्ने उद्देश्यका साथै विश्वविद्यालय र उद्योग विचको प्राज्ञिक एवं व्यवसायिक सम्बन्ध स्थापित गरि अध्ययन अनुसन्धान एवं सिकाईको प्रकृयालाई अघि बढाउन केन्द्रले भूमिका निर्वाह गर्ने संगठनको अपेक्षा रहेको छ। यस कार्यक्रमका ३ वटा मूख्य कम्पोनेन्ट रहेका छन : विश्व विद्यालयका शोधार्थीहरुलाई आर्थिक एवं औद्योगिक बिषयहरुमा थेशिस लेखनमा सहयोग गर्ने, नीति अध्ययन तथा विश्लेषण गर्ने र अर्थनीति सम्बाद श्रृङ्खला सञ्चालन गर्ने। यस कार्यक्रम अन्तरत हालसम्म ४ वटा अर्थ सम्बाद श्रृङ्खला सञ्चालन गरिएको र पूर्वाञ्चल विश्वविद्यालयका ४ जना शोधार्थीहरुलाई शोध लेखनका लागी चयन गरिएको छ ।

## ६. यस अवधीमा आयोजित क्रियाकलाप, गतिविधि तथा कार्यक्रमहरूको संक्षिप्त झलक

### नवनिर्वाचित कार्यसमितिको पदस्थापन तथा मेरो देश, मेरै उत्पादन अभियान प्रारम्भ

२०७७ चैत्र १३ गते, ४८औं वार्षिक साधारण सभाबाट निर्वाचित अध्यक्ष सुयश प्याकुरेलको अध्यक्षतामा उद्योग संगठन मोरङको १७ सदस्यीय नवनिर्वाचित कार्यसमितिको पदस्थापन समारोह सम्पन्न भयो । सम्मानननीय प्रधानमन्त्री के.पि. शर्मा ओलीको भर्चुअल उपस्थितीमा भएको कार्यक्रममा नवनिर्वाचत अध्यक्ष प्याकुरेलले यस क्षेत्रका उद्योगहरुले भोग्दै आएका नीतिगत र प्रकृयागत समस्याहरु समाधानका लागि सम्वन्धित निकायमा वहस र पैरवी गर्दै लगानीमैत्री वातावरण तयार गर्ने उदेश्यका साथ २ वर्षे रणनीतिक कार्ययोजना प्रस्तुत गर्नु

भयो । उक्त अवसरमा स्वदेशी वस्तु प्रवर्धनका लागी उद्योग संगठन र मोरङ व्यापार संघको संयुक्त अभियान मेरो देश, मेरै उत्पादन अभियानको शुभारम्भ गरिएको थियो ।

**कटहरी करिडोरका विद्युत समस्या समाधानमा पहल**

२०७७ चैत्र २४ गते, विद्युतको अनियमित आपूर्तिका कारण कटहरी करिडोरका उद्योगको उत्पादन तथा वस्तुको गुणस्तरमा आएको ह्रास र कच्चा पदार्थ खेर गएको अवस्थालाई मध्यनजर गरी निरन्तर र गुणस्तरीय विद्युत आपूर्तिमा ध्यानाकर्षण गराउने उद्देश्यका साथ नेपाल विद्युत प्राधिकरणका प्रतिनिधिहरुका साथ छलफल सम्पन्न गरेको थियो ।

**रणनीतिक योजना कार्यान्वयका लागी बिशिष्ठ सल्लाहकारहरुसँग छलफल**

२०७७ चैत्र, २७ गते, उद्योग संगठन मोरङले आर्थिक एवं औद्योगिक क्षेत्रको विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहयोग पुऱ्याउने लक्ष्यका साथ अघि सारेको रणनीतिक कार्यक्रमका सम्बन्धमा विशिष्ठ सल्लाहकारहरुका साथै विभिन्न सरोकारवाला पक्षहरुसँग काठमाण्डौंमा छलफल गरिएको थियो । कार्यक्रममा संगठनका बिशिष्ठ सल्लाहकारहरु रामेश्वर खनाल, पुरुषोत्तम ओझा र श्याम दाहालले संगठनले अघि सारेको भावी रणनीतिबाट मूलुकको समग्र आर्थिक विकासमा टेवा पुग्ने भन्दै कार्यक्रमको नीतिगत अध्ययन विश्लेषण तथा ठोस नीतिगत सुझावको तयारीका लागि आफनो तर्फबाट सकृय भूमिका र योगदान रहने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

**उद्यमशिलता विकास तथा उत्पादकत्व अभिबृद्धि सम्वन्धी अन्तरक्रिया**

२०७८ वैशाख ०५ गते,उद्यमशिलता विकास तथा उत्पादकत्व अभिबृद्धिका लागी नविन इनोभेसन तथा स्टार्टअपको भूमिका, नवप्रवर्द्धनात्मक सोचहरुलाई व्यवसायीक उद्यमशिलतामा रुपान्तरण गर्ने उदेश्यले उद्योग संगठन मोरङले नेपाल आबिष्कार केन्द्रका अध्यक्ष महाबीर पुनका साथ आज अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।

**असल श्रम सम्बन्ध विकासमा उद्योग संगठन मोरङको पहल**

२०७८ वैशाख ०६ गते,उद्योग/व्यवसाय क्षेत्रमा कार्यरत श्रमिक र संचालक/व्यवस्थापक वीच सुमधुर श्रम सम्बन्ध विकास गर्दै उत्पादकत्व अभिवृद्धिमा सहयोग पुऱ्याई यस श्रेत्रलाई देशकै उदाहरणीय श्रममैत्री औद्योगिक कोरीडोरका रुपमा विकास गर्ने, उद्योग प्रतिष्ठानका श्रम समस्या समाधानका लागि ट्रेड युनियन र संचालक वीच छलफललाई निरन्तरता दिई आपसी सहमतिका आधारमा समाधान गर्ने उद्देश्यले यस क्षेत्रमा क्रियाशिल ट्रेड युनियनहरुको प्रदेश तथा जिल्ला समितिहरुका साथ छलफल सम्पन्न भएको छ ।

**सामाजिक सुरक्षा कोष एकाई सञ्चालन**

२०७८ बैशाख १६ गते, उद्योग संगठन मोरङले सामाजिक सुरक्षा कोषको कार्यालय, काठमाण्डौंसँगको समन्वयमा उपत्यका वाहिर प्रथम पटक सामाजिक सुरक्षा कोषको एकाई २०७८ वैशाख देखि सञ्चलनमा ल्याएको छ । दावी भुक्तानीका लागि आवश्यक कागजात र प्रकृयाको जानकारी, औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा असक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजनाको दाबीका लागि आवश्यक कागजातको प्रारम्भिक रुजु, वृद्ध अवस्था सुरक्षा योजना दावीका लागि प्रकृयामा सहजीकरण गर्नुका साथै रोजगारदाता र श्रमिक वीच समन्वय, सुरक्षा योजनाहरुको रहेको अन्यौलता हटाई सामाजिक सुरक्षा कोषमा यस क्षेत्रमा श्रमिकहरुको पहुच स्थापित गर्न एकाईले सहयोग पुऱ्याउदै आईरहेको छ ।

## कोभिड १९ संक्रमितहरुका लागि टेलिमेडिसिन सेवा सञ्चालन

२०७८ बैशाख ३० गते, उद्योग संगठन मोरङ र मोरङ व्यापार संघले क्यूरा हेल्थसँगको सहकार्यमा कोभिड १९ को दोश्रो लहरबाट संक्रमितभई घरमा नै एकान्तवासमा (Home Isolation) रहनुभएका बिरामीहरुलाई बिशेषज्ञ चिकित्सकद्धारा स्वास्थ्य सम्बन्धी आवश्यक परामर्श उपलब्ध गराउने लक्ष्यका साथ निशुल्क टेलिमेडिसिन सेवा सञ्चालनमा गरिएको थियो । २ महिनासम्म सञ्चालन गरिएको यो सेवाबाट ५०० भन्दा बढि संक्रमितहरुले परामर्श सेवा प्राप्त गरेका थिए ।

## आर्थिक वर्ष २०७८/७९को मौद्रिक नीति सम्बन्धी अन्तरक्रिया

२०७८ जेष्ठ ३० गते गर्भनर महाप्रसाद अधिकारीको उपस्थितीमा भएको भर्चुअल अन्तरक्रिया कार्यक्रम संगठनले नेपाल राष्ट्र वैंकले आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिमा सम्वोधन गर्नुपर्ने ११ वुँदे सुझावहरु प्रस्तुत गरेको थियो ।

## निर्यात व्यापार प्रवर्द्धनमा संगठनको सहजिकरण

२०७८ असार ३० गते, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री दिनेश भट्टराईको आतिथ्यमा भर्चुअल माध्यमबाट आयोजना गरेको निर्यात प्रवर्द्धन सम्भावना र चूनौतिहरु विषयक अन्तरक्रिया कार्यक्रममा निर्यातमुलक उद्योगहरुले भोग्दै आएका नीतिगत, प्रकृयागत समस्याहरु र समाधान गरी निर्यात व्यापारलाई वढावा दिदै देशको वैदेशिक व्यापार घाटा सन्तुलनमा ल्याउन संगठनका तर्फबाट अनुरोध गरिएको थियो ।

## स्टार्टअप तथा इनोभेशन कार्यक्रमको शुभारम्भ

२०७८ असार ३१ गते, व्यवसायिक सामाजिक जिम्मेवारी अन्तरगत नयाँ सोच जाँगर र इच्छाशक्ती भएका कर्मशिल यूवाहरुको व्यवसायीक सोचलाई उद्यमशिलतामा रुपान्तरण गर्न सघाउ पुर्याउन संगठनले नविन व्यवसायिक सोच बिचार तथा अवधारणा भएका यूवाहरुलाई उद्यमशिलतामा रुपान्तरण गर्न आवश्यक प्राविधिक एवं व्यवसायिक विकास सेवाहरु, वित्तिय एवं अन्य लगानीको पहुँचका लागी सहजिकरण तथा समन्वय गरि नयाँ व्यवसायहरुको श्रृजना गर्न उत्प्रेरकको भूमिका निर्वाह गर्ने उद्देश्यले सञ्चालन गर्न लागेको स्टार्टअप एण्ड इनोभेशन कार्यक्रमको पत्रकार सम्मेलनको आयोजना गरि शुभारम्भ गरिएको थियो ।

## औद्योगिक विकासमा सहकार्यका लागि प्रदेश सरकारलाई आग्रह

२०७८ श्रावण १२ गते, देशको आर्थिक एवं औद्योगिक विकासमा टेवा पुर्‍याउदै आर्थिक तथा औद्योगिक क्षेत्रलाई चलायमान वनाउन संगठनले संचालनमा ल्याउने स्टार्टअप एण्ड इनोभेशन कार्यक्रम, सीप विकास कार्यक्रम, मेरो देश, मेरै उत्पादन जस्ता कार्यक्रमहरुमा सहकार्यका लागि प्रदेश सरकारको सामाजिक विकास मन्त्री, उद्योग, पर्यटन वन तथा वातावरण राज्यमन्त्री र प्रदेश योजना आयोगका उपाध्यक्षका साथ अन्तरक्रिया सम्पन्न गरेको थियो । कार्यक्रममा प्रदेश नं. १ का सामाजिक विकास मन्त्री उषाकला राई, उद्योग, पर्यटन वन तथा वातावरण राज्यमन्त्री राजकुमार ओझा र प्रदेश योजना आयोगका उपाध्यक्ष सुवोधराज प्याकुरेलको सहभागिता रहेको थियो ।

## सिप विकास इकाई स्थापना

२०७८ श्रावण १० गते, औद्योगिक क्षेत्रमा आवश्यक दक्ष जनशक्तीको मागलाई सम्बोधन गर्न उद्योग संगठन मोरङले इन्स्योर परियोजनासँगको सहकार्यमा सीप विकास इकाई सञ्चालनमा ल्याएको छ । उद्योगलाई चाहिने दक्ष जनशक्ती र बजारमा उपलब्ध जनशक्तीका बिचमा रहेको भिन्नता “मिसम्याच” का कारण उद्योग व्यवसायले भोग्दै आएको दक्ष जनशक्ती अभावको समस्यालाई सम्बोधन गर्न तालिम प्रदायक संस्था र उद्योग बिच समन्वय गरि दक्ष जनशक्तीको उपलब्धतालाई सहजीकरण गर्ने उद्देश्यले संगठनमा छुट्टै इकाईको स्थापना गरिएको छ ।

संगठनमा स्थापित इकाईले उद्योगलाई आवश्यक पर्ने दक्ष जनशक्ती तालिम प्रदायक संस्थाहरुसँगको सहकार्य सम्बन्धीत उद्योगमा औद्योगिक प्रशिक्षार्थी "अप्रेन्टिसीप मोडेल" मा तालिम सञ्चालनका लागी समन्वकारी भूमिका निर्वाह गर्नेछ । पाइलट कार्यक्रमका रुपमा संगठनले सिटिइभिटीको मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट मेकानिकल र इलेक्ट्रिकल बिषयमा २४ महिने डुयल भेट अप्रेन्टीसीप (Duel Vet Apprenticeship) र १८ महिने कार्यस्थलमा आधारित तालिम (On the Job Training) सञ्चालन गर्ने कार्यक्रम रहेको छ ।

### मेरो देश, मेरै उत्पादनको दोश्रो चरणको अभियान प्रारम्भ

२०७८ श्रँवण १३ गते, स्वदेशी वस्तुहरुको उपभोग अभिवृद्धि गरी देशलाई आत्मनिर्भर वनाउदै सम्मुनत राष्ट्र निर्माणमा सहयोग पुऱ्याउने लक्ष्य लिई उद्योग संगठन मोरङ र मोरङ व्यापार संघले प्रारम्भ गरेको मेरो देश, मेरै उत्पादनको अभियानलाई जनस्तरसम्म पुऱ्याउन दुवै संस्थाले तयार पारेको निमोनिक लोगो फ्रेम र प्रतिवद्धता पत्र प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राई, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री रामवहादुर मगर, सामाजिक विकास मन्त्री उषाकला राई र भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री कला घलेलाई हस्तान्तरण गरी दोश्रो चरणको अभियानको आरम्भ गरिएको थियो ।

### महिला उद्यमशिलता कर्जा सम्बन्धी अन्तरक्रिया

२०७८ श्रावण १३ गते, उद्यमशिलता विकासका लागि महिला उद्यमीहरुका लागि प्रवाह हुने कर्जा सुविधा, कर्जा प्राप्तीका सहजिकरण, कर्जा प्राप्तीमा सहयोग पुऱ्याउने उद्देश्यका साथ महिला उद्यमशिलता कर्जा सम्वन्धी अर्न्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

### आर्थिक विकास र आर्थिक पत्रकारिता अनुशिक्षण कार्यक्रम

२०७८ श्रावण १७ गते, मुलुकको आर्थिक एवं औद्योगिक विकासका लागि संचारकर्मी र संचार माध्यमले पुऱ्याउदै आएको योगदानलाई मध्यनजर गरी आर्थिक क्षेत्रमा आवद्ध संचारकर्मीहरुका लागि आर्थिक पत्रकार समाज नेपाल (सेजन) को संयूक्त आयोजनामा आर्थिक विकास र आर्थिक पत्रकारिता विषयक एकदिने अनुशिक्षण कार्यक्रम आयोजना गरिएको थियो ।

### स्व. महेन्द्र गोल्छा औद्योगिक अध्ययन केन्द्र सञ्चालनमा पूर्वाञ्चल विश्वविद्यालयसँग सहकार्य

२०७८ श्रावण २१ गते, विश्वविद्यालय वीचको लिंकेज अभिवृद्धि गरी आर्थिक विकासका विविध आयामहरुमा अध्ययन अनुसन्धानका विभिन्न कार्यक्रमहरु सन्चालन गर्ने उद्देश्यले स्व.महेन्द्र गोल्छा औद्योगिक अध्ययन केन्द्र सञ्चालनमा ल्याएको छ । पूर्वाञ्चल विश्वविद्यालयसँगको सहकार्यमा औद्योगिक अध्ययन केन्द्रलाई मुलुककै आर्थिक एवं औद्योगिक क्षेत्रको नमुना सिकाई केन्द्रका रुपमा विकास गरिने लक्ष्यका साथ उद्योग संगठन मोरङले उद्योग र पूर्वाञ्चल विश्वविद्यालय वीच समझदारी पत्रमा हस्ताक्षर गरिएको थियो । उद्योग संगठन मोरङका तर्फबाट अध्यक्ष श्री सुयश प्याकुरेल र पूर्वाञ्चल विश्वविद्यालयका तर्फबाट उपकुलपती डा. यादवराज कोइरालाले समझदारी पत्रमा हस्ताक्षर गर्नु भएको थियो । संगठनका पूर्व अध्यक्ष एवं वरिष्ठ उद्योगपति, समाजसेवी स्वं महेन्द्र गोल्छाको स्मृतीमा स्थापना गरिएको यस औद्योगिक अध्ययन केन्द्रले आर्थिक एवं औद्योगिक क्षेत्रमा प्राज्ञिक अध्ययन अनुसन्धान तथा नीति विश्लेषण गर्न विश्वविद्यालयका युवा अनुसन्धानकर्ताहरुलाई प्रेरित गर्ने विश्वास गरिएको छ ।

### महिला उद्यमशिलता प्रवर्द्धनमा पहल

२०७८ श्रावण २५ गते,महिला उद्यमीहरुको क्षमता अभिवृद्धि, विकास एवं विस्तारका साथै महिला उद्यमीहरुलाई आर्थिक विकासको मूल प्रवाहमा सहभागिता गराई उद्यमशिलता प्रवर्द्धनमा सहयोग पुऱ्याउने अभिप्रायले महिला उद्यमशिलता प्रवर्द्धन सम्वन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

**Restrategizing Your Business during the Crisis कार्यक्रम आयोजना**

२०७८ भाद्र ०३ गते, कोभिड १९ कोमहामारीका कारण उद्योग/व्यवसाय लगायतका क्षेत्रहरुले भोग्नु परेको व्यवसायीक समस्यालाई दृष्टिगत गरी विभिन्न उद्योग/प्रतिष्ठानका संचालक र उच्च व्यवस्थापकहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने उद्देश्यले उद्योग संगठन मोरङले संकटको समयमा व्यापारको पुन:रणनीतिकरण विषयक उत्प्रेरणामूलक कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा साउथ एशिया सोसाईटी अफ एन्टरप्रेनर्श एडुकेटर्सका अध्यक्ष आशुतोष तिवारीले उद्योगीहरुले सकारात्मक सोचका साथै नयाँ दृष्टिकोणबाट प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नुपर्ने उपायहरुका सम्वन्धमा प्रस्तुती गरेका थिए । कार्यक्रममा १०० भन्दा बढि उद्योगी व्यवसायीहरुको सहभागिता रहेको थियो ।

**स्टाटअप एण्ड इनोभेशन कार्यक्रम अन्तर्गत मेन्टर्स मिट आयोजना**

२०७९ भाद्र २९ र ३० गते, उद्योग संगठन मोरङ सामाजिक उत्तरदायित्व वहन गर्दै प्रारम्भ गरेको स्टाटअप एण्ड ईनोभेशन कार्यक्रम अन्तर्गत स्टाटअपहरुलाई व्यवसायीक योजना तर्जुमा, व्यवसाय दर्ता, कानुनी, प्रशासनीक, प्राविधिक, गुणस्तर मापदण्ड, बजारीकरण, मावनश्रोत व्यवस्थापन, वित्तिय व्यवस्थापन, बजारीकरण, लगायतका बिषयहरुमा मेन्टरसिप सेवा प्रदान गर्न छनौट हुनुभएका २० जना मेन्टरर्सहरुका लागि दुई दिने मेन्टरर्स मिटको आयोजना गरिएको थियो । मेन्टरर्स मिट कार्यक्रमको अन्तरप्रेरणा प्रा.ली नेपालका प्रमुख कार्यकारी अधिकृत निरज खनाल सहसजिकरण गरेका थिए ।

**नेपाल व्यापार एकिकरण रणनीति २०१६ सम्वन्धी अन्तरक्रिया**

२०७८ असोज ०८ गते, अन्तर्राष्ट्रिय बजारमा स्वदेशी वस्तुको बजार प्रर्वद्धन निर्यात अभिवृद्धिको माध्यमवाट वढ्दो व्यापार घाटा न्यूनिकरण गर्न नेपाल सरकारले ल्याएको नेपाल व्यापार एकिकरण रणनीति २०१६ को आगामी संशोधनमा समावेश गर्नुपर्ने विषयवस्तुका सम्वन्धमा उद्योग संगठन मोरङको आयोजनामा २०७८ असोज ०७ गते, अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा पूर्व अर्थ सचिव एवं संगठनका विशिष्ठ सल्लाहकार रामेश्वर खनालले नेपाल व्यापार एकिकरण रणनिति २०१६ सम्वन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

**मेरो देश, मेरै उत्पादन अभियान अन्तरगत सम्माननीय राष्ट्रपति एवं सम्माननीय प्रधानमन्त्री समक्ष भेट**

२०७८ असोज १३ गते, स्वदेशी वस्तुहरुको उपभोग अभिवृद्धि गरी देशलाई आत्मनिर्भर वनाउदै सम्मुनत राष्ट्र निर्माणमा सहयोग पुऱ्याउने लक्ष्य लिई मोरङ व्यापार संघ र उद्योग संगठन मोरङले प्रारम्भ गरेको मेरो देश, मेरै उत्पादनको अभियानलाई अन्तर्गत दुवै संस्थाले तयार पारेको निमोनिक लोगो फ्रेम र प्रतिवद्धता पत्र राष्ट्रपतिको कार्यालय शितल निवासमा सम्माननीय राष्ट्रपति विद्या भण्डारीलाई हस्तान्तरण गरेको थियो । त्यसैगरि, १४ असोजमा सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवालाई प्रधानमन्त्री निवासमा भेट गरि स्वदेशी उत्पादनको प्रवर्धन अभियान सफल बनाउन अनुरोध गर्दै निमोनिक हस्तान्तरण गरिएको थियो ।

**स्टार्टअप व्यवसायीहरुका लागि वुट क्याम्पको आयोजना**

२०७८ असोज १३ गते, स्टार्टअप एण्ड ईनोभेशन कार्यक्रम अन्तर्गत छनौट भएका चौविस स्टार्टअप उद्यमीहरुको सञ्जालीकरण र सेवा प्रक्रियालाई सक्रिय बनाउन चार दिने वुट क्याम्प कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रमको सहजीकरण साझेदार संस्था अन्तरप्रेरणाका प्रमुख कार्यकारी अधिकृत तथा चार दिने वुट क्याम्पका श्रोत व्यक्ति निरज खनाल र विज्ञ स्वेच्छा अधिकारीले गरेका थिए । तालिम अवधिमा सहभागिहरुको व्यापारलाई व्यवसायीक मोडलका रुपमा विकास गर्न वजार व्यवस्थापन, कर प्रशासन, वित्तीय श्रोत व्यवस्थाप र परिचालन, मानव संसाधन तथा जिन्सी व्यवस्थापन लगायतका विषयहरुमा सैद्धान्तिक ज्ञान प्रदान गरि विजनेश मोडल क्यान्भास तयार गरिएको थियो ।

**स्विस राजदुतका साथ आपसी सहकार्यका सम्वन्धमा छलफल**

२०७८ असोज १८ गते, नेपालका लागी स्विस राजदुत एलिजाबेथ क्यापेलरले उद्योग संगठन मोरङसँग औद्योगिक दक्षजनशक्ती उत्पादनमा सहकार्यको सम्भावना, स्विटजरलैण्ड र नेपाल बिच हुनसक्ने व्यवसायीक तथा ब्यापारीक सम्बन्ध, लगानीको सम्भावना, प्रविधि हस्तान्तरणका साथै संगठनले सञ्चालन गरिरहेको सिप विकास कार्यक्रम लगायतका बिषयमा छलफल भएको थियो ।

**औद्योगिक-शैक्षिक सम्वाद श्रृङ्खला १ कार्यक्रमको आयोजना**

२०७८ असोज २० गते, औद्योगिक तथा शैक्षिक क्षेत्र वीचको अन्तरसम्वाद अभिवृद्धि गरी अध्ययन अनुसन्धानका माध्यमबाट आर्थिक एवं औद्योगिक विकासमा थप योगदान पुऱ्याउने अभिप्रायका साथ उद्योग संगठन मोरङ अन्तर्गतको स्व.महेन्द्र गोल्छा औद्योगिक अध्ययन केन्द्रको आयोजनामा इकोनोमिक ग्रोथ - आउटवर्ड भर्सेस इनवार्ड ओरिएन्टेशन विषयक कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रमका उद्योगी नविन पोद्दारले अन्ठावन्न मुलुकको आर्थिक तथ्यांकलाई विश्लेषण गरि तयार पारेको अनुसन्धान रिर्पोट आउटवर्ड भर्सेस-इनवार्ड ओरिएन्टेशन विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने प्रदेश नं. १ का प्रमुख सचिव रामप्रसाद घिमिरे र प्राज्ञ अर्थविद प्रा.डा. पि.के झाले कार्यपत्र माथि टिप्पणी गर्नु भएको थियो । उक्त प्राविधिक शत्रको सभापतित्व केन्द्रका संयोजक प्रा.डा. बिजु थपलियाले गर्नु भएको थियो । उक्त कार्यक्रममा विश्वविद्यालयका प्राज्ञ, विद्यार्थी एवं उद्योगीहरुको सहभागिता रहेको थियो ।

**औद्योगिक क्षेत्रमा बाढी पछिको प्रभाव मूल्याङ्कन प्रतिवेदन सार्वजनिक**

२०७८ कार्तिक१४ गते, मौसममा आएको अप्रत्यासित बदलावका कारण गएको कार्तिक १ देखि ३ गतेसम्म परेको अविरल बर्षाका कारण आएको बाढिबाट सुनसरी-मोरङ, विराटनगर-कटहरी औद्योगिक करिडोरका उत्पादनमूलक उद्योग प्रतिष्ठानहरुमा परेको प्रभाव र क्षतिका सम्वन्धमा उद्योग संगठन मोरङले विवरण संकलन गरि बाढि पछिको प्रभाव मूल्याङ्कन प्रतिवेदन २०७८ तयार गरि सार्वजनिक गरेको छ ।

सरोकारवाला निकायहरुको सहभागितामा भएको कार्यक्रममा संगठनका अध्यक्ष सुयश प्याकुरेलले विकास निर्माणका कार्यगर्दा स्थानीय स्तरमा विषेश गरि उद्योग व्यवसायमा पर्ने प्रभावलाई केन्द्रमा राखी गर्नुपर्ने धारणा राख्दै प्राकृतिक प्रकोपबाट उद्योगमा हुने क्षतिको न्युनिकरणका लागी सरोकारवाला निकायको ध्यानाकृष्ट गर्ने उद्देश्यका साथ वाढी पछिको प्रभाव मूल्यांकन गरिएको वताए । मोरङका प्रमुख जिल्ला अधिकारी कोषराज दाहालले पूर्वाधार निर्माणको क्रममा अध्ययन, विश्लेशणका साथै सम्वन्धित पक्षका साथ गहन छलफल गरी निर्माण कार्यलाई व्यवस्थित गर्नुपर्ने वताउदै आफनो क्षेत्रमा भईरहेको निर्माणका सम्वन्धमा नागरिकले पनि सम्वन्धित पक्षलाई खवरदारी गनुपर्ने धारणा व्यक्त गरे । सुनसरी-मोरङ, विराटनगर-कटहरी औद्योगिक करिडोरका उद्योगीहरुले अप्रत्याशित रुपमा आएको वाढीले उद्योग/व्यवसायलाई पारेको क्षतिलाई राज्यले गम्भीर रुपमा लिई आगामी दिनमा सम्वन्धित सबै सरोकारवाला निकायहरुले पूर्वाधार निर्माणको क्रममा स्थानीय स्तरमा छलफल गरी योजना वनाउनु पर्ने विचार राखे । प्रतिबेदनको विष्तृत विवरण अनुसुचि २ मा राखिएको छ ।

**शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना**

२०७८ कार्तिक १५ गते नेपालीहरुको महान चाँड पर्वहरु क्रमशः विजयादशमी, दिपावली, छठ, नेपाल सम्वत लगायतका पर्वहरुमा शुभकामना आदान प्रदान गर्न उद्योग संगठन मोरङले हरेक बर्ष आयोजना गर्दै आएको शुभकामना आदान प्रदान कार्यक्रम यस बर्ष १५ कार्तिक २०७८ मा आयोजना गरिएको छ । कार्यक्रममा उद्योगी

व्यवसायी, सरकारी तथा गैह्सरकारी, नीजि संघ संस्था, पत्रकार, ट्रेड युनियन, प्राज्ञिक क्षेत्र, राजनैतिक दलका स्थानीय नेताहरु लगायत संगठनका शुभचिन्तकहरुको उल्लेख्य उपस्थीति रहेको थियो ।

**स्व.महेन्द्र गोल्छा स्मृति दिवश कार्यक्रम**

२०७८ मंसिर ०२ गते, संगठनका पूर्व अध्यक्ष स्व. महेन्द्र गोल्छाको स्मृति दिवशका अवसरमा संगठन सचिवालयमा एक स्मृति कार्यक्रमको आयोजना गरिएको । संगठनले हरेक बर्ष मनाउदै आएको स्मृति दिवशका अवसरमा संगठन सचिवालयमा रहेको स्व. गोल्छाको अर्धकदको शालिकमा माल्र्यापण, पुष्प गुच्छा अर्पण र एक मिनेट मौन धारण गरि श्रद्धाञ्जली अर्पण गरिएको थियो । यस बर्ष महिला उद्यम समिति तथा सामाजिक विकास समितिको तत्वावधानमा संस्थागत सामाजिक उत्तर दायित्व वहन गर्दै उद्योगका कार्यरत महिलाहरुको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी संगठनले सबै उद्योगहरुमा भेन्डिङ मेशिन राख्ने अभियान शुरु गरिएको छ। उक्त कार्यक्रम अन्तर्गत मोरङको टंकिसीनुवारी स्थित दुगड फुड एण्ड स्पाइसेस प्रा. लि. मा एक थान भेन्डिङ मेशिन उपलब्ध गराइ कार्यक्रमको शुभारम्भ गरिएको थियो ।

**नेपालमा मौद्रिक नीतिको अभ्यास र समकालिन समकालिन आर्थिक विकासमा अन्तरक्रिया**

२०७८ मंसिर ०२ गते, वित्तीय स्थायीत्वमा आईपर्ने चूनौतिको सम्भावना, मौद्रिक नीति कार्यान्वयन, वैंक तथा वित्तिय क्षेत्रको निरीक्षण र सुपरिवेक्षणका साथै समकालिन आर्थिक विकास मध्यनजर गरी संगठनका पूर्व अध्यक्ष स्व. महेन्द्र गोल्छाको १२ औं स्मृतिमा नेपालमा मौद्रिक नीतिको अभ्यास र समकालिन आर्थिक विकास विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा प्रमुख वक्ता नेपाल राष्ट्र वैंकका पूर्व कार्यकारी निर्देशक नरवहादुर थापाले कर्जा, पूंजी र निक्षेपको अनुपातलाई ध्यानमा राखी लगानी गर्नुपर्ने सुझाव दिदै वित्तिय क्षेत्रमा असहज अवस्था सिर्जना हुँदा नेपाल राष्ट्र वैंकले रिपो जारी गर्दै आएको वताए । उनले वित्तिय जोखिम व्यवस्थापनका लागि कर्जा निक्षेप अनुपात, कर्जा धितो मूल्य अनुपात, कर्जा सिमा र तरलता अनुपातमा केन्द्रिय वैंकले निर्देशन जारी गर्ने गरेको वताउदै वैंक तथा वित्तिय क्षेत्रको सुक्ष्म विश्लेषण गरी आफ्नो क्षेत्रबाट नीजि क्षेत्रले खवरदारी गर्न सुझाव दिए । कार्यक्रममा टिप्पणी गर्दै अर्थशास्त्री डा.अर्जुन वरालले मौद्रिक नीति राज्यको आर्थिक नीति निर्धारणका लागि महत्वपूर्ण पाटो भएकाले कर्जा व्यवस्थापन र व्याजदर निर्धारणमा मौद्रिक नीतिको सान्दर्भिकता वढी रहने वताए। उनले मौद्रिक नीतिको तर्जुमा गर्दा कार्यन्वयनको गहनतालाई र त्यसको परिणामलाई प्रभावकारितामा विशेष ध्यान पुर्‍याउनु पर्नेमा जोड दिए ।

**मानव संशाधन तथा असल औद्योगिक सम्वन्ध विकास**

२०७८ पौष ०१, उद्योग व्यवसाय क्षेत्रको उत्पादकत्व अभिवृद्धिका साथै सुमधुर र असल औद्योगिक सम्वन्ध विकासलाई दृष्टिगत गरी सुनसरी - मोरङ औद्योगिक करिडोरका उद्योगहरुको उच्च व्यवस्थापकहरुका लागि मानव संशाधन तथा असल औद्योगिक सम्वन्ध विकासका सन्दर्भमा कार्यक्रम आयोजाना गरिएको थियो ।

**उद्योग संगठन मोरङ र श्रलंकाली राजदुत बिच भेटघाट**

२०७८ पौष ०५ गते,श्रीलंका र नेपाल बिचको व्यवसायीक तथा व्यापारिक सम्बन्ध विस्तार, उद्योग व्यवसायको प्रवर्धन र विकासका लागी आपसी अनुभव साटासाट, सिप, ज्ञान, प्रविधि, पर्यटन, व्यापार तथा लगानीका क्षेत्रमा हुनसक्ने सहकार्य एवं साझेदारीको सम्भावनाका सम्बन्धमा नेपालका लागी श्रीलंकाका राजदुत हिमाली अरुणतिलका साथ संगठनको कार्यसमितिको छलफल भएको थियो ।

**तरलता व्यवस्थापनका लागी नेपाल राष्ट्र बैंकको ध्यानाकर्षण**

२०७८ पौष ०६ गते, वित्तिय क्षेत्रमा तरलता अभावका कारण उद्योग व्यवसाय सञ्चालनमा उत्पन्न भएको कठिनाई, वित्तिय क्षेत्रमा देखापरेको तरलताको अभाव, औद्योगिक कच्चा पदार्थ आयातका लागि प्रतित पत्र (LC) खोल्न भएको कठिनाई तर्फ राष्ट्र बैंकको ध्यानाकर्षण गराउने उद्देश्यले संगठनको प्रतिनिधिमण्डलले गभर्नर महाप्रसाद अधिकारीलाई भेटी यथाशक्य समाधान गरि उद्योग व्यवसाय सञ्चालनमा सहजिकरणका लागी अनुरोध गरेको थियो ।

**संगठनको बिजनेश क्लिनिक सम्बन्धी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा छलफल**

२०७८ पौष ०७ गते, उद्योग संगठन मोरङले उद्योग व्यवसायका समस्याहरुको समाधान गर्ने सेवाको रुपमा सिआइएम बिजनेश क्लिनिक कार्यान्वयनमा आएको छ। काठमाडौमा संगठनको प्रतिनिधिमण्डलले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव अर्जुन प्रसाद पोखरेल र मन्त्रालयको टिम समक्ष बिजनेश क्लिनिकमा हालसम्म संकलन गरिएका सदस्य उद्योग प्रतिष्ठानहरुका १०४ वटा विभिन्न क्षेत्र तथा बिषयसँग सम्बन्धीत समस्याहरु प्रस्तुत गरेसगै क्लिनिक कार्यान्वयनमा आएको हो । क्लिनिकमा संकलित सदस्य उद्योग प्रतिष्ठानहरु समस्या समाधानको सहजिकरणका लागी उद्योग मन्त्रालयमा सम्पर्क समन्वय बिन्दु तोक्नुका साथै हरेक तिन तिन महिनामा संगठन र मन्त्रालय बिच सहजिकरण बैठक तथा समिक्षा बैठक गर्ने समझदारी भएको छ ।

**स्टार्टअप तथा इनोभेशन कार्यक्रम अन्तरगत बिजनेश हेल्थ चेक अप र हाटबजार कार्यक्रमको आयोजना**

२०७८ पौष १२-१५ गते, संगठनले सञ्चालन गरेको स्टार्टअप तथा इनोभेशन कार्यक्रम अन्तरगत पौष १२ देखि १४ सम्म विजनेश हेल्थचेक अप र १५ पौषमा हाटबजार कार्यक्रमको आयोजना गरिएको छ । कार्यक्रममा छनौट भएका २० जना नवउद्यमीहरुको व्यवसायको हेल्थचेक अप गरिएको थियो । अन्तरप्रेरणा प्रा.लि.का प्रमुख कार्यकारी अधिकृत नीरज खनाल र उद्यमशिलता विज्ञ स्वेच्छा अधिकारीले नवउद्यमीहरुका उद्यमका १० विविध आयामहरुमा २०० भन्दा बढि प्रश्नावलीहरुका आधारमा विजनेश हेल्थचेक अफ गरि रिपोर्ट उपलब्ध गराएका थिए । त्यसैगरि, छनौट भएका नवउद्यमीहरुका उत्पादनहरु बजारमा परिक्षण गर्न, ग्राहकसँग अन्तरसम्बाद गर्ने उद्देश्यले एक दिने मेला स्टार्टअप उद्यमी हाटबजारको आयोजना गरिएको थियो । संगठन सचिवालयमा आयोजित हाटबजारमा ५०० भन्दा बढि अवलोकनकर्ताहरुले अवलोकन गरेका थिए ।

**मास्क लगाऔं, कोरोना भगाऔं एक हप्ते अभियान सञ्चालन**

२०७८ माघ ०५ गते, कोभिड १९ को संक्रमण दरलाई मध्यनजर गरी संगठनले संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्दै विराटनगरको विभिन्न भिड हुने स्थानहरुमा  माक्स लगाऔं, कोरोना भगाऔं अभियान संचालन गरेको थियो । निशुल्क माक्स वितरण अभियानलाई सात दिनसम्म निरन्तरता दिइएको थियो ।

**विद्युतीय भुक्तानी (ईपेमेन्ट) सम्वन्धी कार्यक्रमको आयोजना**

२०७८ माघ १८ गते, भन्सार विभागले प्रारम्भ गरेको विद्युतीय भुक्तानी (ईपेमेन्ट) का सम्वन्धमा उद्योगी व्यवसायीहरुलाई जानकारी गराउने उद्देश्यले विराटनगर भन्सार कार्यालयको सहकार्यमा अभिमुखिकरण कार्यक्रम आयोजना गरिएको थियो ।

नेपाल सरकार अर्थ मन्त्रालय, भन्सार विभागले आयात निर्यात तथा व्यापार सहजीकरण गर्ने उद्देश्यले  प्रारम्भ गरेको विद्युतीय माध्यमबाट भन्सार महशुल भुक्तानीको प्रकृयाका सम्वन्धमा उद्योग व्यवसायमा कार्यरत जनशक्तिको

क्षमता अभिवृद्धि गर्न आयोजित कार्यक्रममा विराटनगर भन्सार कार्यालयका माधव अधिकारी र दिपक कार्कीले विद्युतीय माध्यमबाट भुक्तानी गर्दा सेवाग्राहीले अपनाउनु पर्ने प्रकृया, भुक्तानीको माध्यम, उद्योगी/व्यवसायीले अपनाउनु पर्ने सावधानी लगायतका विषयमा सहभागिहरुलाई जानकारी गराएका थिए ।

**औद्योगिक–शैक्षिक सम्वाद श्रृङ्खला ३ : समसामयिक अर्थ–राजनीतिक दृष्टिकोणमा नेपालको नीजि क्षेत्र आयोजना**

२०७८ फागुन ४ गते, उद्योग संगठन मोरङले संगठनका पूर्व अध्यक्ष एवं प्रतिष्ठित औद्योगिक क्षेत्रका हस्ति स्वं महेन्द्र गोल्छाको स्मृतीमा आर्थिक एवं औद्योगिक क्षेत्रमा प्राज्ञिक अध्ययन अनुसन्धान तथा नीति विश्लेषण गर्न विश्व विद्यालयका युवा अनुसन्धानकर्ताहरुलाई यस क्षेत्रको अध्ययन अनुसन्धानमा प्रेरित गर्ने उद्देश्यले स्थापित स्व. महेन्द्र गोल्छा औद्योगिक अध्ययन केन्द्र अन्तरगत इण्डष्ट्रि एकेडेमिया सम्बाद श्रृङ्खला हरेक ३ महिनामा १ वटा फरक फरक विषयमा आयोजना गर्दै आएको छ । Academic Flavor को Economic Discussion का रुपमा हरेक श्रृङ्खलामा अनुसन्धानमा आधारित विषयवस्तुलाई प्राथमकिता दिइने गरिएको यो कार्यक्रमको तेश्रो श्रृङ्खला : समसामयिक अर्थ-राजनीतिक दृष्टिकोणमा नेपालको नीजि क्षेत्रबिषयमा ४ फाल्गुण २०७८ मा आयोजना गरिएको छ । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान नाष्टका प्राज्ञ तथा नेपाल सरकारका पूर्व जलश्रोत मन्त्री श्री दिपक ज्ञवाली प्रमुख वक्ता रहनु भएको उक्त कार्यक्रममा ५० भन्दा बढि उद्योगी, व्यवसायी, प्राध्यापक, विद्याथीहरुको उपस्थिती रहेको थियो । कार्यक्रममा मुख्य गरि बैदेशिक सहायताको अर्थ राजनीतिक एवं संरचनागत पृष्ठभूमि र नेपालको औद्योगिक विकास, दुई ढुङ्गा विचको तरुल - आर्थिक विकासको सम्भावना कि दुर्भाग्य ? र औद्योगिकरण, पूँजीबाद-समाजबादको द्वन्द र नेपालको नीजि क्षेत्र जस्ता सवालहरुमा केन्द्रित भई छलफल भएको थियो ।

**सुनसरी मोरङ औद्योगिक करिडोरका उद्योगहरुका समस्या तथा समाधान बिषयक अन्तरक्रिया आयोजना**

२०७८ फागुन ७ गते,नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको आयोजना र उद्योग संगठन मोरङको सहकार्यमा सुनसरी मोरङ औद्योगिक करिडोरका उत्पादनमुलक उद्योगहरुका समसामयिक समस्याहरु र समाधान बिषय एक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री अर्जुन प्रसाद पोखरेल र मन्त्रालयको टिमको सहभागिता रहेको उक्त कार्यक्रममा ५५ जना उद्योगीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा संगठनबाट अध्यक्ष श्री सुयश प्याकुरेलले स्वागत तथा आर्थिक विकास समिति संयोजक श्री पारस लुनियाले संगठनको विजनेश क्लिनिकमा प्राप्त समस्याहरुलाई प्रस्तुत गर्नु भएको थियो । त्यसैगरि, कार्यक्रममा मोरङ व्यापार संघका अध्यक्ष श्री नविन रिजाल तथा नेपाल उद्योग परिसंघ अध्यक्ष श्री भीम घिमिरेले उद्योगीहरुका समस्या र समाधानका उपाय बारे मन्तब्य ब्यक्त गर्नु भएको थियो ।

**आर्थिक सम्मेलन पाथ वे टु प्रोश्पेरिटी प्रोभिन्स वान आयोजना**

२०७८ फागुन १४ गते, उद्योग संगठन मोरङले बाह्रखरी मिडियासँगको सहकार्यमा संगठनको सभाहलमा **पाथवेटु प्रोसपेरिटी प्रोभिन्स वान** बिषयक प्रदेश १ स्तरिय आर्थिक सम्मेलन सफतापूर्वक सम्पन्न भयो । बाह्रखरी मिडियाले हरेक वर्ष आयोजना गर्ने कर्पोरेट गल्फसँगै प्रदेश १ को आर्थिक समृद्धिलाई जोडेर गल्फ र आर्थिक समृद्धिको संयुक्त यात्राका रुपमा आयोजना गरिएको यस बृहत्तर कार्यक्रम अन्तर्गत १३ फागुनमा धरानबाट गल्फ खेलको सुरुवातसँगै सोही दिन अपरान्ह १ बजेदेखि इटहरीमा नेशनल योङ आन्टरप्रिनुअर्स कनक्लेभ र फागुन १४ गते विराटनगरमा आर्थिक सम्मेलनको आयोजना गरिएको थियो ।

प्रदेश नं १ को आर्थिक एवं औद्योगिक विकासको आगामी बाटो पहिल्याउने उद्देश्यले आयोजना गरिएको सम्मेलनमा प्रदेश नं १ भरिका आर्थिक बिषय बस्तुहरुको उठानका लागी ४ ठाँउमा धनकुटा, इलाम, बिर्तामोड र

गाईघाटमा राउण्ड टेबुल बैठकहरुको आयोजना गरि आर्थिक समृद्धिको मार्गमा भएका मुद्दाहरु पहिचान गरिएको तथा संगठनको बिजनेश क्लिनिकमा संकलित समस्याहरु समेतका आधारमा पूर्व अर्थ सचिव एवं उद्योग संगठनका बिशिष्ठ सल्लाहकार रामेश्वर खनालले आर्थिक सम्मेलनमा प्रदेश नं १ को आर्थिक समृद्धिको खाका सहितको मूख्य कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा मुख्य कार्यपत्रहरु क्रमशः १. आर्थिक समृद्धिको यात्रा : गर्न हुने के ? गर्न नहुने के ? सुयश प्याकुरेल, अध्यक्ष, उद्योग संगठन मोरङ, प्रदेश १ को समृद्धि - कस्तो परिकल्पना, कस्तो प्रयास, रामेश्वर खनाल, पूर्व अर्थ सचिव, नेपाल सरकार एवं विशिष्ठ सल्लाहकार, उद्योग संगठन मोरङ, र प्रदेश १ को आर्थिक विकास र समृद्धिका लागि व्यवसायिक वातावरण सुधारका उपाय, निरञ्जन श्रेष्ठ, पूर्व अध्यक्ष, राष्ट्रिय युवा उद्यमी मञ्च रहेका थिए । त्यसैगरि, मुख्य टिप्पणीकारहरुमाः माननीय उपाध्यक्ष, डा. विश्वनाथ पौडेल, राष्ट्रिय योजना आयोग, श्री महाप्रसाद अधिकारी, गर्भनर, नेपाल राष्ट्र बैंक, श्री मधु मरासिनी, सचिव, अर्थ मन्त्रालय, नेपाल सरकार, श्री शेखर गोल्छा, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, श्री विष्णु प्रसाद अग्रवाल, अध्यक्ष, नेपाल उद्योग परिसंघ, श्री सरोज कोइराला, प्रमुख कार्यकारी अधिकृत, लगानी प्राधिकरण, डा. धननञ्जय रेग्मी, प्रमुख कार्यकारी अधिकृत, नेपाल पर्यटन बोर्ड,

प्रदेश नं १ सरकारका माननीय मुख्य मन्त्री श्री राजेन्द्र कुमार राईको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनमा विराटनगर महानगरपालिकाका मेयर भीम पराजुलीले स्वागत गर्नु भएको थियो । कार्यक्रममा मुलुकभरबाट आफ्नो आफ्नो क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तित्वहरु : प्रतिष्ठित उद्योगी, खेलाडी, राजनीतिक नेता तथा नीति निर्माणकर्ता एवं उच्च पदस्थ राष्ट्रसेवक कर्मचारीहरू, नेपालका लागी इजरायल र श्रलंकाका महामहिम राजदुतहरु, प्रदेश एवं स्थानिय सरकारका जनप्रतिनिधिहरुका साथै सरोकारवाला सरकारी तथा गैह्सरकारी संघसंस्थाका उच्चपदस्थ व्यक्तित्वहरु, प्राज्ञिक तथा सञ्चार क्षेत्रका प्रतिनिधिहरु, कलाकारहरु समेत गरि करिब ५०० जनाको सहभागिता थियो । आर्थिक सम्मेलनको अवसरमा प्रदेश १ को आर्थिक, औद्योगिक, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, खेलकुद, लगायतको विषयका मुद्दाहरु उठान गरिएका, यस क्षेत्रको विकासका सम्भावना र चुनौति, औद्योगिक लगानीको वातावरण, प्रदेश तथा स्थानिय सरकारहरुको आर्थिक विकास खेलेको भूमिका लगायतका महत्वपूर्ण ऐजेण्डाहरुमा सम्बन्धीत विषयमा बिशेश दखल राख्नुहुने विज्ञहरुका ३५ वटा अनुसन्धानमुलक लेख रचनाहरु समावेश गरिएको विशेष प्रकाशन "इकोनोमिक समिट - विशेष अंक" प्रदेश नं. १ विमोचन भएको थियो । प्रदेश १ को समृद्धि यात्राका सन्दर्भमा आर्थिक सम्मेलनले उठान गरेका मूख्य बिषयहरु :

१. उत्पादनमुलक उद्योगहरुको (निर्यातमुलक एवं आयात प्रतिष्थापन गर्ने दुबै) उत्पादन लागत बढि भएकोले प्रतिष्पर्धात्मक क्षमता कमजोर छ । तषर्थ, औद्योगिक पूर्वाधार, नीतिगत सहजिकरण एवं प्रकृयागत जटिलता लगायतमा लाग्ने लजिष्टिक खर्चहरु घटाउदै नेपाली उत्पादनको प्रतिष्पर्धी क्षमता बढाउनु पर्दछ ।

२. औद्योगिक इको सिष्टम विकास गर्न मूल्य श्रृङ्खलाका अग्र तथा पृष्ठ पक्षहरुमा रहने सहायक उद्योगहरु स्वःस्फुर्त विकास हुने गरि Shared Business को अवधारणा अनुरुप दिर्घकालिन एवं फराकिलो नीतिगत सोच एवं दृष्टिकोण मार्फत औद्योगिक विकासका लागी बृहत्तर इको सिष्टमको विकास गर्नुपर्दछ ।

३. कृषि तथा कृषिको व्यवसायीकरण : कृषि उपज प्रशोधनमा आधारित उद्योगहरु : चिया, अलैंची, अदुवा, तरकारी, फलफुल, धान, मकै, आलु, अम्लिसो लगायत कृषि पैदावरको उत्पादन, प्रशोधन, ब्राण्डिङ र बजारिकरण प्रदेश १ को समृद्धिको आधार हो । त्यसैगरि, ताजा तरकारी एवं फलफुल पछिल्लो समय निकै ठुलो परिमाणमा आयात भइरहेको छ । यसलाई प्रतिष्थापन गर्ने गरि काम गर्नु अपरिहार्य भइसकेको छ । कृषिमा बिउ, मल, किटनासक औषधी, कृषि पूर्वाधार, सिचाई, प्रविधि, कृषि ऋण । बजारिकरण लगायत एकिकृत हस्तक्षेपले मात्रै कृषिमा उपलब्धी हासिल गर्न सकिन्छ । यस तर्फ स्थानीय, प्रदेश एवं संघिय सरकारको यथेष्ठ ध्यान जानु जरुरी छ ।

४. पर्यटन, स्वास्थ्य र शिक्षा क्षेत्रमा : सन् २०२१ को तथ्याङ्क अनुसार नेपालसँग सिमाना जोडिएका मित्र राष्ट्र भारतका उत्तराखण्ड, उत्तर प्रदेश, विहार, पश्चिम बङ्गाल र सिक्किमको कुल जनसङ्ख्या करिब ४८ करोड छ । भारतिय पर्यटकहरुलाई आकर्षित गर्ने वातावरण तयार गर्नु पर्दछ । भारतिय पर्यटकलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गरि भारत लक्षित पर्यटन पूर्वाधारको विकास र बजारिकरण गर्नु पर्दछ ।

५. सुशासन र जवाफदेहिता : सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, जनउत्तरदायी वनाउन नेपाल सरकारले सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना २०७४ कार्यान्वयनमा ल्याइ राज्यबाट प्राप्त हुने सेवा र सुविधामा जनताको समान र सहज पहुच सुनिश्चीत गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख गरिएको भएतापनि कार्यान्वयन पक्ष फितलो भएकोले सुशासन र जवाफदेहिता कायम हुनु पर्दछ ।

**औद्योगिक सर्वेक्षण – २०७८ को प्रतिवेदन सार्वजनिक**

२०७८ फागुन १४ गते,आर्थिक एवं औद्योगिक विकासको अवस्था, लगानीको सम्भावित क्षेत्र पहिचान, उपलब्ध रोजगारी, व्यापार व्यवसाय अभिवृद्धिको अवसर, बजार प्रवर्द्धन, पर्यटन, उर्जा क्षेत्रमा लगानीको वातावरण लगायत समग्र वस्तुस्थितीको अवस्थाको मूल्यांकन गरी तथ्य र तथ्यांकको आधारमा सरोकारवाला पक्ष समक्ष नीति निर्माण तहमा वहस पैरवी गर्ने उद्देश्यले FACT नेपालको समन्वयमा सुनसरी मोरङ औद्योगिक करिडोरका उद्योगहरुमा गरेको औद्योगिक सर्वेक्षण २०७८ को नतिजा आर्थिक सम्मेलनको अवसरमा सार्वजनिक गरिएको छ ।

**संगठनको बिजनेश क्लिनिक अन्तर्गतस मस्याको पोको हस्तान्तरण**

२०७८ फागुन १४ गते,गत २०७७ चैत्र १३ गते वर्तमान कार्यसमितिको पदस्थापनाको भोलिपल्टबाट शुरु गरिएको भ्रमण अन्तरगत ४८ वटा उद्योगको स्थलगत अवलोकन तथा केही पत्र वा अन्य माध्यमबाट प्राप्त गरिएका ११४ मुद्दाहरु आर्थिक सम्मेलनका अवसरमा समाधानका लागी नेपाल सरकार अर्थमन्त्रालयका श्रीमान सचिव मधु मरासिनीज्यूलाई हस्तान्तरण गरिएको छ । बिजनेस क्लिनिकमा आएका समस्याको समाधान खोज्न संगठनले केन्द्रीय तहमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, प्रदेश स्तरमा प्रदेशको उद्योग मन्त्रालय र सुनसरी-मोरङ औद्योगिक करिडोरका स्थानीय पालिका सरकारहरूसँग नियमित समन्वय गर्ने रणनीति अपनाएको छ ।

**स्टार्टअप तथा इनोभेशन कार्यक्रम अन्तरगत लगानीकर्तासँग साक्षात्कार**

२०७८ फागुन १४ गते, उद्योग संगठन मोरङले संचालनमा ल्याएको स्टार्टअप तथा ईनोभेशन कार्यक्रम अन्तर्गत छनौट भएका १८ स्टार्टअपहरुलाई व्यसायीक विकासमा नयाँ आयाम थपि लगानीको अवसर जुटाउने अभिप्रायका स्टार्टअप लगानीकर्ता साक्षत्कार आयोजना गरिएको थियो । उक्त अवसरमा स्टार्टअपहरुले प्रदर्शनमा राखेका उत्पादन तथा सेवाहरुका सम्वन्धमा सहभागिहरुले सम्भावित बजार, उत्पादन प्रकृया, विक्रि वितरणका लागि उपलब्ध बजार र व्यवसायीक प्रतिष्पर्धा, लगानी विस्तार, कच्चा पदार्थ र उत्पादित वस्तुको मुल्य अन्तर लगायतका विषयमा सम्वाद गर्नु भएको थियो । कार्यक्रमको माध्यमबाट स्टार्टअपहरुलाई लगानीकर्तासँग प्रत्यक्ष साक्षात्कार गरी आफनो वस्तु तथा सेवामा गर्नुपर्ने सुधारका सम्वन्धमा राय, सुझाव संकलन गर्ने अवसर प्राप्त भएको थियो ।

**महिला दिवशको अवसरमा भेडिङ मेशिन हस्तान्तरण**

२०७८ फागुन २४ गते, ११२औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवशको अवसरमा संस्थागत सामाजिक उत्तर दायित्व वहन गरी जिल्ला प्रहरी कार्यालय मोरङमा कार्यरत महिला प्रहरीका साथै सेवाग्राहीले प्रयोग गर्न मिल्ने गरी स्यानेटरी भेडिङ मेशिन जडान गरी संचालनमा ल्याएको छ । त्यसैगरि, उक्त अवसरमा संगठनको सदस्य उद्योग श्री रिजाल टासी इण्डष्ट्रिजमा समेत १ थान भेडिङ मेशिन हस्तान्तरण गरिएको छ ।

## विद्युत समस्याका सम्बन्धमा उद्योगीहरुको भेला

२०७८ चैत्र १५ गते, उद्योगहरुको निर्वाध संचालनका अत्यावश्क रहेको विद्युतको नियमित आपूर्ति गर्नु पर्नेमा भारतबाट विद्युत खरिदका लागि दैनिक हुने खरिद वोलकवोलमा महंगो दररेट प्रस्ताव गर्दा समेत विद्युत नपाएको भनि प्राधिकारणले औद्योगिक क्षेत्रहरुमा १४ घण्टासम्म अघोषित रुपमा लोडसेडिङ गरिएको तथा युक्रेन रुस द्वन्द्वका कारण अघोषित लोडसेडिङ लामो समयसम्म रहने देखिएकोले यस सम्बन्धमा सदस्य औद्योगिक प्रतिष्ठानहरुको समेत सुझाव लिई आगामी कदम तय गर्ने उद्देश्यले उद्यमीहरुको भेला आयोजना गरिएको थियो । भेलाले विद्युत प्राधिकरणले उर्जाको वास्तविक अवस्थाका वारेमा आमजनतालाई यथार्थ सुसुचित गराई विद्युत संकटको अवस्थालाई राष्ट्रिय समस्याको रुपमा लिनु पर्ने, विद्युत कटौतीको पूर्व सूचना दिनु पर्ने, विद्युत कटौती उद्योग क्षेत्रमा नगरी उपलब्ध विद्युत ग्राहस्थ र उद्योग दुवै क्षेत्रमा समानुपातिक रुपमा वितरण गर्नु पर्ने व्यवस्थाका लागी पहल गर्न संगठनलाई सुझाव उपलब्ध गराएका थिए ।

## उद्योग संगठन मोरङको प्रतिनिधि मण्डलद्धारा अर्थमन्त्री र उद्योग मन्त्रीलाई भेटी बजेटमा सुझाव प्रस्तुत

२०७९ वैशाख ०५ गते,उद्योग संगठन मोरङका अध्यक्ष सुयश प्याकुरेलको नेतृत्वमा गएको संगठनको प्रतिनिधि मण्डलले अर्थमन्त्री जनार्दन शर्मा र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्र प्रसाद वडुलाई छुट्टाछुट्टै भेटगरि आर्थिक बर्ष २०७९/८० को बजेटमा समावेश गर्नुपर्ने सुझाव पेश गरेको छ । पेश गरिएको सुझावहरु विष्तृत विवरण अनुसुची ५ मा राखिएको छ ।

## महिला उद्यमशिलता विकास तालिम तथा अन्तरक्रिया आयोजना

२०७९ वैशाख ०६ गते, उद्योग संगठन मोरङले न्यु बिजनेश ऐजसँगको सहकार्यमा महिला उद्यमशिलता विकास सम्बन्धी तालिम तथा अन्तरक्रिया कार्यक्रमको सम्पन्न गरेको छ । मोरङ र सुनसरी जिल्ला समेतबाट गरि करिब १०० जना महिला उद्यमीहरु सहभागि उक्त कार्यक्रममा समय व्यवस्थापन, उद्यमशिलता, वित्तिय पहुँच, नेपाल सरकारले महिला उद्यमीहरुका लागी गरेको बिशेष व्यवस्थाहरुका बारेमा प्रशिक्षण दिइएको थियो । कार्यक्रममा उद्योग संगठन मोरङ, महिला उद्यम समितिका तर्फबाट संयोजक श्री प्रतिभा रिजाल ओलीले महिला उद्यमीहरुले सञ्चालन गरेका उद्योगहरुको अवस्थाका बारेमा तयार गरिएको भिडियो क्लिप देखाउदै महिला उद्यमशिलताका समस्या तथा चुनौतीहरुका बारेमा प्रस्तुत गर्नु भएको थियो । त्यसैगरि, कार्यक्रमका प्रशिक्षक एवं न्यु विजनेश ऐजका अध्यक्ष श्री मदन लम्सालले उद्यमशिलताका विविध आयामबारे प्रशिक्षण दिनु भएको थियो । त्यसैगरि, कार्यक्रममा स्टाण्र्डड चार्टर बैंक, नेपाल महिला उद्यमी महासंघ, दराज अनलाईन लगायतका संघ संस्थाका प्रतिनिधिहरुले महिला उद्यमशिलताका विविध पक्षहरुका बारेमा चर्चा गरेका थिए । उद्योग संगठन मोरङ,महिला उद्यम समितिले संयोजन गरेको उक्त कार्यक्रमका अवसरमा महिला उद्यमीहरुका उत्पादनहरुको प्रर्दशनी समेत आयोजना गरिएको थियो ।

## श्रम दिवसका अवसरमा श्रमिक सम्मान कार्यक्रमको आयोजना

२०७९ बैशाख १८ गते, अन्तर्राष्ट्रिय श्रमिक दिवश (मई दिवश) को अवसर पारेर उद्योग संगठन मोरङले सुभकामना आदान प्रदान एवं श्रमिक सम्मान कार्यक्रमको आयोजना गरेको छ । संगठनले विश्वभरिका श्रमिकहरुको महान दिनको रुपमा रहेको मई दिवश श्रमिक र रोजगारदाताहरुले साझा रुपमा एकाकार गर्दै मनाउने सन्दर्भमा यस बर्ष पनि १३३औं अन्तराष्ट्रिय श्रमिक दिवशका अवसरमा सुभकामना आदान प्रदान तथा श्रमिक सम्मान कार्यक्रम आयोजना गरेको छ । उक्त अवसरमा एक महिला र एक पुरुष श्रमिकलाई सम्मान गरिएको छ । सम्मानित हुनेमा हिमगिरी हाइजिन प्रा.ली, बुढिगंगामा विगत २५ बर्षदेखि कार्यरत महिला श्रमिक द्रोपदी राय र जय श्रीकम्पनी प्रा.लीमा विगत ३७ बर्षदेखि अनवरत कार्यरत पुरुष श्रमिक महेश चौधरी रहेका छन ।

## विराटनगर महानगरपालिकाका मेयर पदका प्रत्यासी उमेद्धवारका साथ आर्थिक बहस आयोजना

२०७९ बैशाख २२ गते, संगठनले आसन्न स्थानीय निकायको निर्वाचनमा विराटनगर महानगरपालिकामा मेयर पदका उम्मेद्वारहरुका साथ समृद्ध विराटनगरका लागी उनिहरुका ऐजेण्डाहरुका बारेमा आर्थिक बहस कार्यक्रम आयोजना गरिएको छ । नेपाली काँग्रेसका नागेश कोइराला, नेकपाएमालेका सागर थापा, राप्रपा नेपालका प्रल्हाद प्रसाद शाह, बिबेकशिल साझा पाटीका अमलेश कुमार कर्ण र स्वतन्त्र उम्मेद्वार उमेश यादबको सहभागिता रहेको कार्यक्रमको सञ्चालन फ्याक्ट नेपालका प्रमुख मनिष झाले गरेका थिए । कार्यक्रममा मेयरका सबै प्रत्यासीहरुले आफु विजयी भएमा विराटनगरको पहिचान औद्योगिक नगरिको वास्तविक पहिचान पुनः स्थापित गर्न लागि पर्ने तथा युवा रोजगारी, उद्यमशिलता विकास, पूर्वाधार विकास, सेवा प्रवाह आदि क्षेत्रमा शशक्त कार्य गर्ने प्रतिवद्धता जनाएका थिए ।

अनुसूचि - १

## उद्योग संगठन मोरङको ४८औं वार्षिक साधारण सभाबाट निर्वाचित कार्यसमितिका तर्फबाट अध्यक्ष श्रीसुयश प्याकुरेलद्धारा पदस्थापना मिति २०७७ चैत्र १३ गते प्रस्तुत संगठनको भावी कार्ययोजना र हालसम्मका उपलब्धीहरु

## (Plan vs. Achievements)

| योजना | उपलब्धी |
|---|---|
| बुँदा नं ५) उद्योग संगठन मोरङको यो कार्यसमितिले यस कार्यकालमा नीतिगत बहस र पैरवी, व्यवसायीक विकास सेवा, नेटवर्किङ र सम्बन्ध बिस्तार तथा सामाजिक उत्तरदायित्व बहनका क्षेत्रमा फरक र प्रभावकारी ढंगबाट कार्यक्रमहरु सञ्चालन गर्नेछ । | संगठनको प्रमुख लक्ष्य (आर्थिक एवं औद्योगिक क्षेत्रको प्रवर्द्धन र विकासको माध्यमबाट समृद्ध नेपालको निर्माण गर्ने) प्राप्तीका लागीचार वटा मूख्य रणनीतिक लक्ष्य :<br>*१. नीतिगत बहस र पैरवी, २.व्यवसायीक विकास सेवा, ३. नेटवर्किङ र सम्बन्ध बिस्तार, र ४.सामाजिक उत्तरदायित्व बहन* निर्धारण गरि यस अन्तरगत विभिन्न १२ वटा कार्यक्रम अन्तरगत विभिन्न गतिविधहरु कार्यान्वयनमा ल्याइएको । |
| बुँदा नं ६) तथ्य र तथ्याङमा आधारित नीतिगत बहस र पैरवी गर्न सदस्य औद्योगिक प्रतिष्ठानहरुको संलग्नतालाई घनिभूतपारिने छ । यसका लागी औद्योगिक प्रतिष्ठानहरुका प्रमुख कार्यकारी अधिकृतहरु संलग्न रहनेगरि सिओ क्लब गठन गर्ने र उद्योग व्यवसायका दैनिक आइपर्ने कार्यान्वयन तहमा रहेका समस्याहरुको अन द स्पट समाधानको प्रयत्न गरिने छ । यसका लागी कर, राजश्व, श्रम, भन्सार, उद्योग तथा वाणिज्य प्रशासन, गुणस्तर तथा नापतौल, स्थानीय पालिका, सुरक्षा निकाय, विद्युत प्राधिकरण, बैकं तथा बित्तिय क्षेत्रसँग सम्बन्धित संस्थाहरु लगायतका सरोकारवाला लाइन ऐजेन्सीहरुसँग नियमितरुपमा सहजिकरण अन्तरक्रिया कार्यक्रमहरुको आयोजना गरिने छ । | • तथ्य र तथ्याकंमा आधारित नीतिगत बहस र पैरवी सञ्चालनका लागी तथ्याकं बैंकका रुपमा औद्योगिक सर्वेक्षण २०७८ प्रकाशन गरिएको ।<br>• प्रमुख कार्यकारी अधिकृतहरु रहने गरि सिइओ क्लब गठन भई नियमितरुपमा सम्बाद हुने गरेको । साथै सिइओ क्लब मातहतमा प्रशासन तथा मानव श्रोत व्यवस्थापनका कर्मचारीहरु रहेको HR Management Group समेत गठन गरि नियमितरुपमा उद्योग व्यवसायका विविध आयामहरुका बारेमा छलफल र संगठनलाई पृष्ठपोषण गर्ने काम भइरहेको । |

| योजना | उपलब्धी |
|---|---|
| बुँदा नं ७) नीतिगत सुधारका पक्षमा गर्नुपर्ने बहस र पैरवीलाई प्रभावकारी बनाउन औद्योगिक अध्ययन अनुसन्धान गर्न विश्वविद्यालयसँगको सहकार्यमा प्रत्येक नीतिगत मुद्दामा नीति ऐन कानुनमा भएको व्यवस्था, त्यस्ले पारेको असर, परिमार्जन हुनुपर्ने बिषय तथा परिमार्जन पछि हुने फाइदाका बारेमा स्पष्ट तथा तथ्यमा आधारित अध्ययन अनुसन्धान गरि Policy Advocacy Paper तयार गरिने रसो को आधारमा Business to Business b2b, Business to Government b2g & Business to Consumer b2c तहगत रुपमा बहस तथा पैरवीका कार्यक्रमहरु सञ्चालन गरिने छ । | नियमित उद्योग भ्रमण गरि उद्योगीहरुका वास्तविक समस्याहरु संकलन गर्ने, वर्गिकरण गर्ने र समाधानका लागी सरकारका विभिन्न फोरमहरुमा प्रस्तुत गर्ने कार्य भइरहेको छ। नियमितरुपमा संघिय तथा प्रदेश सरकारको बजेटमा, मौद्रिक नीतिमा, वित्तिय संकटमा, विद्युतका बिषयमा, आयात तथा निर्यात प्रवर्धनका बिषयमा, बाढिको क्षति मुल्यानकंन तथा मिरगञ्ज पुलको बिषयमा विष्तृत अध्ययन गरि सुझावहरु प्रस्तुत गरिएको छ । पूर्वाञ्चल विश्वविद्यालयसँगको समेत सहकार्यमा स्व. महेन्द्र गोल्छा औद्योगिक अध्ययन केन्द्रको स्थापना गरि शोधार्थि विद्यार्थिहरुलाई शोधकार्यमा सहयोग गरिएको छ । अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, नेपाल राष्ट्र बैंक, विद्युत प्राधिकरण, सामाजिक सुरक्षा कोष लगायतका निकायहरुमा मुद्दामा आधारित बहस र पैरवीहरु सञ्चालन भइरहेका छन । |
| बुँदा नं ८) सदस्य औद्योगिक प्रतिष्ठानहरुलाई क्षमता अभिबृद्धि, गुणस्तर नियन्त्रण, व्यवस्थापिकय क्षमता विकास, इकमर्श, बौद्दिक सम्पत्ती संरक्षण लगायतका व्यवसायीक एवं व्यवस्थापकिय बिषयहरुमा टेलरमेड तथा कस्टोमाइज तालिमका कार्यक्रमहरुको क्यालेण्डर बनाई नियमितरुपमा सञ्चालन गरिने छ । त्यसैगरि, असल उत्पादनका अभ्यासहरुका बारेमा उपयुक्त कार्यविधि बनाई औद्योगिक प्रतिष्ठानहरुलाई अभिमुखिकरण गरिनेछ । | औद्योगिक सर्वेक्षण तथा नियमित उद्योग भ्रमणका क्रममा तालिमको माग संकलन गरिएको छ। संगठनमा स्थापना भएको सिप विकास इकाई मार्फत विभिन्न व्यवसायिक विकास सेवा प्रदायकहरुसँगको सहकार्यमा व्यवसायिक एवं व्यवस्थापकिय क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने योजना रहेको छ । |
| बँदा नँ ९) औद्योगिक क्षेत्रमा आवश्यक दक्ष जनशक्ती तयार गर्न विकास साझेदार हरुसँगको सहकार्यमा संगठनमा छुट्टै TVET Coordination Unit सञ्चालनमा ल्याइने छ । यस अघि शुरु गरिएको जव पोर्टल karmashil.comलाई थप उपलब्धीमुलक ढंगबाट प्रयोगमा ल्याइनेछ । | • इन्स्योर परियोजना, मनमोहन प्राविधिक विश्वविद्यालयसँगको सहकार्यमा उद्योगलाई आवश्यक दक्ष जनशक्ती उत्पादन गर्ने उद्देश्यले संगठनमा छुट्टै सिप विकास इकाई स्थापना गरि सिप विकास कार्यक्रम कायान्वयनमा ल्यायएको । यस कार्यक्रम अन्तरगत हाल मेकानिकल र इलेक्ट्रोनिक विषयमा २४ महिने Dual Vet Apprenticeship तालिम सञ्चालन भइरहेको ।<br>• काम र कामदार बिच समन्वय गर्न अनलाइन जबपोर्टल www. karmashil.com सञ्चालनमा रहेको । |

| योजना | उपलब्धी |
|---|---|
| बँदा नं १०) सूचना प्रवाहलाई उच्च प्राथमिकतामा राखी सदस्य औद्योगिक प्रतिष्ठान एवं सबै सरोकारावाला निकायहरुमा सूचना प्रवाह गर्न त्रैमासिक रुपमा न्यूजलेटर प्रकाशन गरिने छ भने संगठनको वेवसाइटलाई नियमित अपडेट गरि उद्योग व्यवसायसँग सम्बन्धीत सबै सूचना तथा जानकारी प्राप्त गर्न सकिने व्यवस्था मिलाइने छ । | • टेन्डर सम्बन्धी दैनिक सुचनाहरु नियमितरुपमा सदस्य औद्योगिक प्रतिष्ठानहरुमा इमेल मार्फत उपलब्ध भइरहेको ।<br>• मासिकरुपमा न्युजलेटर प्रकाशन भइरहेको ।<br>• संगठनको वेवसाइइट, फेसबुक पेज, ट्विटर तथा ह्वाट्सएप ग्रुपहरु मार्फत सुचना संम्प्रेषण गर्ने कार्य भइरहेको । |
| बँदा नं ११)श्रमिक एवं व्यवस्थापन बिच असल श्रम सम्बन्धलाई सधैं उच्च प्राथमिकतामा राखी श्रमिक र व्यवस्थापन बिच समन्वय तथा सहजिकरण गर्न सबै ट्रेड युनियनका प्रतिनिधिहरु रहने गरि एक श्रम सम्बन्ध सहजिकरण समिति गठन गरिने र प्रत्येक महिना छलफलको आयोजना गरिश्रमिक र व्यवस्थापक बिच सधैं सौहार्दपूर्ण सम्बन्ध कायम गरिने छ । त्यसैगरि, व्यवसायजन्य स्वास्थ्य सुरक्षा सम्बन्धी जनचेतना एवं अभिमुखिरकण कार्यक्रमको नियमित आयोजना गरिने छ । | सबै ट्रेड युनियनका प्रतिनिधिहरुसँग संगठनले आयोजना गरेका तथा ट्रेड युनियनहरुद्धारा आयोजना गरेका विभिन्न कार्यक्रम तथा फोरमहरुमा सहभागिता एवं समन्वयको काम नियमितहरुमा भइरहेको छ । व्यवसायजन्य स्वास्थ्य सुरक्षालाई मध्यनजर गरि महिला कामदारहरुलाई लक्षित गरि संगठनका सदस्य उद्योग प्रतिष्ठानहरुमा स्यानीटरी भ्यान्डिङ मेशिन जडान गर्ने कार्यलाई अभियानको रुपमा अघि बढाइएको छ । |
| बुँदा नं १२) स्वदेशी उत्पादन प्रवर्धनका लागी उद्योग संगठन मोरङ र मोरङ व्यापार संघको साझा कार्यक्रममेरो देश, मेरै उत्पादनलाई अभियानका रुपमा सञ्चालन गरिने छ । सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओलीज्यूबाट ऐतिहासिक शुभारम्भ भएको यस अवसरमा यो अभियानलाई सफल पार्न म स्वदेशी वस्तु तथा सेवा उत्पादनमा संलग्न सबै उद्योगी मित्रहरुलाई आग्रह गर्दछु तथा आम उपभोक्ताहरुलाई स्वदेशी वस्तु प्रयोगलाई प्राथमिकता दिनुहुन अपिल गर्न चाहन्छु । त्यसैगरि, सार्वजनिक निकायमा प्रयोग हुने वस्तुहरु उपलब्ध भएसम्म स्वदेशी नै खरिद गर्नुपर्ने व्यवस्थाका लागी समेत सम्माननीय प्रधानमन्त्रीज्यू मार्फत आग्रह गर्न चाहन्छु । | **अभियानको पहिलो चरण** : तत्कालिन प्रधानमन्त्री सम्माननीय केपि शर्मा ओलीज्यूवाट समुद्घाटन, प्रचार सामाग्रीहरु (मेरा ४ प्रतिबद्धता, भिडियो, गित, फ्रेम) हरुको तयारी, प्रदेश सरकार तथा स्थानीय सरकारहरुलाई फ्रेम हस्तान्तरण एवं अभियानका बारेमा अवगत गराई अनुरोध गरिएको ।<br>**अभियानको दोश्रो चरण** : सम्माननीय राष्ट्रपति, प्रधानमन्त्री, अर्थमन्त्री लगायत संघिय सरकारका उच्चपदस्थ अधिकारीहरु, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षज्यू लगायत विभिन्न मुलुकका महामहिम राजदुतहरुलाई अभियानमा सघाउन तथा स्वदेशी उत्पादन प्रवर्धनका लार्गा उपयुक्त पहलका लागि अनुरोध गर्दै लोगो फ्रेम हस्तान्तरण गरिएको ।<br>**अभियानको तेश्रो चरण** : सदस्य उद्योग प्रतिष्ठानहरुले आफ्नो उत्पादनहरुमा मेरो देश, मेरै उत्पादनको लोगो उत्साहाका साथ प्रयोग गर्न थालनी भएको । यो लोगो स्वदेशी वस्तु तथा सेवा उत्पादन गर्ने सबै उद्यमीहरुले प्रयोग गर्न सक्नेछन । |

| योजना | उपलब्धी |
|---|---|
| बुँदा नं १३) स्वदेशी उत्पादनहरुको बजार प्रवर्धन गर्न तथा स्वदेशी उत्पादनलाई अन्तराष्ट्रिय उत्पादनहरुसगं प्रतिष्पर्धी बनाउन, नेपाली उत्पादनको गुणस्तर बेञ्चमार्क स्थापित गर्न, उद्यमी उद्यमी विच व्यवसायीक सम्बन्ध स्थापना गर्न, यस क्षेत्रको पर्यटन प्रवर्धन गर्न समेत प्रभावकारी रहेको संगठनले सफलतापूर्वक सम्पन्न गर्दै आएको बिराट एक्स्पो अन्तराष्ट्रिय औद्योगिक प्रदर्शनीको नयाँ संस्करणको आयोजना गरिनेछ । त्यसैगरि, उद्योग संगठन मोरङ, महिला उद्यम समिति, नेपाल युवा उद्यमी मञ्चसँगको सहकार्यमा वार्षिकरुपमा सञ्चालन गरिदै आएको कोशेली महोत्सवलाई निरन्तरता दिइने छ । | संगठनले हरेक २ बर्षमा आयोजना गर्दै आएको बिराट एक्स्पो यस आर्थिक बर्ष २०७९।८० मा आयोजना गरिने कार्यक्रम रहेको छ । |
| बुँदा नं १४) प्रदेश सरकार, विराटनगर महानगरपालिका, उद्योग संगठन मोरङ र मोरङ ब्यापार संघको सहकार्यमा अन्तराष्ट्रिय स्तरको प्रदर्शनी स्थल निर्माणको कार्यलाई उच्च प्राथमिकतामा राखी यसको निर्माणका लागी अविलम्ब पहल र प्रयत्नको थालनी गरिने छ । | विराटनगर महानगरपालिका, प्रदेश सरकार तथा संघिय सरकारले समेत आ.व. २०७८।७९का लागी बजेट विनियोजन गरिएको भएता पनि सामान्य जग्गा सम्बन्धी स्थानिय विवाद भएकोले कार्य अघि बढ्न ढिलाई भइरहेको । महानगरपालिका तथा प्रदेश सरकारले तत्परता देखाई यस प्रकारको समस्या समाधान गरी संरचना निर्माणको कार्य यथाशक्य अघि बढाउन संगठनका तर्फबाट गम्भिर पहल भइरहेको छ । |
| बुँदा नं १५) उद्यम, उद्यमशिलता, उद्योग र रोजगारीका क्षेत्रमा काम गर्ने सबै सरकारी तथा गैह्सरकारी संघ संस्थाहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदार संस्थाहरुसँग समान उद्देश्य प्राप्तीका लागी सहकार्य नेटवर्किङ तथा सम्बन्ध विस्तार गरिनेछ । समान प्रकृतिका नीजि क्षेत्रका संस्थाहरु, जिल्ला नगर उद्योग वाणिज्य संघहरुसँग हातेमालो गरि नीजि क्षेत्रका साझा मुद्दाहरुलाई स्थापित गर्ने र सम्बोधनका लागी साझा प्रयत्न गरिने कार्यलाई उच्च महत्वका साथ सञ्चालन गरिने छ । | • उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश उद्योग मन्त्रालय, आर्थिक मामिला मन्त्रालय लगायतका सरकारी निकायहरु ।<br>• स्विस विकास नियोग, हेल्भेटास नेपाल, स्विस कन्ट्याक्ट, जिआइजेड निप, अमेरिकन दुतावास लगायतका अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरुसँग सहकार्यमा विभिन्न कार्यक्रमहरु कार्यान्वयन भएको ।<br>• नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं १, मोरङ ब्यापार संघ, नेपाल उद्योग परिसंघ प्रदेश १, बिराट व्यापार संघ लगायतका समान प्रकृतिका संस्थाहरुसँग साझा मुद्दाहरुमा आवश्यकता र औचित्यताका आधारमा सहकार्य भइरहेको ।<br>• नेपाल उद्योग वाणिज्य महासंघको कृषि उद्यम केन्द्रद्धारा महासंघ प्रदेश नं १ र २ का जिल्ला नगर उद्योग वाणिज्य संघहरुका लागी आयोजित संस्थागत क्षमता अभिबृद्धि सिकाई कार्यशालामा उद्योग संगठन मोरङलाई मोडल उद्योग वाणिज्य संघका रुपमा अनुभव आदान प्रदान गर्ने अवसर प्राप्त भएको । |

| योजना | उपलब्धी |
|---|---|
| बुँदा नं १६) व्यवसायीक सामाजिक जिम्मेवारी बहन गर्दै सामाजिक कार्यहरु, प्राकृतिक बिपत्ती लगायतमा सहयोग गर्न तथा उद्यम र उद्यमशिलता प्रवर्धन गर्न उपयोग गर्ने गरि संगठनमा छुट्टै सामाजिक उत्तरदायित्व कोष स्थापना गरिने छ । उद्योगहरुले कानुनतः छुट्ट्याउनु पर्ने ऋक्च ँगलम यस कोष मार्फत खर्च गर्न सकिने व्यवस्थाका लागी उपयुक्त पहल गरिने छ । | |
| बुँदा नं १७) औद्योगिक विषयबस्तुहरुको अध्ययन अनुसन्धानका लागी उद्योग संगठन मोरङका पूर्व अध्यक्ष स्व. महेन्द्र गोल्छाको सम्मानमास्व. महेन्द्र गोल्छा स्मृति औद्योगिक अध्ययन केन्द्र स्थापना गरि पूर्वाञ्चल विश्वविद्यालयसँगको सहकार्यमा सञ्चालनमा ल्याइने छ । अध्ययन केन्द्रले औद्योगिक क्षेत्रका विभिन्न आयामहरुमा अध्ययन अनुसन्धान गर्ने तथा विश्वविद्यालयका शोधार्थिहरुलाई यस क्षेत्रको अध्ययन अनुसन्धान गर्न प्रेरित गर्ने हेतु अनुसन्धानमा सहयोग गरिने व्यवस्था मिलाइने छ । | स्व. महेन्द्र गोल्छा स्मृति औद्योगिक अध्ययन केन्द्र, पूर्वाञ्चल विश्वविद्यालयसँगको सहकार्य तथा हुलास वायर इण्डिष्ट्रिज प्रा.लीको आर्थिक सहयोगमा सञ्चालनमा आएको । कार्यक्रमको कार्यान्वयनका लागी छुट्टै समिति गठन गरिएको ।<br>मूख्यरुपमा १. सोध पत्र लेखनमा सहयोग, २. छोटो अवधीको नीति अध्ययन तथा बिश्लेषण र ३. अर्थनीति सम्बादको श्रृङ्खला गरि ३ वटा कम्पोनेन्टमा कार्यक्रम कार्यान्वयन भइरहेको । |
| बुँदा नं १८) नवप्रवर्धक, व्यवसायिक सोच विचार तथा आइडियाहरुलाई उद्यमशिलतामा रुपान्तरण गर्ने उपयुक्त वातावरण तयार गर्न, उद्यम व्यवसायमा युवा आकर्षण श्रृजना गर्न संस्थागत रुपमा व्यवसायीक सेवा प्रदान गर्न छुट्टै संस्थागत संरचना सहितको Start Up Innovation Support Program कार्यान्वयन गरिने छ । | संगठनमा स्टार्टअप तथा इनोभेशन समिति गठन भई पहिलो चरणमा श्रावण २०७८ बाट स्टार्टअप उद्यमीको प्रस्ताव आव्हान भई हाल १८ जना उद्यमीहरु इन्कुवेशनमा रहेको ।<br>पुर्वाञ्चल विश्वविद्यालय, मनमोहन प्राविधिक विश्वविद्यालय, काठमाडौ विश्वविद्यालय, स्कुल अफ म्यानेजमेन्ट, राष्ट्रिय आविश्कार केन्द्र, नेपाल कृषि अनुसन्धान परिषद्, तरहरा, सुनसरी, अन्तरप्रेरणा प्रा. ली, नबिल बैकं लिमिटेड, स्विस कन्ट्याक्ट, असमान नेपाल, पिएलए बिजनेश सोलुसन, एसएलए बिजनेश सोलुसन लगायतका संस्थाहरुसँग साझेदारी गरिएको । मेन्टर समुदायको रोष्टर तयार गरिएको ।<br>संघिय तथा प्रदेश सरकार एवं स्थानिय सरकारहरुसँग संस्थागत विकास र दिगोपनाका बिषयमा चरणबद्ध छलफलहरु भइरहेको ।<br>दोश्रो चरणको कार्यक्रमका लागी प्रस्ताव आव्हान गर्ने चरणमा रहेको । |

| योजना | उपलब्धी |
|---|---|
| बुँदा नं १९) समग्र प्रदेश नं १ मा आर्थिक एवं औद्योगिक विकासलागी लगानीको वातावरण तयार गर्न, उत्पादनमुलक कार्यमा प्रोत्साहन गर्न, सम्भावनाका विविध आयामहरुका बारेमा बृहत छलफल गर्न, अनुभव आदान प्रदान गर्न, राष्ट्रिय तथा अन्तराष्ट्रिय लगानीकर्ताहरु, उत्प्रेरक एवं प्रेरणादायी व्यक्तित्वहरु, सरकार तथा प्राज्ञिक र औद्योगिक क्षेत्रका व्यक्तित्वहरुको सहभागितामा ENTERPRISING EAST सम्मेलनको आयोजना गरिने छ। | २०७८ फागुन १४ गते बाह्खरी मिडियासँगको सहकार्यमा आर्थिक सम्मेलन : समृद्धिको यात्रा प्रदेश १ सफलतापूर्वक आयोजना गरिएको । |
| बुँदा नं २०) त्यसैगरि, प्रदेश सरकार, विराटनगर महानगरपालिका र उद्योग संगठन मोरङको सहकार्यमा निर्माण हुने नेपाल प्रवेशद्धारको निर्माण, सुनसरीको अमरडुवामा रहेको साल्ट ट्रेडिङको जमिनमा कृश बोडर औद्योगिक क्षेत्रको स्थापना, विराटनगर बिमानस्थललाई अन्तराष्ट्रिय बिमानस्थलमा स्तरोन्नती, बथनाह महेशपुर रेल्वे सञ्चालन लगायतका औद्योगिक एवं सार्वजनिक महत्वका पूर्वाधारहरुको निर्माणमा पहल र प्रयत्न गरिने छ। | • बथनाह महेशपुर रेल्वे सञ्चालन, औद्योगिक क्षेत्रको स्थापना, विराटनगर बिमानस्थलको स्तरोन्नती लगायतका औद्योगिक एवं सार्वजनिक महत्वका पूर्वाधारहरुको बिषयलाई संगठनले उच्च महत्वका साथ सार्थक पहल र प्रयत्न गरिरहेको छ।<br>• संगठन आफैले आयोजना गरेका हरेक कार्यक्रमहरु तथा विभिन्न संघ संस्था एवं निकायहरुले आयोजना गरेका कार्यक्रम एवं फोरमहरुमा यि बिषयहरुलाई सगठनले प्राथमिकताका साथ उठाइरहेको छ। |

अनुसूचि -२

# औद्योगिक क्षेत्रमा
# बाढी पछिको प्रभाव मूल्याङ्कन प्रतिवेदन
## कार्तिक, २०७८







**तयार गर्ने :**

**उद्योग संगठन मोरङ**

**विराटनगर**

cim.biratnagar@gmail.com

| बिषय सूचि | |
|---|---|
| १. पृष्ठभूमी | ३१ |
| २. आवश्यकता र उद्देश्य | ३१ |
| ३. अध्ययन प्रतिवेदनमा समेटिएको क्षेत्र | ३२ |
| ४. अध्ययन विधि | ३२ |
| ५. नतिजा तथा प्रभाव | ३२ |
| ५.१. प्रभावित उद्योगहरुको क्षेत्रगत अवस्थिती | ३२ |
| ५.२. उद्योग सञ्चालनमा परेको प्रभाव | ३३ |
| ५.३ क्षति विवरण | ३४ |
| ५.३.१ उद्योग सञ्चालन हुन नसक्दा भएको क्षति | ३४ |
| ५.३.२ मेशिन औजारमा भएको क्षति | ३५ |
| ५.३.३ कच्चा पदार्थमा भएको क्षति | ३५ |
| ५.३.४ तयारी तथा अर्धतयारी मालवस्तुमा भएको क्षति | ३६ |
| ६. डुबानमा पर्ने कारण र न्यूनिकरणको उपायहरु | ३६ |
| ६.१ क्षति न्युनिकरणको उपायहरु | ३७ |
| ७. निष्कर्ष तथा सुझावहरु | ३८ |

## १. पृष्ठभूमि

मौसममा आएको अप्रत्यासित बदलावका कारण गएको कार्तिक १ देखि ३ गतेसम्म परेको अविरल बर्षा र बर्षाका कारण आएको बाढीले मुलुकभर ठुलो धनजनको क्षति भयो । बाढिले १०० भन्दाबढि व्यक्तीको मृत्यू, सयौ बेपत्ता तथा हजारौ घरबार बिहिन भएका छन् । भित्राउने बेलाको धानबाली सम्पूर्णतः नष्ट गरेको छ भने, उद्योग, कलकारखाना, सडक पूर्वाधार लगायतका अन्य भौतिक पूर्वाधारहरुमा समेत निकै ठुलो क्षति भएको छ ।

बाढिबाट सुनसरी मोरङ कटहरी करिडोरका उद्योगहरु नराम्रोसँग प्रभावित भए । उत्पादन प्रकृया रोकियो, उद्योग कल कारखाना डुब्यो, मिल मेशिनरी औजार उपकरणहरु बिग्रिए, कच्चा पदार्थ खेर गयो, उत्पादीत तयारी एवं अर्ध तयारी वस्तु खेर गयो । बाढीले उद्योग परिशरका भत्काएका संरचना, बगाएर ल्याई थुपारेको फोहोर तथा लेदो माटो लगायतको व्यवस्थापन तथा सरसफाईमा ठुलो खर्च गर्नु पर्ने आवश्यकता देखियो । उद्योग पुनः पूर्ववत अवस्थामा सञ्चालनमा आउन समय लाग्ने भयो र उक्त समयको अवसर आम्दानी गुम्ने मात्र होइन बन्दहुँदाको प्रशासनिक तथा नियमित खर्च थप व्यवभारका रुपमा उद्योगी माथी थपियो ।

यसै सन्दर्भमा, सुनसरी मोरङ कटहरी औद्योगिक करिडोर मुख्य कार्यक्षेत्र रहेको उत्पादनमुलक उद्योगहरुको प्रतिनिधिमुलक अभिभावक संस्था उद्योग संगठन मोरङले यस क्षेत्रका औद्योगिक प्रतिष्ठानहरुमा बाढीबाट परेको प्रभाव र भएको क्षति विवरण संकलन गरि औद्योगिक क्षेत्रमा बाढि पछिको प्रभाव मूल्याङ्कन प्रतिवेदन २०७८ तयार गरेको छ ।

## २. आवश्यकता र उद्देश्य

विभिन्न प्रकारका प्राकृतिक विपत्तीहरु आइनै रहन्छन । प्राकृतिक विपत्तीलाई टार्न सकिदैन तर विपत्तीबाट हुने क्षति न्युनिकरण गर्न भने सकिन्छ । तर तथ्यपरक तथ्य तथ्याकंहरु व्यवस्थित गर्ने परिपाटी नहुँदा सधै आइरहने यस प्रकारका प्राकृतिक बिपत्तीहरुका बारेमा सडक, पुल लगायतका पूर्वाधारहरु एवं विकास निर्माणका सबै प्रकारका योजनाहरु तर्जुमा गर्दा त्यस्ता योजनाहरुको निर्माणबाट स्थानीय भौगोलिक अवस्थिती, कृषि, उद्योग, वस्तीहरुमा पर्ने प्रभाव ल्याई ध्यान दिइने परिपाटी छैन । जस्का कारण सामान्य बाढी आउदा समेत उद्योग कलकारखाना, बस्ती डुबानमा पर्ने समस्या आइनै रहन्छ । त्यसकारण, नेपाल सरकार एवं सरोकारवाला सबै निकायहरुलाई विकास निर्माणका कार्यगर्दा त्यसबाट स्थानीय स्तरमा पर्ने प्रभाव खास गरि उद्योग व्यवसायमा पर्ने प्रभावलाई केन्द्रमा राख्न मद्दत गर्ने उद्देश्यले उद्योग संगठन मोरङले यो प्रतिवेदन तयार गरेको छ ।

त्यसैगरि, विगतमा प्राकृतिक विपत्तीबाट उद्योग व्यवसायमा परेको प्रभाव एवं क्षतिको मूल्याङकन वस्तुपरक रुपमा हुन सकेको छैन । यस्तो प्रणालीको विकास नै हुन सकेको छैन । सरकारले क्षति विवरण माग्ने, प्रभावितहरुले हचुवाका भरमा अनुमानमा आधारित तथ्याकं उपलब्ध गराउने गर्दा कुनै सम्बोधन हुन नसकेको अवस्था छ । त्यसैले, संगठनले वस्तुपरक तथ्याकं संकलन गर्ने र यसलाई व्यवस्थीत गरि यसैका आधारमा प्राकृतिक विपत्तीको क्षतिपूर्ति तथा सहजिकरणका लागी पहल गर्नका साथै क्षति न्युनिकरणको उपायहरु अवलम्बन गर्न सघाउ पुग्ने भएकोले यस प्रकारको अध्ययन विवरणको आवश्यकता महशुस गरिएको छ ।

### उद्देश्य

- बाढिबाट उद्योग प्रतिष्ठानमा परेको प्रभाव र क्षति विवरण संकलन तथा मूल्याङ्कन गर्नु
- क्षति विवरणका आधारमा सम्बन्धीत सरोकारवाला निकायहरुमा पहल गरि उद्योग व्यवसाय पूर्ववत अवस्थामा सञ्चालनमा सहयोग, सहुलियत र सहजिकरण गर्नु ।
- आगामी दिनमा यस प्रकारको प्रकोपबाट उद्योगमा हुने क्षतिको न्युनिकरणका लागी सरोकारवालाको ध्यानाकृष्ट गर्दै सम्बोधनको पहल गर्नु ।

## ३. अध्ययन प्रतिवेदनमा समेटिएको क्षेत्र

यस अध्ययनले २०७८ कार्तिक १ देखि ३ गतेसम्म परेको अविरल बर्षा र यसबाट सुनसरी-मोरङ-कटहरी औद्योगिक करिडोरका उद्योग संगठन मोरङका सदस्य औद्योगिक प्रतिष्ठानहरुमा परेको प्रभावको अध्ययन गरिएको छ भने बाढिबाट मिल मेशिनरी, कच्चा पदार्थ, तयारीमाल, उद्योग बन्द गर्नुपर्दाको क्षतिको आँकलन सम्बन्धीत उद्योगबाट नै गरि उक्त क्षतिको मूल्य निर्धारण गरिएको छ ।

प्रभाव तथा क्षति विवरण संकलनका लागी अनलाईन गुलल फर्म तयार गरी २०७८ कार्तिक ४ गते सदस्य उद्योगहरुलाई इमेल र ह्वाट्सएप ग्रुप मार्फत संप्रेषण गरिएको साथै, सबै सदस्य उद्योगमा फोन गरि फारम भर्न वा फारममा उल्लेखित सूचना फोन मार्फत टिपाइदिन अनुरोध गरिएकोले बाढिबाट प्रभावित एवं सूचना जानकारी दिएका सदस्य उद्योगहरु मात्रै यस अध्ययनमा समेटिएका छन । यस प्रतिवेदनमा समावेश गरिएको क्षतिको रकम उद्योगहरुबाट प्राप्त प्रारम्भिक अनुमान मात्र रहेको छ ।

## ४. अध्ययन विधि

बाढिबाट प्रभावित उद्योगहरुको प्रभाव तथा क्षति विवरण संकलनका लागी अनलाईन गुगल फारम तयार गरि इमेल मार्फत सम्प्रेषण गरिएको तथा टेलिफोन मार्फत सम्बन्धीत उद्योगको जिम्मेवार पदाधिकारीबाट सूचना विवरण संकलन गरिएको छ । प्राप्त सुचना विवरणहरुलाई कम्प्युटरको सामान्य एक्सेलबाट आवश्यकता अनुसार तालिका, चित्र र विवरणहरु तयार गरि उल्लेख गरिएको छ । अनलाइन मार्फत प्राप्त सूचनाहरु अष्पष्ट लागेमा संगठनबाट सम्बन्धीत उद्योगलाई फोन मार्फत सूचनाहरु प्रष्ट पारिएको छ ।

बाढि तथा यसबाट भएको क्षतिको कारण तथा आगामी दिनमा यस प्रकारको क्षति न्यूनिकरण गर्न अवलम्वन गर्नुपर्ने उपायहरुका बारेमा प्राप्त सुझाव, र बाढि पश्चात संगठनबाट प्रत्यक्ष उद्योग अवलोकन गरिएकोले उक्त अवलोकनबाट प्राप्त सूचनाहरुलाई समेत आधार मानी ब्याख्या र विश्लेषण गरिएको छ ।

## ५. नतिजा तथा प्रभाव

### ५.१ प्रभावित उद्योगहरुको क्षेत्रगत अवस्थिती

तालिका नं १ : उद्योगमा बाढीको प्रभाव र स्थानीय तहका आधार उद्योगहरुको संख्या


| पालिकाको नाम | उच्च प्रभाव | मध्यम प्रभाव | सामान्य प्रभाव | जम्मा |
|---|---|---|---|---|
| रामधुनी नगरपालिका | | १ | | १ |
| रगेंली नगरपालिका | १ | | | १ |
| बुढिगंगा गाउपालिका | १० | ५ | | १५ |
| दुहबी नगरपालिका | ४ | २ | ३ | ९ |
| भोक्राहा गाउपालिका | १ | | | १ |
| बिराटनगर महानगरपालिका | २ | १ | | ३ |
| इटहरी उपमहानगरपालिका | ४ | | १ | ५ |
| इनरुवा नगरपालिका | | | १ | १ |
| कटहरी गाउपालिका | २ | | १ | ३ |
| सुन्दर हरैचा नगरपालिका | | १ | | १ |
| लेटाङ नगरपालिका | | १ | | १ |
| जम्मा | २४ | ११ | ६ | ४१ |

मात्रात्मकरुपमा घटिबढी भएता पनि अप्रत्यासित आएको बाढीबाट प्रायः सबै उद्योगहरु प्रभावित भए । संगठनमा यो प्रतिवेदन तयार गर्दासम्म ४१ वटा उद्योगहरुबाट विवरणहरु प्राप्त भएको छ । उक्त उद्योगहरु मध्ये २४ वटामा उच्च प्रभाव परेको, ११ वटामा मध्यम प्रभाव परेको र ६ वटामा सामान्य प्रभाव परेको छ । सबै भन्दा बढि बुढिगंगा गाउपालिकामा अवस्थित १५ वटा उद्योगहरु बाढिबाट प्रभावित भएका छन । (तालिका नं १ हेर्नुहोस)

## ५.२ उद्योग सञ्चालनमा परेको प्रभाव

बाढि पश्चात विवरण उपलब्ध गराउने ४१ वटै उद्योगहरु बन्द रहे भने यो विवरण संकलन गर्दाको अवधीसम्ममा मध्ये २२ वटा सञ्चालनमा आएको छन । बाकी उद्योगहरु अझै सञ्चालनमा आउन सकेका छैनन । (चित्र नं १ हेर्नुहोस)

चित्र नं १ : बाढि पश्चात उद्योग सञ्चालनको अवस्था पालिकाका आधारमा




*पलिकाका आधारमा उद्योग सञ्चालनको अवस्थालाई तालिका नं २ मा देखाइएको छ ।*


तालिका नं २ : उद्योग पुनः शुचारु हुन लाग्ने वा लागेको समय र पालिकाका आधारमा उद्योगहरु

| क.स | पालिकाको नाम | १ हप्ता | २ हप्ता | ४ हप्ता | ४ हप्ताभन्दा बढि | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | रामधुनी नगरपालिका | १ | | | | १ |
| २ | रगेंली नगरपालिका | | १ | | | १ |
| ३ | सुन्दर हरैचा नगरपालिका | १ | | | | १ |
| ४ | बुढिगंगा गाउपालिका | १० | २ | २ | १ | १५ |
| ५ | दुहबी नगरपालिका | ८ | १ | | | ९ |
| ६ | भोक्राहा गाउपालिका | | १ | | | १ |
| ७ | बिराटनगर महानगरपालिका | २ | | | १ | ३ |
| ८ | लेटाङ नगरपालिका | १ | | | | १ |
| ९ | इटहरी उपमहानगरपालिका | २ | १ | | २ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | इनरुवा नगरपालिका | १ | | | | १ |
| ११ | कटहरी गाउपालिका | १ | १ | १ | | ३ |
| | जम्मा | २७ | ७ | ३ | ४ | ४१ |

## ५.३ क्षति विवरण


संगठनलाई बाढिबाट क्षति भएको अनुमानित विवरण उपलब्ध गराउने ४१ वटा उद्योगमा रु २ अरब सत्चालिस करोड रुपैया बराबरको क्षति भएको छ । बाढिले डुबाउदा, कारखानामा रहेका मेशिन औजारमा लेदो माटोले पुरिदा उक्त रकम मध्ये सबैभन्दा बढि मेशिन औजारमा रु अन्ठानब्बे करोड रुपैयाको क्षति भएको विवरण प्राप्त भएको छ । त्यसैगरि रु एकहत्तर करोडको कच्चा पदार्थ, रु ७६ करोडको तयारी मालवस्तु बाढिले क्षति गरेको छ । त्यसैगरि, बाढिले बगाएर ल्याएको फोहोर तथा लेदो, भत्काएको वाल तथा कारखानाका अन्य मालवस्तु काम नलाग्ने गरि क्षति गरेकोले उक्त फोहोर व्यवस्थापन तथा सरसफाइमा करिब एक करोड सत्तरी लाख बराबरको खर्च लाग्ने भएको छ ।




### ५.३.१ उद्योग सञ्चालन हुन नसक्दा भएको क्षति

बाढिबाट प्रभावित उद्योगहरु मध्ये २७ वटा उद्योगहरु एक हप्तासम्म सञ्चालनमा आउन सकेनन भने ७ वटा उद्योगलाई अझै २ हप्ता लाग्ने र ३ वटा उद्योगहरुलाई ४ हप्ता र ४ वटा उद्योगहरुलाई पूर्ववत सञ्चालनमा आउन ४ हप्ताभन्दा बढि समय लाग्ने पाइएको छ । (चित्र नं ३ हेर्नुहोस)

चित्र नं ३ : प्रभावित उद्योगहरु पूनः शूचारु हून लागेको दिन वा लाग्ने दिनका आधारमा उद्योगहरु





उद्योग बन्द हुँदा हुने दैनिक प्रशासनिक खर्च ४१ वटा उद्योगहरुको करिब ५ करोड रहेको छ । जसमा दैनिक २५ हजार (पूर्वाञ्चल कंक्रिट उद्योग) देखि १ करोड २५ लाख (रिलाइन्स

स्पिनिङ मिल्स), १ करोड ५० लाख (अरिहन्त मल्टिफाइबर प्रा.ली) सम्म रहेका छन । यस आधारमा बाढिबाट उद्योग बन्द हुँदा भएको प्रशासनिक तथा अन्य स्थिर खर्चहरुको अनुमान गर्न सकिन्छ ।

### ५.३.२ मेशिन औजारमा पुर्याएको क्षति


बाढिले मेशिन औजारमा पुयाएको क्षतिको अवस्थाबारे सोधिएको प्रश्नमा १७ वटा उद्योगहरुले आंशिक क्षति भएका, १३ वटा उद्योगले केहि मेशिन औजार काम नलाग्ने भएको र ६ वटा उद्योगहरुले मेशिन औजार पूर्णरुपमा क्षति भएको बताएका छन । (हेर्नुहोस चित्र नं ४)

चित्र नं ४ : मेशिन औजारमा क्षति भएका उद्योगहरु




तल चित्र नं ५ मा मेशिन औजारमा भएको कुल क्षति रुपैयामा देखाइएको छ । ४१ वटा उद्योगमा अनुमानित रु सन्तानब्बे करोड छपन्न लाख आठ हजार रुपैया बराबरको मेशिन औजार उपकरणको क्षति भएको छ ।

चित्र नं ५: मेशिन औजारमा भएको क्षति रुपैयामा




### ५.३.३ कच्चा पदार्थमा पुयाएको क्षति

बाढिले कच्चा पदार्थमा पुयाएको क्षतिको अवस्थाबारे सोधिएको प्रश्नमा १९ वटा उद्योगहरुले आंशिक क्षति भएको, १८ वटा उद्योगले कच्चा पदार्थ काम नलाग्ने गरि क्षति भएको र ४ वटा उद्योगहरुले कच्चा पदार्थमा सामान्य क्षति भएको बताएका छन । (हेर्नुहोस चित्र नं ६)

कच्चा पदार्थको क्षति रु ७१ करोड भन्दा बढिको भएको उद्योगहरुले विवरण उपलब्ध गराएका छन ।


चित्र नं ६: कच्चा पदार्थमा भएको क्षतिका आधारमा उद्योगहरु




### ५.३.४ तयारी तथा अर्धतयारी मालवस्तुमा भएको क्षति

बाढिले तयारी तथा अर्धतयारी मालवस्तुमा पुयाएको क्षतिको अवस्थाबारे सोधिएको प्रश्नमा १८ वटा उद्योगहरुले तयारीमाल काम नलाग्ने गरि क्षति भएको, १७ वटा उद्योगले आँशिक क्षति भएको र ६ वटा उद्योगहरुले सामान्य क्षति भएको बताएका छन । (हेर्नुहोस चित्र नं ७)

चित्र नं ७ : तयारी मालवस्तूमा भएको क्षतिका आधारमा उद्योगहरु




४१ वटा उद्योगमा रु छयत्तर करोड चौवालिस लाख रुपैया बराबरको क्षति भएकोमा करिब ६१ करोडको तयारीमाल काम नलाग्ने गरि क्षति भएको छ । (हेर्नुहोस तालिका नं ३)

| तालिका नं ३ : तयारी मालवस्तुमा भएको क्षति रुपैयामा | | |
|---|---|---|
| क्षतिको मात्रा | उद्योगको संख्या | अनुमानित रकम रु. |
| आंशिक क्षति भएको | १७ | १४१३७०००० |
| काम नलाग्ने गरि खेरगएको | १८ | ६०९०७५००० |
| खासै नोक्सान भएको छैन | ६ | १०००००००० |
| जम्मा | ४१ | ७६०४४५००० |

## ६. डुबानमा पर्ने कारण र न्यूनिकरणको उपायहरु

विश्वव्यापी रुपमा मौसममा भएको परिर्वतन, वातावरण विनास आदिका कारण बेमौसमि विपत्तीहरुको सामाना गर्नु परिरहेको अवस्थामा कार्तिक महिनामा अप्रत्यासित रुपमा पानि पर्नु, केहि घण्टाको पानिले यो तहको क्षति तथा विनास गर्नु पक्कै पनि प्राकृतिक मात्रै नभएर मानव श्रृजित समस्या पनि हो । त्यसैले यो विपत्तीको कारण वा उद्योगमा पानिले डुबाउने कारण के हो भनि सोधिएको प्रश्नमा २५ वटा उद्योगबाट दुवै अर्थात प्राकृतिक एवं मानव श्रृजित कारणले भन्ने उत्तर प्राप्त भएको छ ।

त्यसैगरि, मानव श्रृजित यो समस्याको प्रमुख कारणमा अधिकाशं उद्योहरुबाट उद्योगबाट पानिको निकासको उचित प्रवन्ध नहुनु, पानि निकासको पहिले भएको संरचना बिनास गर्नु (जस्तो धरान विराटनगर राजमार्गमा

पूर्व पश्चिममा रहेका कल्भर्टहरु सबै छ लेनको बाटो बनाउदा हटाइनु), सडक लगायतका पूर्वाधार निर्माण गर्दा स्थानीय भौगोलिक अवस्थीति र स्थानीय आवाजलाई नजरअन्दाज गरिनु, सडक निर्माणमा अदुरदर्शिता लगायतका कारणहरुलाई प्रमुख रहेको बताएका छन ।

### ६.१ क्षति न्युनिकरणको उपायहरु

बाढिको पानि निकासको उचित प्रवन्ध गरि आगामि दिनमा उद्योग कलकारखाना डुबानमा पर्न जोगाई क्षति न्यूनिरकण गर्न के गर्नु पर्दछ भनि सोधिएको प्रश्नमा उद्योगहरुबाट निम्न बमोजिमको सूझावहरु प्राप्त भएको छ :

- यो क्षेत्रमा कति पानि पर्न सक्छ र त्यो मात्राको पानि पर्दा निकास कसरी गर्ने भन्ने व्यवस्थति र व्यवहारिक योजना बनाउनु पर्दछ र राजमार्गमा पानिको निकासको पर्याप्त प्रवन्ध हुनुका साथै उद्योगबाट पानिको निकास राजमार्गको निकास प्रणालीमा जोडिनु पर्दछ ।
- सडक निर्माणमा भएको ढिलाईले डुबान पर्नुमा ठुलो भूमिका खेलेको छ ।
- अव्यवस्थीत घडेरी प्लटिङ तथा पानिको निकासको कुनै व्यवस्था नभएकोले यस्लाई व्यवस्थित गरिनु पर्ने ।
- उद्योग कलकारखाना धेरै पहिले देखि यस करिडोरमा स्थापना भएको, त्यस बेला सडकको उचाई भन्दा उद्योगहरु माथी रहे पनि, निरन्तर सडकको उचाई बढ्दै गएको, उद्योगको पानिको निकासको बारेमा कुनै चासो नदेखाइएकोले यस्तो विपत्ती आइलागेकोले सडक बनाउदा पहिले भएको कालो पत्रे र माटो हटाएर उचाई नबढ्ने गरि बनाइनु पर्ने ।
- छ लेनको राजमार्गमा पहिले भएको पूर्व पश्चिमको कलभर्ट हटाईएकोले पानि निकास हुन नसकेको हो । पूर्व पश्चिम कलर्भट बनाउनु पर्दछ । साथै हाल भएको पानि निकासको नाला आवश्यकता र यथार्थसँग मेल नखाने खालको छ ।
- कटहरी करिडोरमा हुलाकी सडक निर्माण भइरहेको, उद्योग अवस्थीत सतह भन्दा ४ फिट भन्दा बढि उचाईको सडक बनिरहेको, रिटेनिङ वाल अग्लो बनाइएको, क्रस रोड पानिको निकास पर्याप्त नभएकोले यस्तो अवस्था श्रृजना भएकोले यसलाई सच्चाइनु पर्दछ ।
- सरकारको स्थापित मापदण्ड अनुरुप घर तथा संरचना निर्माण नभएकोले डुबान भएको हो त्यसैले स्थापित मापदण्डको पालना कडाइका साथ गरिनु पर्दछ ।
- इटहरी उपमहानगरपालिका उत्तर तर्फको तालतलैया माथि अवस्थती सेरा बाँधको व्यवस्थापन प्रभावकारी रुपमा गरि त्यसभन्दा माथि सिधै बुढि खोलामा पठाउने व्यवस्था गर्नु पर्दछ । ट्याङ्ग्रा खोलाको समुचित व्यवस्थापन गरि इटहरीबाट दक्षिण बग्ने खोला नियन्त्रण तथा त्यस आसपास बाटनै पानि बुढि खोलामा निकासी गर्ने व्यवस्था गर्नू पर्दछ ।
- खनारमा अवस्थित चतरा नहरको अन्डरग्राउण्ड पानी तथा बाढि निकासीको द्धारहरु खोल्ने र आवश्यक मर्मत सम्हार गरि माथिबाट स्वतः पानि जान सक्ने बनाउनु पर्दछ ।
- नदिहरुमा तटबन्ध निर्माण, ढलको उचित व्यवस्थापन गर्नुपर्ने ।
- प्राकृतिक प्रकोपको व्यवस्थापन तथा दक्षजनशक्तीको व्यवस्था गरि लापरबाहि र कमजोरी रोक्नु पर्ने ।
- मौसमको पूर्व सूचना सहि समयमा दिने व्यवस्था गर्नु पर्ने ।
- सडक र नाला निर्माण गर्दा होचो बनाई पानि बग्ने उचित व्यवस्था गर्नु पर्ने ।

## ७. निष्कर्ष तथा सुझावहरु

### १. बाढि व्यवस्थापन र क्षति न्यूनिकरणको एकिकृत योजना र प्रभावकारी संयन्त्र

यसपाली परेको पानि मात्राका हिसाबले त्यति ठुलो र धेरै समय नपरेको भएता पनि ठुलो क्षति भयो। यसका धेरै कारणहरु छन। यस्काबारे यो क्षेत्र खासगरि सुनसरी मोरङ कटहरी करिडोरका स्थानीय पालिकाहरु बिषेश गरि इटहरी उपमहानगरपालिका, दुहबी नगरपालिका, बुढिगंगा गाउपालिका, विराटनगर महानगरपालिका, कटहरी गाउपालिका, प्रदेश सरकार एवं संघिय सरकार तिनै तहको सरकार र सरोकारवाला सबै पक्ष बसि एकिकृत योजना बनाउनु पर्दछ। यसमा कति पानि पर्न सक्छ र त्यस अवस्थामा कसरी क्षति कम गर्ने साझा चिन्ता र चासोको बिषय बनाई आगामी दिनमा आउन सक्ने यस प्रकारको बिपत्तीका लागी आजैबाट तयारी थालिनु पर्दछ।

त्यसैगरि, समग्ररुपमा यस क्षेत्रमा बाढि तथा डुबान अर्थात जलउत्पन्न प्रकोप नियन्त्रण लगायतको डेडिकेटेड संयन्त्र बनाईनु पर्दछ जस्ले जलउत्पन्न प्रकोपको पूर्व अनुमान, सुचना संप्रेषण र पूर्व तयारी र क्षति न्यूनिकरणमा काम गर्नु पर्दछ।

### २. सडक तथा पूर्वाधार निर्माण

सडक तथा पूर्वाधार निर्माण गर्दा हाल भएको कालो पत्रे हटाई उचाई नबढ्ने गरि बनाइनु पर्दछ। यो क्षेत्र १०० बर्ष अघि देखिको औद्योगिक क्षेत्र भएकोले सडक बनाउदा उद्योगमा पर्ने प्रभाव, पानि निकासी को प्रवन्ध आदिलाई नजरअन्दाज गरिनु हुदैन। छ लेनको सडक र हुलाकी राजमार्ग निर्माण भइरहेकोमा उद्योगमा पर्न सक्ने जोखिम तथा क्षतिलाई नजरअन्दाज गरिएकोले यसलाई सच्चाइनु पर्दछ। स्थानीय भौगोलिग अवस्था र स्थानीय आवाजलाई समायोजन गरि उचित प्रवन्ध तत्काल खोजिनु पर्दछ। यी सडकहरु पनि निकासको भरपर्दो व्यवस्था नगरिकन निर्माण कार्य अघि बढाउनु हुदैन।

### ३. स्थानीय खोला, खोल्सा तथा नालाको व्यवस्थापन

हाल भएको पानि निकासको खोला नाला पर्याप्त भएन यस्को साइज बढाउनु पर्दछ। भएका खोला नालाहरु जस्तो ट्याङ्ग्रा तथा इटहरी दक्षिण आउने नालाहरुको उचित व्यवस्थापन गर्नु पर्दछ।

### ४. बिपद पछिको विद्युत व्यवस्थापन

डुबानमा परि उद्योगहरु सबै बन्द भए। विद्युत प्रणाली अवरुद्ध भयो। भएका जेनेरेटर तथा विद्युत ब्याकअफहरु डुबे वा प्रभावकारी कार्य गर्न सकेनन। करिब ४० घण्टा अन्धकारको अवस्था बन्यो।

नेपाल विद्युत प्राधिकरणको दुहबी मूख्य स्टेशनमा डुबानका कारण विद्युत शुचारु हुन सकेन। दुहबीको स्टेशन यस बर्ष मात्र होइन प्रायः सधैं डुब्ने गर्छ। यस प्रकारको अवरोध पटक पटक भएको छ। यस्को समाधान खोजिनु पर्दछ। त्यस स्थानको उचाई उठाउनु पर्ने र आगामी दिनमा बाढिका बेला विद्युत अवरुद्ध नहुने गरि व्यवस्थापन गर्नू पर्दछ।

अनुसुचि-३

## बैंक तथा वित्तिय क्षेत्र सम्बन्धी सुझावहरु

## मौद्रिक नीतिमा उद्योग संगठन मोरङको सुझाव

**३० जेष्ठ २०७८**

नेपाल राष्ट्र वैंकले आगामी आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिमा सम्वोधन गर्नुपर्ने नीजि क्षेत्रका सुझावहरु संकलन गर्ने उद्देश्यले आज मिति २०७८ जेष्ठ ३० गते गर्भनर महाप्रसाद अधिकारीको उपस्थितीमा आयोजना गरेको भर्चुअल अन्तरक्रिया कार्यक्रम उद्योग संगठन मोरङका अध्यक्ष सुयश प्याकुरेलले उद्योगी/व्यवसायीहरुको तर्फबाट ११ वुदे सुझावहरु प्रस्तुत गर्नु भएको थियो ।

कोभिड १९ को पहिलो भेरियन्टबाट प्रभावित भएको उद्योग/व्यवसाय क्षेत्रलाई दोश्रो भेरियन्टले थप प्रभावित वनाएकाले यस क्षेत्रको समग्र हित र पुर्नउत्थानलाई मध्यनजर गरी आगामी मौद्रिक नीति आउनु पर्नेमा जोड दिइएको छ । उहाले उद्योग/व्यवसाय क्षेत्र देशको अर्थतन्त्र र व्यापार घाटालाई सन्तुलनमा ल्याउन महत्वपूर्ण योगदान पुऱ्याउदै आएकाले कोभिड १९को कारण थला परेका यस क्षेत्रको पुर्नताजकिरणका सुभाव प्रस्तुत गर्दै आगामी मौद्रिक नीतिमा समावेश गर्न नेपाल राष्ट्र समक्ष अनुरोध गरिएको छ ।

**मौद्रिक नीति २०७८/७९ का सम्बन्धमा उद्योग संगठन मोरङको धारणा**

**३२ श्रावण, २०७८**

उद्योग संगठन मोरङले आर्थिक बर्ष २०७८र७९ को मौद्रिक नीतिका सम्बन्धमा संगठनको धारणा सार्वजनिक गरेको छ। नेपाल राष्ट्र वैंकबाट आर्थिक वर्ष २०७८/७९ को लागि जारी भएको मौद्रिक नीतिका लागि संगठनबाट प्रस्तुत गरिएको सुझाव र मौद्रिक नीतिमा सम्वोधनलाई बुदाँगत केलाउदै संगठनले मौद्रिक नीतिमा आफ्नो धारणा प्रस्तुत गरेको हो ।

मौद्रिक नीति सरकारले अख्तियार गरेको आर्थिक नीति तथा कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न प्रयोग गरिने एक वित्तिय औजार हो । त्यसकारण यस बर्षको मौद्रिक नीतिले नेपाल सरकारको आ.व. २०७८र७९ को बजेट कार्यान्वयनमा यथेष्ठ सघाउ पुग्ने गरि वित्तिय नीति ल्याएको आर्थिक एवं औद्योगिक विकासका लागी अझै धेरै गर्न सक्ने फराकिला अवसर भएता पनि मौद्रिक नीतिलाई सकारात्मक नै मान्नु पर्ने संगठनको धारणा रहेको छ ।

| बिषय | संगठनको सुझाव | मौद्रिक नीतिले गरेको व्यवस्था |
|---|---|---|
| १. कर्जाको वर्तमानको सिमा (Existing Loan Limit) नविकरण सम्बन्धमा | उद्योग व्यवसायले आयात गर्दा लिएको USD TR कर्जाको भुक्तानी म्याद अवधी १८० दिन रहेकोमा वर्तमानको कोभिड १९ को असहज अवस्थालाई मध्यनजर गरि असार मसान्तको दिनसम्म Outstanding रहेका कर्जाहरुको भुक्तानी गर्ने अवधी ३६० दिन कायम गरिनु पर्ने । | ६ महिना अर्थात (१८०) दिनको समयसिमा थप गरि आंशिक सम्वोधन भएको छ । |
| २.पुनरकर्जाका सम्बन्धमा | उत्पादनमुलक उद्योगको हकमा पुनरकर्जाको हालको सिमामा रु १०० करोड थप हुनु पर्दछ। साथै, गत बर्षको पुनरकर्जा सुविधाको कार्यान्वयन उत्पादनमुलक उद्योगको सन्दर्भमा प्रभावकारि हुन सकेन। उत्पादनमुलक उद्योगहरुका लागी पुनरकर्जाको निश्चित रकम छुट्टाइनु पर्ने र माग गर्ने मापदण्ड पुरा गर्ने सबै उत्पादनमुलकलाई समानुपातिक रुपमा कर्जा वितरण गर्ने व्यवस्था मिलाइनु पर्दछ । | पुनरकर्जाको सम्वन्धमा पहिलाको व्यवस्थालाई यथावत राखिएको भएतापनि कर्जा प्रवाह हुने रकम थप नगरिएकाले संगठनको माग सम्वोधन हुन नसकेको भएता पनि पछिल्लो समयमा कर्जा प्राप्ती प्रकृया सरलीकृत वनाईदै लगिएको छ जुन स्वागत योग्य छ । |
| ३. Term Loan Paymentलाई पूँजिकरण (Capitalized) गर्ने सम्बन्धमा | कोभिड १९ को प्रभाव र उद्योग व्यवसायमा छाएको मन्दीका कारण उद्योग व्यवसायले लिएको Term Loan अन्तरगतको कर्जा चुक्ता गर्न असहज रहेकोले निशेधाज्ञा र लकडाउन जारी भएको अवधी देखि लकडाउन खुलेको मितिबाट ६ महिनासम्म भुक्तानी गर्नू पर्ने कर्जाको किस्ता र व्याजलाई पूँजीकरण (Capitalized) गर्ने व्यवस्था गर्नु पर्ने र उक्त पूँजिकरण गरिएको कर्जाको भुक्तानी अवधीलाई Rescheduling गरिनु पर्दछ । | मौद्रिक नीतिले कर्जाको किस्ता र व्याजलाई पूँजीकरण (Capitalized) गर्ने मागलाई सम्बोधन नगरेतापनि व्याज तथा किस्ता रकम भुक्तानी गर्ने अवधी थप गरेको र कोभिड प्रभावित उद्योग व्यवसायको कर्जाको व्याजलाई २०७९ असार मसान्तसम्म छुट्टै हिसाब राख्ने र उक्त व्याजमा हर्जाना तथा पेनाल नलाग्ने व्यवस्था गरिएको छ । |
| ४. कर्जाको ब्याज छुट तथा किस्ता बुझाउने अवधी थप गर्ने सम्बन्धमा | कोभिड १९ को प्रभाव र उद्योग व्यवसायमा छाएको मन्दीका कारण उद्योग व्यवसायले लिएको कर्जाको बैशाख - असारसम्मको ब्याज एवं किस्ता असार मसान्तभित्र बुझाएमा त्यस्तो ऋणीलाई ब्याजमा १० प्रतिशत छुट दिइनु पर्दछ । साथै, यस अवधीमा किस्ता एवं ब्याज भुक्तानी गर्न नसक्ने उद्योगी व्यवसायीको हकमा त्यस्तो कर्जाको ब्याज तथा किस्ता भुक्तानीको समयावधी ६ महिना थप गरिनु पर्दछ । | किस्ता र ब्याज भुक्तानी गर्ने समयसिमा २०७८ पुष मसान्तसम्म थप गरिएको तथा कोभिड अति प्रभावित उद्योग व्यवसायको कर्जाको व्याजलाई २०७९ असार मसान्तसम्म छुट्टै हिसाब राख्ने र उक्त व्याजमा हर्जाना तथा पेनाल नलाग्ने व्यवस्था गरिएको छ । |

| बिषय | संगठनको सुझाव | मौद्रिक नीतिले गरेको व्यवस्था |
|---|---|---|
| ५. Documents Against Payment (DAP) अन्तरगत आयात गर्ने रकमको सिमाका सम्बन्धमा | हालको व्यवस्था बमोजिम DAP अन्तरगत आयात गर्दा एक पटकमा अधिकतम अमेरिकि डलर १ लाख बराबरको आयात गर्न सकिने व्यवस्थालाई परिमार्जन गरि Air Shipping बाट आयात हुने मालवस्तुको हकमा कुनै पनि सिमा तोक्न नहुने र पानी जहाज मार्फत Shipping भएर आयात हुनेको हकमा एक पटकमा अमेरिकि डलर ४ लाख सम्मको सिमा निर्धारण गरिनु पर्दछ । | (DAP) अन्तरगत आयात गर्ने रकमको सिमाका सम्बन्धमा मौद्रिक नीति मौन रहेकोले यस सम्बन्धमा पुनरबिचार गर्नुपर्ने । |
| ६. Telegraphic Transfer or Telex Transfer (TT) अन्तरगत आयात गर्ने रकमको सिमाका सम्बन्धमा | हालको व्यवस्था बमोजिम TT अन्तरगत आयात गर्दा एक पटकमा अधिकतम अमेरिकि डलर २५००० बराबरको आयात गर्न सकिने व्यवस्था छ तर सामानको मुल्य बृद्धि आकाशिएकोहूदा उक्त रकम पर्याप्त नभएकोले यो सिमालाई परिमार्जन गरि अमेरिकी डलर १ लाखसम्मको आयात गर्न पाउने गरि रकमको सिमा बढाइनु पर्दछ । | मौद्रिक नीति यो बिषयमा मूर्तरुमा उल्लेख नगरिएको भएता पनि नेपाल राष्ट्र बैंकबाट जारी हुने निर्देशन मार्फत यस सम्बन्धमा स्पष्ट सम्बोधन हुने अपेक्षा संगठनले लिएको छ । |
| ७. Credit Rating को व्यवस्था सम्बन्धमा | बैंक तथा वित्तिय संस्थाहरुले कर्जा प्रवाह गर्दा गरिने Credit Rating को हालको व्यवस्था खर्चिलो तथा झन्झटिलो भएका कारण उक्त व्यवस्थालाई परिमार्जन गरि ५ बर्ष वा सो भन्दा बढि अवधी देखि सञ्चालनमा रहेका उद्योगहरुलाई कर्जा प्रवाह गर्दा Credit Rating गर्न नपर्ने साथै गर्नै पर्ने अवस्थामा रु १५० करोडभन्दा बढिको कर्जामा मात्रै गर्ने व्यवस्था मिलाइनु पर्दछ । | मौद्रिक नीति यो बिषयमा मूर्तरुमा उल्लेख नगरिएको भएता पनि नेपाल राष्ट्र बैंकबाट जारी हुने निर्देशन मार्फत यस सम्बन्धमा स्पष्ट सम्बोधन हुने अपेक्षा संगठनले लिएको छ । |
| ८. Usance L/C का सम्बन्धमा | नेपाल राष्ट्र बैंक विदेशि विनिमय व्यवस्थापन विभागको आयात सम्बन्धी परिपत्र ०१र२०७४ ले नेपालका कुनै पनि बैंकले युसान्स आयात प्रतित पत्रको कागजात (L/C Document) डिस्काउन्ट गर्न नपाउने व्यवस्था गरिएको छ जुन व्यवहारिक छैन । उद्योग व्यवसायको प्रवर्धनकालागी उत्पादनमुलक उद्योगहरुको लागी आवश्यक पर्ने कच्चापदार्थ तथा मिल मेशिनरी आयातगर्दा खोलिने युसान्स प्रतित पत्रको कागजातमा स्वदेशि बैंकले डिस्काउन्ट गर्न पाउने गरि भएकोपहिलेकै व्यवस्था कायम गरिनु पर्दछ । | मौद्रिक नीति यो बिषयमा मूर्तरुमा उल्लेख नगरिएको भएता पनि नेपाल राष्ट्र बैंकबाट जारी हुने निर्देशन मार्फत यस सम्बन्धमा स्पष्ट सम्बोधन हुने अपेक्षा संगठनले लिएको छ । |

| बिषय | संगठनको सुझाव | मौद्रिक नीतिले गरेको व्यवस्था |
|---|---|---|
| ९. Paperless बैंकिङ कारोबार सम्बन्धमा | आजको २१औं शताब्दीको डिजिटल प्रविधिको युगमा समेत हाम्रो बैकिङ कारोबार प्रणाली परम्परागत कागजी झमेला, तमसुक, भौतिक उपस्थितभई ल्याप्चे लगाउनु पर्ने लगायतका व्यवस्थाहरुलाई अब डिजिटल माध्यमबाट गर्न सकिने सरल र प्रविधिमैत्री तर्फ रुपान्तरण गरि सम्पूर्ण बैकिङ कारोबारलाई पेपरलेस बनाइनु पर्दछ। जस्तै : ल्याप्चेलाई बायोमेट्रिक प्रयोग गरेर विस्थापन गर्नु पर्दछ। | मौद्रिक नीतिमा आर्थिक वर्ष २०७९/८० लाई विद्युतिय भुक्तानी कारोवार प्रवर्द्धन बर्षको रुपमा पूर्वाधारको विकास र जनचेतना अभिवृद्धि गर्ने भनिएको भएतापनि लागत कम गर्दै बैकिगं प्रणाली कै Game Changer कारुपमा हेरिएको वायोमेट्रिक प्रणाली सहित समग्र डिजिटल प्रणालीमा रुपान्तरण गर्ने सम्बन्धमा राष्ट्र बैंकको यथोचित ध्यान पुग्न नसकेको देखिन्छ। |
| १०. MSMEs तथा महिला उद्यमी कर्जा प्रवाहलाई सरलिकृत गर्ने सम्बन्धमा | लघु घरेलु तथा साना उद्योग, महिला उद्यमी लगायतका क्षेत्रमा प्रवाह गर्ने सहुलियतपूर्ण कर्जा प्राप्तीमा अझै पनि प्रकृयागत जटिलता रहेको, कागजी प्रकृया पूरा गर्न नसक्दा यस्ता उद्यमीहरुको कर्जामा पहुँच पुग्न नसकेकोले प्रकृयागत जटिलतालाई हटाई सहज र सर्वसुलभ ढंगबाट कर्जा प्राप्त गर्ने गरि प्रकृया सरलिकृत गरिनु पर्दछ। | महिला उद्यमी, वास्तविक कृषि उद्यमीलाई परियोजनामा आधारित कर्जाको सिमा रु २० लाख र यस्तो कर्जा बिपन्न वर्गको कर्जामा गणना गरिने व्यवस्था, लघु, घरेलु तथा साना उद्योगीलाई व्यवसाय परिवर्तन गर्न चाहेमा कर्जा उपलब्धतामा सहजिकरण गर्ने व्यवस्था, यस्तो क्षेत्रमा प्रवाह हुने रु १ करोडसम्मको कर्जा प्रवाहको सिमा १५ प्रतिशत कायम गरि लघु घरेलु साना तथा महिला उद्यम प्रवर्धनमा मौद्रिक नीतिमा गरिएको व्यवस्था सकारात्मक रहेको छ। साथै यस्तो कर्जा प्रवाहमा सहजता ल्याउन गाउपालिका तथा नगरपालिकाको सरकारी कारोबार संचालन गर्ने वाणिज्य बैंकका शाखाहरुमा कृषि, लघु, तथा घरेलु कर्जा सम्वन्धि फोकल डेस्कको स्थापना हुने व्यवस्था मिलाईनु प्रशंशनिय रहेको छ। यसबाट सहुलियतपूर्ण कर्जा प्राप्तीमा विद्यमान असहजता एव जटिलताहरु रहेको गुनासोहरु सम्बोधन हुने र आगामी दिनमा वास्तविक उद्यमीहरुको पहिचान र सरलीकृत रुपमा कर्जा प्रवाहमा यथेष्ठ ध्यान पुग्ने अपेक्षा गर्दछौ। |

| बिषय | संगठनको सुझाव | मौद्रिक नीतिले गरेको व्यवस्था |
|---|---|---|
| ११. Personal Guarantee का सम्बन्धमा | प्राइभेट लिमिटेड कम्पनीहरुमा विशुद्ध नीजि लगानी हुने तथा लगानीकर्ताहरुको आफ्नो आफ्नो लगानी हिस्साको दायित्व मात्रै सम्बन्धीत लगानीकर्तामा रहन्छ । तर त्यस्तो कम्पनीले कर्जा लिनु पर्दा कर्जा रकमलाई खाम्ने पर्याप्त धितो राख्दा राख्दै पनि सबै लगानीकर्ताहरु र तिनका परिवारका एक एक सदस्यहरुको समेत Personal Guarantee लिने वर्तमानको प्रावधानले लगानीकर्ताहरुमा त्रासको वातावरण सिर्जना भएको र अन्ततोगत्वा यस्ले उत्पादनमुलक क्षेत्रमा लगानी निरुत्साहित गरिरहेको छ ।<br>एकातिर उद्योग तथा उद्यमशिलता विकासका लागी युवाहरुलाई शैक्षिक प्रमाण पत्र धितो राखेर कर्जा प्रवाह गर्दैछौ भोलि त्यहि युवा अलि सक्षम भएर कर्जा लिनु पर्दा उस्को परिवारका सबै सदस्यहरुको ग्यारेन्टि खोज्नु लगानी निरुत्साहित गर्नु बाहेक अरु केहि हुन सक्दैन । त्यसकारण, यस्तो प्रावधान अविलम्ब हटाइ त्रास भयमुक्त वातावरण श्रृजना गरि लगानी आकर्षित गर्न जोडदार माग गर्दछौ । | मौद्रिक नीति यो बिषयमा मूर्तरुमा उल्लेख नगरिएको भएता पनि नेपाल राष्ट्र वैंकबाट जारी हुने निर्देशन मार्फत यस सम्बन्धमा स्पष्ट सम्बोधन हुने अपेक्षा संगठनले लिएको छ । |

# बैंकको व्याजदरका सम्बन्धमा उद्योग संगठन मोरङको ध्यानाकर्षण ।

**०२ कार्तिक, २०७८, विराटनगर**

बैंक तथा वित्तिय संस्थाहरुले कार्तिक महिनाबाट लागू हुने गरि बृद्धि गरेको व्याजदरका सम्बन्धमा उद्योग संगठन मोरङले नेपाल राष्ट्र बैंकको ध्यानाकर्षण गराएको छ। नियामक निकाय राष्ट्र बैंकलाई कार्तिक २ गते ध्यानाकर्षण पत्र पठाउदै संगठनले लामो समयको महामारीबाट प्रताडित उद्योग व्यवसायहरु विस्तारै तङ्ग्रिदै गरेको अवस्थामा उत्पादन लागतमा प्रत्यक्ष दबाब बढ्ने गरि बैंक तथा वित्तिय संस्थाहरुले कार्तिक महिनाबाट लागू हुने गरि बृद्धि गरेको ब्याज दर प्रति संगठनको गम्भिर ध्यानाकर्षण भएको जनाएको छ । बजारमा तरलता अभावको कारण देखाउदै बैंक तथा वित्तिय संस्थाहरुले बृद्धि गरेको व्याज दरलाई अविलम्व पुनरावलोकन गरि उत्पादनमुलक क्षेत्रमा प्रवाह भएको र हुने कर्जाको व्याजदर एक अंकमा नबढ्ने गरि (Single Digit) निर्धारण गर्न माग गर्दै ध्यानाकर्षण पत्रमा संगठनले तरलता बृद्धि गर्न निम्न बमोजिमका सुझावहरु प्रस्तुत गरेको छ ।

१. अहिलेको व्याज दर बढ्ने प्रमुख कारण आर्थिक बर्ष २०७८/७९ को मौद्रिक नीतिले बैक बित्तीय संस्थाको तरल पूँजिलाई निस्कृय पारेर डिपोजिटको ९०% मात्र लगानि गर्न पाउने गरि CD Ratio कायम हुने व्यवस्थाका कारण बजारमा लगानि योग्य तरलताको अभाव हुन आएका कारण श्रीजित समस्याले गर्दा हो भन्ने हाम्रो ठहर छ । तषर्थ बैंक तथा वित्तिय संस्थाहरूको लगानि योग्य रकमको प्रावधान बमोजिम अर्को कुनै दरिलो र भरपर्दो आधर तयार नहुँदासम्म साथै सरकारले गर्ने खर्चमार्फत बजारमा आउने तरलताको सुनिश्चितता नहुँदासम्म यस अघिकै प्रावधान अनुरूप CCD ratio कायम गरि लगानि योग्य रकमको दायरालाई थप फराकिलो बनाईनु पर्दछ ।

२. सरकारले गर्ने पूजिगत तथा विकास खर्च अत्यन्त न्युन रहेकोले सार्वजनिक क्षेत्रबाट हुने खर्चलाई प्रभावकारी र द्रुत गतिमा खर्च गर्ने व्यवस्था गरि बजारमा नगद प्रवाहलाई बढाउनु पर्दछ ।

३. बैंक तथा वित्तिय क्षेत्रबाट प्रवाह हुने कुल कर्जा मध्ये उत्पादनमुलक क्षेत्रमा प्रवाह हुने कर्जा लगानीलाई सहज र सरल प्रकृयाबाट प्रवाह गर्ने व्यवस्था गरि अनुत्पादक क्षेत्रको लगानी घटाउदै उप्पादनमुलक क्षेत्रको लगानी बढाइनु पर्दछ ।

४. त्यसैगरि, बैंक तथा वित्तिय संस्थाहरूले गर्ने प्रशासनिक तथा व्यवस्थापन खर्चको बैंक तथा बित्तीय संस्थाको बर्गका आधारमा निस्चित मापदण्डको दरिलो आधार निर्माण गरि अनुत्पादक खर्च कटौतीका साथ आधार दर घटाउने तर्फ आवश्यक कदम चाल्नु पर्दछ ।

## मौद्रिक नीति प्रथम समिक्षाका सम्बन्धमा उद्योग संगठन मोरङको धारणा ।

**१२ मंसिर, २०७८, विराटनगर**

बैंक तथा वित्तिय संस्थाहरुमा तरलताको चरम अभाव भई लगानीयोग्य रकमको अभाव भएको तथा बैंक ब्याज बृद्धि हुदै गर्दा उत्पादनमुलक उद्योगका क्षेत्रमा कठिनाई उत्पन्न भइरेहको वर्तमान अवस्थामा नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको समिक्षा गरेको छ। लामो समय कोभिड १९ को महामारीबाट प्रताडित उद्योग व्यवसायहरु विस्तारै तङ्ग्रिदै गरेको अवस्थामा उत्पादन लागतमा प्रत्यक्ष दबाब बढ्ने गरि बैंक तथा वित्तिय संस्थाहरुमा तरलता अभाव भएको, व्याजदर बृद्धि भइरहेको सन्दर्भमा उत्पादनमुलक क्षेत्रमा प्रवाह भएको र हुने कर्जाको व्याजदर एक अंकमा नबढ्ने गरि (Single Digit) कायम गर्नुपर्ने संगठनले विगत देखि नै उठाउदै आएको परिप्रेक्ष्यमा तरलता बढाउन तथा व्याजदर नियन्त्रण गर्न निम्न बमोजिम सुझावहरु प्रस्तुत गरेको छ ।

१. राष्ट्र बैंकले समिक्षा मार्फत २०७८ असार मसान्तसम्म कर्जा निक्षेपको लक्षित अनुपात कायम गर्दा हुने गरि लचकता अपनाएकाले तरलता व्यवस्थापनमा यस प्रावधानबाट केहि राहत पुग्ने देखिएता पनि अहिलेको वित्तिय समस्याको प्रमुख कारण आर्थिक बर्ष २०७८/७९ को मौद्रिक नीतिले बैक बित्तिय संस्थाको तरल पूँजिलाई निस्कृय पारेर निक्षेपको ९० प्रतिशतमात्र लगानी गर्न पाउने गरि कर्जा निक्षेप अनुपात कायम हुने व्यवस्थाका कारण बजारमा लगानी योग्य तरलताको अभाव भईश्रृजित समस्या भएकाले यस्तो कर्जा निक्षेप अनुपातको प्रावधान खारेज गरिनु पर्दछ ।

२. कर तथा राजश्व एवं अन्य माध्यमबाट बजारबाट सरकारको खातामा नगद जम्मा हुने तर सरकारले गर्ने पूँजिगत तथा विकास खर्च अत्यन्त न्युन भएकोले पनि बजारमा तरलता अभाव भएकोले सार्वजनिक क्षेत्रबाट हुने खर्चलाई प्रभावकारी र द्रुत गतिमा खर्च गर्ने व्यवस्था गरि बजारमा नगद प्रवाहलाई बढाउनुपर्दछ । साथै, सरकारको विकास तथा पूजिगत खर्चमा जाने राष्ट्र बैंकमा निक्षेपकारुपमा जम्मा भएको रकम बैंक तथा वित्तिय संस्थाहरुमा खाता ट्रान्सफर गरि नगद उपयोग गरि तरलता व्यवस्थापन गरिनु पर्दछ । हाल स्थानीय सरकारहरुको ५० प्रतिशत रकम वाणिज्य बैकंहरुमा निक्षेपका रुपमा राख्दै आएको व्यवस्था अनुसार संघिय र प्रदेश सरकारको खातामा राष्ट्र बैंकमा रहेको रकमलाई बैंक तथा वित्तिय संस्थाहरुमा जम्मा गर्ने व्यवस्था तत्काल मिलाउनु पर्दछ ।

३. राष्ट्र बैंक समिक्षा मार्फत विदेशी विनियमको सञ्चितिको विद्यमान अवस्थालाई दृष्टिगत गरि तोकिएका वस्तुहरुको आयातमा प्रतित पत्र खोल्दा अनिवार्य रुपमा नगद मार्जिन राख्न पर्ने व्यवस्था गरि विलाशिताका वस्तुहरुको कडाई गर्ने संकेत गरेको छ । यस प्रावधानले विलासिताका वस्तुहरुको आयातमा कडाई गर्दै उत्पादनमुलक उद्योगहरुका औद्योगिक कच्चा पदार्थ तथा मिल मेशिनरीहरुको आयातको सहजिकरणमा मद्दत पुग्ने देखिएता पनि यसबाट विलासिताका वस्तुहरुको आयातमा एकाधिकार हुनसक्ने तर्फ ध्यानाकर्षण गराउदै यस्तो प्रावधानको सट्टा त्यस्ता तोकिएका विलाशिताका वस्तुहरुको आयातमा प्रतिबन्ध गर्ने तर्फ थप प्रभावकारी कदम चाल्नु पर्दछ ।

४. बैंक तथा वित्तिय क्षेत्रबाट प्रवाह हुने कुल कर्जा मध्ये उत्पादनमुलक क्षेत्रमा प्रवाह हुने कर्जा लगानीलाई सहज र सरल प्रकृयाबाट प्रवाह गर्ने व्यवस्था गरि अनुत्पादक क्षेत्रको लगानी घटाउदै उत्पादनमुलक क्षेत्रको लगानी बढाइनु पर्दछ । साथै आर्थिक पुनरउत्थानका लागी अपनाइएको पुनरकर्जा तथा विभिन्न शिर्षक र क्षेत्रमा प्रवाह गरिने सहुलियतपूर्ण कर्जा अन्तरगतका सूविधामुलक कर्जाहरुलाई सहज र द्रुतगतिमा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

५. त्यसैगरि, बैंक तथा वित्तिय संस्थाहरूले गर्ने प्रशासनिक तथा व्यवस्थापन खर्चको बैंक तथा बित्तीय संस्थाको बर्गका आधारमा निस्चित मापदण्डको दरिलो आधार निर्माण गरि अनुत्पादक खर्च कटौतीका साथ आधार दर घटाउने तर्फ आवश्यक कदम चाल्नु पर्दछ ।

# तरलता व्यवस्थापनका लागी उद्योग संगठन मोरङद्वारा नेपाल राष्ट्र बैंकको ध्यानाकर्षण

**६ पौष, २०७८, विराटनगर**

वित्तिय क्षेत्रमा तरलता अभावका कारण उद्योग व्यवसाय सञ्चालनमा कठिनाई उत्पन्न भएको भन्दै उद्योग संगठन मोरङले नेपाल राष्ट्र बैंकको ध्यानाकर्षण गराएको छ । संगठनका अध्यक्ष सुयश प्याकुरेलको नेतृत्वमा रहेको संगठनको प्रतिनिधिमण्डलले राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई ६ पौषमा उहाकै कार्यकक्षमा भेटी वित्तिय क्षेत्रमा देखापरेको तरलताको अभावलाई यथाशक्य समाधान गरि उद्योग व्यवसाय सञ्चालनमा सहजिकरणका लागी अनुरोध गरेको छ ।

उक्त छलफल कार्यक्रममा संगठनका अध्यक्ष प्याकुरेलले तरलताको चरम अभाव भएको कारण बैंक तथा वित्तिय संस्थाहरुले केही समय देखि औद्योगिक कच्चा पदार्थ लगायतका वस्तुको आयातका लागि प्रतित पत्र (LC) खोल्न समेत कठिनाई भएबाट औद्योगिक कच्चा पदार्थको अभावमा उत्पादन नै ठप्प पार्नुपर्ने विकराल अवस्था सिर्जना हुदै गएको तर्फ राष्ट्र बैंकको ध्यानाकर्षण गराउनु भएको छ । राष्ट्र बैंकद्धारा तोकिएका केहि विलासीका वस्तुहरुको आयातमा प्रतित पत्र खोल्दा शतप्रतिशत नगद मार्जिन राख्न पर्ने व्यवस्था गरि स्वदेशी उत्पादनमुलक क्षेत्रलाई प्रोत्साहन गर्न चालेको कदम भन्दै यस प्रावधानबाट उत्पादनमुलक उद्योगहरुका औद्योगिक कच्चा पदार्थ तथा मिल मेशिनरीहरुको आयातको सहजिकरणमा मद्दत पुग्ने तर यसबाट विलासिताका वस्तुहरुको आयातमा एकाधिकार हुनसक्ने तर्फ सचेत हुनुपर्ने सुझाव संगठनले राष्ट्र बैंकलाई दिएको छ ।

उद्योगीहरुका सुझाव सुनिसकेपछि गर्भनर महाप्रसाद अधिकारीले उत्पादनमुलक उद्योगहरुलाई आवश्यक पर्ने औद्योगिक कच्चा पदार्थ लगायतका वस्तुको नियमित आपूर्तिका लागी प्रतित पत्र (LC) खोल्न कुनै पनि कठिनाई हुन नदिने प्रतिवद्धता व्यक्त गरे । साथै गर्भनर अधिकारीले विलासिताका केहि वस्तुहरुको आयातलाई निरुत्साहित गरेको र यसबाट उत्पन्न हुनसक्ने परिणामका बारेमा राष्ट्र बैंक सचेत रहेको बताए । साथै, गर्भनर अधिकारीले बैंक तथा वित्तिय क्षेत्रमा वित्तिय अनुशासन कायम गर्न चालु मौद्रिक नीति मार्फत सिसिड रेसियोबाट सिडि रेसियोमा रुपान्तरण गरिएकोकारणबाट तरलता अभाव नभएको स्पष्ट पार्दै तरलता अभावबाट अर्थतन्त्रलाई बचाउन राष्ट्र बैंकले विभिन्न वित्तिय उपकरण प्रयोग गरि तरलता पठाइरहेकोले अवस्था क्रमशः सुधार हुदै जाने बताए ।

उक्त अवसरमा संगठनले लगातार उठाउदै आएको उत्पादनमुलक क्षेत्रमा प्रवाह भएको र हुने कर्जाको व्याजदर एक अंकमा नबढ्ने गरि (Single Digit) कायम गर्नुपर्ने, पुनरकर्जा तथा विभिन्न शिर्षक र क्षेत्रमा प्रवाह गरिने सहुलियतपूर्ण कर्जा अन्तरगतका सूविधामुलक कर्जाहरुलाई सहज र द्रुतगतिमा प्रवाह गर्ने व्यवस्था मिलाउन समेत राष्ट्र बैंकलाई आग्रह गरेको छ ।

संगठनको प्रतिनिधिमण्डलमा बरिष्ठ उपाध्यक्ष प्रदिप मुरारका, उपाध्यक्षद्धय राजकुमार गोल्छा, नन्द किशोर राठी, कार्यसमिति सदस्य सुशिल रिजाल, अध्यक्षिय सल्लाहकार सोम अधिकारी लगायतको सहभागिता रहेको थियो ।

# चालूपूजि कर्जा सम्बन्धी मार्गदर्शन, २०७८ को मस्यौदामा उद्योग संगठन मोरङको सुझाव ।

**२६ पौश, २०७८**

उद्योग संगठन मोरङले नेपाल राष्ट्र बैंकले तयार पारेको चालूपूँजी कर्जा सम्बन्धी मार्गदर्शन, २०७८ को मस्यौदामा संगठनका तर्फबाट राय सुझाव प्रस्तुत गरेको छ । राष्ट्र बैंकले चालुपूँजी कर्जाको सिमा वार्षिक कारोबारको २० प्रतिशत सम्म मात्र रहने गरि तयार गरेको मस्यौदा उत्पादनमुलक उद्योगहरुका लागी व्यवहारिक नभएकोले उक्त व्यवस्था संशोधन गर्नु पर्ने राय सहित नेपाल राष्ट्र बैंकलाई पत्र लेख्दै सुझाव निम्न बमोजिम रहेको छ ।

**१. चालूपूँजी कर्जाको सिमा निर्धारण**

फर्म, संस्था वा कम्पनीलाई बैंक तथा वित्तिय संस्थाबाट प्रवाह चालूपूँजी कर्जाको सिमा निर्धारण गर्दा वार्षिक अनुमानित कारोबार/बिक्रिको अधिकतम २० प्रतिशत मात्र चालूपूँजी कर्जा सिमा कायम गर्नु पर्दछ भन्ने मस्यौदाको प्रस्ताव छ । नेपाल राष्ट्र बैंकले अनुत्पादक क्षेत्र घरजग्गा, सेयर तथा व्यापारमा भएको कर्जा प्रवाहलाई नियन्त्रण गर्न खोजेको भएता पनि चालुपूँजि माथीको यस प्रकारको नियन्त्रणले उत्पादनमुलक उद्योगहरु उठ्नै नसक्ने गरि थला पर्ने निश्चित छ । तषर्थ नेपाल राष्ट्र बैंकले कर्जा उपयोगिताको बिषयलाई शुक्ष्म निगरानी राखी पूँजि पलायन (Capital Flight) गर्न गराउन खोज्नेलाई कार्बाहीको दायरा ल्याउने तर उत्पादनमुलक क्षेत्रको हकमा कुनै पनि किसिमको चालूपूँजी कर्जाको सिमा तोकिनु हुदैन भन्ने संगठनको स्पष्ट धारणा रहेको छ । उत्पादनमुलक उद्योगलाई चालुपूजी कर्जामा नियन्त्रण गर्दा कामै गर्न नसक्ने अवस्था उत्पन्न भई उत्पादनमुलक उद्योगहरु कसरी धारासायी हुन्छन भन्ने तलको उदाहरणबाट पनि प्रष्ट हुन्छ ।

**उदाहरण १ :** बर्षमा एकपटक सिजनमा बर्षभरिलाई चाहिने कच्चा पदार्थ खरिद गरि भण्डारण गरि राख्ने प्रकृतिका उद्योगहरु (जस्तै धान, मकै, गहू वा अन्य खाद्यान्नहरु कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योग) जस्लाई एकै पटक चालुपूँजिको आवश्यकता पर्दछ त्यस्ता उद्योगहरुले २० प्रतिशतको कर्जा सिमा भएमा बन्द गर्नु पर्ने अवस्था आउछ ।

**उदाहरण २ :** कच्चा पदार्थ आयात गर्ने उद्योगहरुको हकमा कच्चा पदार्थ आयातका लागी प्रतित पत्र खोल्ने देखि कच्चा पदार्थ उद्योगसम्म आइपुग्दा करिब ३ महिना, उक्त कच्चा पदार्थबाट वस्तु उत्पादन, भण्डारण, बिक्रि र बजारबाट पैसा आउने क्रममा करिब ६ महिना चालूपूँजी होल्ड हुन्छ यस्तो अवस्थामा चालूपूँजीको कर्जाको सिमा निर्धारणले उत्पादनमुलक उद्योगहरु करिब करिब बन्द गर्नुको बिकल्प रहदैन ।

**२. आधार बर्षको गणना र आउन सक्ने व्यवहारिक कठिनाई**

चालुपूँजिको कर्जाको सिमा निर्धारणका लागी सम्बन्धीत कम्पनीको कुन आर्थिक बर्षको कारोबारलाई आधार मानिने हो स्पष्ट छैन । साथै, अघिल्लो आर्थिक बर्षमा कच्चा पदार्थ, लजिष्टिक तथा फ्रेट सर्भिसको रुपमा प्रयोग भएको कुनै मालवस्तु, सेवाको मुल्य चालु आर्थिक बर्षमा अप्रत्यासित रुपमा बृद्दि हुँदा चालुपूजीको वास्तविक आवश्यकता सिमा निर्धारण बिच तादम्यता नमिल्ने र उद्योगीलाई आवश्यक परेको चालूपूँजीको अभाव हुन गई उद्योग सञ्चालनमा कठिनाई उत्पन्न हुन्छ । जस्तोः त्यसैगरि, आयातित सोयाबिन कच्चा तेलको मुल्य गत आर्थिक बर्षमा प्रति के.एल ६०० देखि डलर रहेकोमा यस आ.व.मा १२ देखि १४०० डलरसम्म पुगेको छ । त्यस्तैः अन्य स्थानीय स्तरमा पाउने कच्चा पदार्थहरुको (आंशिकरुपमा पाइने मकै, गहु तथा अन्य स्थानीय कच्चा पदार्थ) मुल्य, लजिष्टक व्यवस्थापनको खर्च अघिल्लो बर्षको तुलनामा मुल्य आकाशिएकाले कारोबार तथा कर्जा आवश्यकता पूर्वानुमान गर्न सकिर्दैन त्यसकारण चालुपूँजीको कर्जाको सिमाको नियन्त्रण व्यवहारिक देखिदैन ।

त्यसकारण, कर्जाको सिमा निर्धारण तथा अनुगमन कार्यको मुलभूत बिषयमा एकरुपता कायम गर्ने एवं कर्जा उपयोगलाई पारदर्शि बनाउदै अनुत्पादन क्षेत्रमा हुने वा हुन सक्ने पूँजी पलायन (Capital Flight) लाई सुक्ष्म निगरानीमा राखी सबै उत्पादनमुलक उद्योग व्यवसायहरुको हकमा चालुपूँजी कर्जाको सिमा राख्न नहुने सुझाव संगठनका तर्फबाट पेश गरिएको हो ।

# वर्तमान तरलता व्यवस्थापनका लागि उद्योग संगठन मोरङको

## नेपाल राष्ट्र वैंक समक्ष अनुरोध

**२०७८ चैत्र ०२, विराटनगर**

विगत केही दिनयता जारी रुस र युक्रेन बीचको युद्ध, अन्तर्राष्ट्रिय र राष्ट्रिय वजारमा उकालो लागिरहेको ईन्धनको मूल्य, डलरको वढदो भाउ लगायत कच्चा पदार्थको खरिद तथा लजिष्टिक कष्टमा भईरहेको वृद्धि र विश्व वजारको परिवर्तित अवस्थाले वैदेशिक कच्चा पदार्थमा निर्भर रहेका स्वदेशी उत्पादनमूलक उद्योगहरुले वर्तमान समयमा सामना गर्नुपरिरहेको आन्तरिक र वाह्य चूनौतिलाई मध्यनजर गरी तरलता प्रवाहको व्यवस्थापन तथा व्याजदर नियन्त्रणका लागि संगठनले नेपाल राष्ट्र वैंक समक्ष निम्न बमोजिम सुझावहरु प्रस्तुत गरेको छ ।

१. वर्तमानको कठिन समयमा उत्पादन प्रकृयालाई निरन्तरता दिई बजारमा वस्तु आपूर्ति गर्दै आएका उद्योग व्यवसायले भोगिरहेको वित्तिय अभावको समस्यालाई मध्यनजर गरी त्यस्ता उद्योगहरुको निरन्तर र दीर्घकालिन सञ्चालनका लागि तत्काल रु.५०० करोड Re-financing को तत्काल व्यवस्था गर्नुपर्ने ।

२. विदेशी विनियमको सञ्चितिको विद्यमान अवस्थालाई दृष्टिगत गरि तोकिएका वस्तुहरुको आयातमा प्रतित पत्र खोल्दा अनिवार्य रुपमा नगद मार्जिन राख्न पर्ने प्रावधान लागू गरिसकेको र यसबाट सञ्चित भएको रकम उत्पादनमुलक उद्योग व्यवसायमा प्रवाह गर्न कर्जा निक्षेप अनुपातको वर्तमान प्रावधानले रोकेको हुँदाँ कर्जा निक्षेप (CD) अनुपात कायम राखी राख्न न्यायोचित नदेखिने भएकाले यस्तो प्रावधान अविलम्ब खारेज गरि तरलता अभावलाई सम्बोधन गर्नुका साथै उत्पादनमुलक उद्योगहरुका औद्योगिक कच्चा पदार्थ तथा मिल मेशिनरीहरुको आयातमा थप सहजिकरण गर्नु पर्ने ।

३. तिनै तहका सरकारहरुले गर्ने पूँजिगत तथा विकास खर्च अत्यन्त न्युन भएकोले हाल सरकारी ढुकुटीमा करिब ३०० अरबभन्दा बढि रकम निष्कृय भएर रहेको छ । तत्कालको तरलता अभावलाई सम्बोधन गर्न सरकारको विकास तथा पूजिगत खर्चमा जाने राष्ट्र बैंकमा निक्षेपकारुपमा जम्मा भएको सो रकम बैंक तथा वित्तिय संस्थाहरुको खातामा ट्रान्सफर गरि नगद उपयोग गरि तरलता व्यवस्थापन गरिनु पर्दछ । हाल स्थानीय सरकारहरुको ८० प्रतिशत रकम वाणिज्य बैकंहरुमा निक्षेपका रुपमा राख्दै आएको दृष्टान्तलाई मध्यनजर गर्दै संघिय र प्रदेश सरकारको खातामा राष्ट्र बैंकमा रहेको रकमलाई बैंक तथा वित्तिय संस्थाहरुमा जम्मा गर्ने व्यवस्था तत्काल मिलाउनु पर्ने ।

४. हाल संस्थागत निक्षेप आकर्षित गर्न विभिन्न वैंक तथा वित्तिय संस्थाहरुले व्याजदरमा प्रतिष्पर्धा गर्दै दोहोरो अंकको व्याजदर कायम गरि गरेका छन । गैह्नाफामुलक एवं अनुत्पादक क्षेत्रका रुपमा रहेका यस्ता संस्थागत निक्षेपलाई महंगो व्याजदर उपलब्ध गराउदा ऋण लिई संचालनमा रहेका उत्पादनमूलक उद्योगहरु वढदो व्याज दरको मारमा पर्ने भएकाले संस्थागत निक्षेपको व्याजदर सर्वसाधारणको निक्षेपमा दिइने व्याज भन्दा कम्तीमा ३ अंकले कम हुने गरि कायम गर्ने र उत्पादनमुलक क्षेत्रमा प्रवाह भएको र हुने कर्जाको व्याजदर एक अंकमा नबढ्ने गरि कायम गर्नुपर्ने ।

अनुसुचि - ४

## विद्युतसाग सम्बन्धीत सुझावहरू

## विद्युत समस्या समाधान गर्न संगठनद्धारा प्राधिकरणको ध्यानाकर्षण

**२०७८ भाद्र २३, विराटनगर**

उद्योग संगठन मोरङ उद्योग व्यवसाय क्षेत्रमा नियमित विद्युत आपूर्तिमा भईरहेको समस्याका साथै विद्युतसँग सम्वन्धित अन्य नीतिगत समस्या समाधानका लागि नेपाल विद्युत प्राधिकरणको ध्यानाकर्षण गराएको छ ।

आज मिति २०७८ भाद्र २३ गते नेपाल विद्युत प्राधिकरण प्रदेश नं. १ ले आयोजना गरेको छलफल कार्यक्रममा संगठनका अध्यक्ष सुयश प्याकुरेलले सदस्य उद्योग प्रतिष्ठानहरुका विद्युतसँग सम्वन्धित समस्या प्रस्तुत गर्दै विद्युतको अनिमित आपूर्तिले उद्योग प्रतिष्ठानहरुको उत्पादन लागतमा वृद्धि भएको, उत्पादित वस्तुको गुणस्तरमा ह्रास आएको, मिल मेशिनेरीहरुमा वारम्वार समस्या आई संचालन खर्च वृद्धि हुनुका साथै प्रतिष्पर्धात्मक क्षमता नै ह्रास आईरहेकाले विद्युतसँग सम्वन्धित नीतिगत र कार्यान्वयन तहका निम्न सुझावहरु प्रस्तुतहरु प्रस्तुत गरी समाधानका लागि अनुरोध गरे ।

१. सानो झरी, बर्षा, हावामा समेत संरचना भत्कन गई अत्यधिक पावर कट तथा ट्रिपिङ भईदिनाले मेशिन औजार बिग्रिने, उत्पादन प्रकृया रोकिनुका साथै जेनेरेटरमा भरपर्नुपर्दा उत्पादन लागत वढन गएकाले यसको स्थाई समाधान खोज्नु पर्ने । विशेष गरी कटहरी क्षेत्रका उद्योगहरु प्रतिष्ठानहरु विद्युतको संचरनागत सुधारको अभावले वढी प्रताडित भएकाले त्यस क्षेत्रको समस्यालाई यथाशिघ्र समाधान गरिनु पर्ने ।

२. कुनै उद्योगले बोइलर प्लान्टबाट उत्पादन गरेको विद्युत उद्योगमा खपत हुन नसकेको अवस्थामा विद्युत प्राधिकरणको प्रशारण लाइनमा पठाई बिक्रि गर्ने व्यवस्था लागु हुन नसक्दा वोईलर प्लान्ट संचालनको खर्च वृद्धि हुनुका साथै विद्युत समेत खेर गएको हुँदा विद्युत धेरै भएको समय बिक्रि गर्न र अपुग हुँदाँ खरिद गर्न सक्ने प्रावधान भएतापनि कार्यान्वयनलाई सरल र सहज गरिनु पर्दछ ।

३. विद्युत मिटर रिडिङको क्रममा प्राधिकरणको कर्मचारीबाट बिलिङमा त्रुटि भई छुट भएको युनिटलाई पुनः बिलिङ गर्न पाउने व्यवस्था रहेको र यसरी छुट भएको युनिटलाई कहिलेसम्म बिलिङ गर्न पाउने स्पष्ट नहुँदा बर्षौ पछि समावेश भई आउदा उपभोक्ता मारमा परेकाले यस्तो छुट भएको युनिटको शुल्क कहिलेसम्म लिन पाइन्छ ? विद्युतको कर्मचारीहरुबाट असावधानीवश भएको त्रुटी उद्योगी/व्यवसायीलाई थोर्पनु न्यायसँगत हुदैन । तषर्थ यस सम्वन्धमा स्पष्ट प्रावधान हुनुपर्छ र सो को समयसिमा निर्धारित गरिनु पर्दछ ।

४. प्रत्येक महिना मिटर रिडिङ भएको ७ दिन भित्र बिलको रकम बैंक मार्फत जम्मा गरि भौचर प्राधिकरणमा पेश गर्नुपर्दछ । बैंकले सो चेक उक्त दिन नै क्लियरिङ नगरेमा वा उक्त दिन शुक्रबार अथवा सार्वजनिक बिदा परी बैंकले क्लियरिङ गरि प्राधिकरणको खातामा रकम जम्मा नगर्दासम्म शुल्क तिरेको नमानी रिवेट नदिने भएकाले बैंकमा भौचर दाखिला गरेको मितिलाई नै उपभोक्ताले भुक्तानी गरेको मिति मान्ने व्यवस्था हुनुपर्दछ ।

५. विद्युतको टि.ओ.डी मिटर, अन्तर्गत विद्युत महशुल चार्ज गर्दा पौष, माघ, फाल्गुण र चैत्र महिनामा टि ३ को मुल्यलाई टि २ को सरह नै लिईने गरेको छ । बिगत ५-७ बर्ष अघि चर्को लोडिसेडिङ हुँदा गरिएको

यस्तो व्यवस्था अव विजुली बिक्रि गर्ने अवस्थासम्म कायमै हुनु न्यायसँगत नदेखिएकाले टि ३ को महशुल वर्षभरी समान हुनुपर्दछ । ।

६. विद्युतको डिमाण्ड शुल्क लगाउनु पर्ने आधारभूत कारण देखिदैन । लोडसेडिङको स्थितीमा वा भिन्न अवस्थामा भिन्न प्रयोजनका लागी लगाइएको डिमान्ड शुल्कको प्रावधान विद्युत बिक्रि गर्ने अवस्थामा आइपुग्दासम्म कायम हुनु दुर्भाग्य हो । यसको लागत विश्लेषण गरी हेर्नु आवश्यक छ । उद्योगी उपभोक्ता मैत्री नभएको यस्तो प्रावधान खारेज गर्नु पर्छ ।

७. विद्युत प्राधिकरणको शाखाहरुमा हरेक पटक पत्र दर्ता गर्न जाँदा रु ५ को टिकट टाँसेर ल्याउनु भनिन्छ । आजको जमानामा पनि सेवाग्राहीलाई एउटा पत्र दर्ता गर्दा समेत पैसा असुल्नु कहाँको न्याय नियम हो ? यस्तो व्यवस्था तुरुन्त खारेज गर्नु पर्छ ।

८. विद्युत प्राधिकरण एवं अन्य जुनसुकै कार्यालयमा पनि सेवाग्राहिले कुनै निवेदन दर्ता गराउन जाँदा पहिले प्रमुखको तोक नलगाई दर्ता गर्न पाइदैन । सरकारी तथा सार्वजनिक निकायमा कार्यालय समय भित्र आएको निवेदन बिना तोक आदेश सहजरुपमा दर्ता गर्न पाउने व्यवस्था हुनु पर्दछ ।

अनुसुचि - ५

### उद्योग संगठन मोरङ र आर्थिक पत्रकार समाज सेजनद्धारा संयुक्तरुपमा आयोजित आगामी आर्थिक वर्षको बजेट र कार्यान्यनको लागि नीजिक्षेत्रको भूमीका बिषयक भर्चुअल कार्यक्रममा

## उद्योग संगठन मोरङका अध्यक्ष श्री सुयश प्याकुरेलद्धारा प्रस्तुत

आर्थिक बर्ष २०७८र७९ को बजेट तथा बजेटले सम्बोधन गरेका विषयहरु :
उद्योग संगठन मोरङको धारणा तथा थप सुझावहरु

**मिति : २०७८।०२।२०**

नेपाल सरकारले आर्थिक बर्ष २०७८।७९ को १६ खर्ब अरबको बजेट सार्वजनिक गरेको छ। कोभिड महामारी बिरुद्ध लड्न पर्याप्त बजेट विनियोजन गर्दै कोभिड संक्रमणबाट थला परेको निजि क्षेत्रलाई केहि राहत दिनुका साथै औद्योगिक क्षेत्रको प्रवर्धन र विकासमा केहि उल्लेख्य कार्यक्रमहरु समावेश गरेकोले संगठनले यो बजेटलाई सकारात्मक रुपमा लिएको छ।

### १. कोभिड १९ नियन्त्रण र खोप

**बजेट** : बजेटले सबै नागारिकलाई निःशुल्क खोज उपलब्ध गराउन बजेट छुट्टाएको र कोभिड महामारी नियन्त्रण तथा स्वास्थ्यमा बजेट अभाव हुन नदिने प्रतिवद्धता आएको छ जुन सकारात्मक छ।

**थप सुझाव** : विश्वभर नै खोपको अत्याधिक माग भएकोले पर्याप्त कुटनितिक पहल गर्न र चाडो भन्दा चाडौ खोप उपलब्ध गराउन अनुरोध गर्दछौ। सबैलाई एकै पटक खोप लगाउन नसकिने भएकोले अबको प्राथमिकतामा उद्योग व्यवसाय क्षेत्र, संलग्न कामदार तथा कर्मचारीलाई प्राथमिकताका साथ खोप उपलब्ध गराई उद्योग व्यवसायलाई पुरानै लयमा फर्काउने व्यवस्था मिलाउन गर्दै हामी नीजि क्षेत्र र संलग्न कामदार तथा मजदुरका लागी सशुल्क खोप लगाउन समेत तयार रहेको व्यहोरा अनुरोध गर्दछौ।

साथै, विश्वमा कोभिडको तेश्रो लहर समेत देखा पर्न थालेकोले बेलै यस तर्फ पर्याप्त ध्यान दिई आवश्यक तयारीका लागी अनुरोध गर्दछौ।

### २. राहत छुट सहुलियत र पुनरउद्दार

**बजेट** : महामारीबाट प्रभावित उद्योग व्यवसायको निशेधाज्ञा अवधीको विद्युत डिमान्ड शुल्क छुट तथा सामाजिक सुरक्षा कोषमा जम्मा गर्नू पर्ने कामदार र कर्मचारीको जेठ र असार महिनाको योगदान सरकारले व्यहोर्नू सकारात्मक छ । साथै उद्योगको प्रकृहति हेरि नविकरण देखि आय करसम्म छुटको व्यवस्था गरिएको छ जस्ले प्रभावित उद्योगलाई अवश्य पनि राहत प्रदान गर्नेछ।

रु. १ करोडसम्म कारोबार गर्ने साना उद्यमीहरुलाई ५० देखि ९० प्रतिशतसम्म आय कर छुट दिइएको छ। यस्ले अतिप्रभावित साना उद्योगहरुलाई ठुलो राहत पुग्ने छ।

पुनरकर्जा र व्यवसाय निरन्तरता कर्जा, लघु घरेलु तथा साना उद्योग एवं महिला उद्यमीहरुलाई प्रदान गरिदै आएको सहुलियतपूर्ण कर्जालाई निरन्तरता दिइएको छ जुन सकारात्मक छ।

**थप सुझाव** : राष्ट्र बैंक मार्फत व्याज अनुदानमा प्रदान गरिने पुनरकर्जा र व्यवसाय निरन्तरता कर्जा लगायतका सहुलियतपूर्ण कर्जाहरुको सरल र सहज पहुच हुनु पर्दछ। र सामाजिक सुरक्षा कोषमा गर्ने योगदान २ महिनाको मात्रै नभएर निशेधाज्ञा अवधीभर गर्नु पर्दछ।

कोभिड माहमारीको सबैभन्दा बढि चपेटामा परेका लघु घरेलु तथा साना उद्योग, पर्यटन उद्योगहरुको उत्थानका लागी त्यस्ता उद्योगको स्थिर खर्च र बैंकको ब्याज नगदै अनुदान उपलब्ध गराउन अनुरोध गर्दछौं ।

## ३. स्टार्ट अप तथा औद्योगिक जनशक्ती उत्पादनमा जोड

**बजेट** : युवाहरुलाई उद्यमशिलतामा आकर्षण गर्न स्टार्टअप व्यवसायलाई परियोजनामा आधारित १ प्रतिशत व्याजदरमा २५ लाखसम्म उपलब्ध गराउने, व्यवसाय दर्ता नविकरण निशुल्क एकद्धार प्रणालीबाट गर्ने, र ५ बर्षसम्म आय कर छुट दिने प्रावधान अत्यन्तै सकारात्मक छ ।

त्यस्तै, बजेटले औद्योगिक जनशक्ती उत्पादनका लागी एप्रेन्टीसिप तालिमका लागी तालिम अवधीको ३ महिनाको बेसिक पारिश्रमिक अनुदान दिने घोषणाले जनशक्ती विकासमा उल्लेख्य टेवा पुग्ने विश्वास छ ।

उद्योग संगठनले स्टार्टअप व्यवसाय प्रवर्धन र सिप विकास कार्यक्रमलाई आफ्नो महत्वकांक्षी कार्यक्रमको रुपमा थालनी गरेको परिप्रेच्छ्यमा बजेटले स्टार्टअप ब्यवसाय र औद्योगिक सिप विकासलाई प्राथमिकतामा राख्नुले संगठनलाई हौसला मिलेको छ ।

**थप सुझाव** : स्टार्टअप व्यवसायलाई वित्तिय पहुँच मात्रै होइन, व्यवसायिक विकास सेवाका अन्य प्राविधिक तथा व्यवस्थापकिय क्षमता अभिबृद्धि, वस्तु उत्पादन, बजार प्रवर्धन लगायतमा प्राविधिक सेवा आवश्यक पर्ने र संगठनले स्टार्टअप एण्ड इनोभेसन युनिट मार्फत काम गर्ने योजना गरेकोले यस बिषयमा सहकार्यका साथ काम गर्न प्रतिवद्धता व्यक्त गर्दछौं ।

त्यस्तै, औद्योगिक सिपयुक्त जनशक्ती विकासको सरल कार्यविधि आएमा संगठनमा स्थापना गरिएको सिप विकास युनिट मार्फत सहकार्य गरि काम गर्न तयार छौं ।

## ४. स्वदेशी उत्पादन प्रवर्धन

**बजेट** : स्वदेशि उत्पादन प्रवर्धनको लागी मेड इन नेपाल र मेक इन नेपाल अभियान सञ्चालन गर्ने बिषय बजेटमा आउनु राम्रो पक्ष हो । उद्योग संगठनले अघि सारेको मेरो देश, मेरै उत्पादन अभियानलाई समेत यस घोषणाले प्रवर्धनमा टेवा पुग्ने हाम्रो विश्वास छ । पहाडमा निर्माणमा स्वदेशी सिमेन्ट र रड प्रयोग गर्ने तथा स्वदेशी उत्पादनको संरक्षणका लागी एण्टी डम्पिङ कानुन कार्यान्वयनमा ल्याउने पक्ष सकारात्मक छ ।

**थप सुझाव** : निरन्तर बढिरहेको व्यापार घाटा कम गर्न स्वदेशी उत्पादनको प्रयोग र प्रवर्धन लाई विकास निर्माण र आन्तरिक खपतमा बढाउनु नितान्त आवश्यक छ । यस तर्फ बजेटले खासै ध्यान दिन सकेन । त्यसैगरि, खुला सिमा नाकाबाट हुने गैह्कानुनी चोरी पैठारी रोकी स्वदेशी उत्पादनलाई अस्वस्थ प्रतिष्पर्धाबाट बचाउने तर्फ यथेष्ठ ध्यान दिन जरुरी छ ।

## ५. औद्योगिकरण तथा औद्योगिक पूर्वाधार

**बजेट** : औद्योगिकरणका स्थानीय तह देखि प्रदेश तथा केन्द्रसम्म औद्योगिक ग्राम, औद्योगिक केन्द्र, बिशेष आर्थिक क्षेत्र लगायतका संरचना बनाउने, उद्योग संगठन मोरङले लामो समयदेखि माग गर्दै आएको सुनसरीको अमरडुवामा रहेको सरकारी ६५० विगाह जग्गामा औद्योगिक क्षेत्र बनाउने कुरा सकारात्मक छ । साथै, बजेटले औद्योगिक क्षेत्रमा स्थापना हुने वा स्थानान्तरण गर्ने उद्योगलाई जग्गा देखि आयकर तथा मिलमिशिनरीमा भन्सार छुट लागयतका सहुलियतको घोषणा गरेको छ जसबाट व्यवस्थीत औद्योगिकण हुने भएकोले हामीले सकारात्मक रुपमा हेरेका छौं ।

त्यस्तै, संगठनले ९९ बर्षका लागी जग्गा व्यवस्थापन गरि औद्योगिक प्रदर्शनी स्थापना गर्न अघि बढाएको अन्तराष्ट्रिय औद्योगिक प्रदर्शनी केन्द्रका लागी बजेटले सम्बोधन गर्नु अत्यन्तै सकारात्मक रहेको छ ।

**थप सुझाव** : औद्योगिक क्षेत्र, ग्राम, बिशेष आर्थिक क्षेत्र जस्ता विषयहरुमा सधैं बजेटमा आउने, अध्ययन गर्ने मात्रै काम भएको छ । निर्माणको काम नै शुरु गर्ने गरि काम गर्नु पर्दछ । भैरहवाको सेजमा उद्योगहरु किन आकर्षीत हुन सकेनन सो बिषयलाई समेत ध्यानमा राखी औद्योगिक लगानीका लागी सहिजकरण गरिनु पर्दछ ।

६. **कर तथा राजस्व**

बजेट ढुवानी सेवा, ढुवानी सेवाको भाडा। कार्गो सेवा लगायतमा लाग्ने भ्याट छुट, डिजेल तथा एलपि ग्यासमा भ्याट क्रेडिट गर्न पाउने बिषय स्वागत योग्य छ । विद्युतीय सवारी साधन तथा घरायसी सामानमा अन्तः शुल्क तथा कर छुट दिएको तथा पेट्रोलियम पदार्थमा निर्भर यातायात तथा अन्य बिषय क्रमशः विद्युतियमा रुपान्तरण गर्ने घोषणा स्वागतयोग्य छ ।

स्वदेशी उत्पादनको प्रवर्धनका लागी कच्चा पदार्थ र तयारी मालको पैठारी गर्दा कम्तीमा १ तह को भन्सार दर कायम गर्ने कुरा बजेटमा उल्लेख छ ।

त्यसैगरि, मूल्य अभिबृद्धि करको खरिद खाता र बिक्रि खाता प्रत्येक बर्ष कर अधिकृतबाट प्रमाणित गर्ने व्यवस्था हटाएको, निकासी पैराठी संकेत नम्बर ५ बर्षका लागी एकैपटक नविकरण गर्न सकिने, भन्सारमा कन्टेनर स्क्यानर मेशिन जडान, भन्सार विन्दुमा भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर तथा महशुल विद्युतिय माध्यमबाट तिर्न सकिने, डेविड, कार्ड, क्रेडिट कार्ड, क्यूआर कोड, स्कान पे लगायतबाट भुक्तानी गर्दा मूल्य अभिबृद्धि करको १० प्रतिशत उपभोक्तालाई फिर्ता दिने, स्थानीय, प्रदेश तथा केन्द्र सरकारद्धारा स्थापित कोभिड संक्रमण र रोकथाम कोषमा उपलब्ध गराएको रकम खर्च लेख्न पाउने लगायतका प्रावधानहरु सकारात्मक छन ।

आ.व २०७५।७६ सम्म आय विवरण नबुझाई नविकरण नभएका उद्योग व्यवसायलाई २०७८ असोजसम्म विवरण र शुल्क र जरिवानाको १० प्रतिशत बुझाई अद्यावधिक गर्न सकिने व्यवस्था, मुल्य अभिबृद्धि कर ऐन २०७२, अन्त शुल्क ऐन २०५८ र आय कर ऐन बमोजिम असार २०७६ सम्म कर निर्धारण भई बक्यौता रहेको रकम मध्ये झुटा वा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारणबाट कायम भएको बक्यौताको हकमा कर ब्याज पौष मसान्त २०७८ भित्र बुझाएमा सोमा लागेको शुल्क थप दस्तुर र जरिमाना मिनाह हुने व्यवस्थाले रुग्ण उद्योगहरुलाई राहत मिल्ने छ ।

त्यसैगरि, राजस्व सम्बन्धी मुद्दामा जादा करदाताहरुले नगद रकम धरौटी राख्नुपर्ने सो रकम बराबरको बैंक ग्यारेन्टीलाई मान्यता दिने हाम्रो मागको सम्बोधन भएको छ ।

**थप सुझाव** : स्वदेशी उद्योगको प्रवधनका लागी संगठनले माग गर्दै आएको २ तहको भन्सार दर कायम हुनु पर्दछ ।

७. **कार्यान्वयनमा चुनौती**

गत बर्ष ऋणात्मक रहेको, चालु आ.व मा ४ प्रतिशतसम्म पुग्ने अनुमान गरिएको आर्थिक बृद्धि दर आगामी आर्थिक बर्षमा ६.५ प्रतिशतले बृद्धि हुने प्रक्षेपण बजेटले गरेको छ । ) चालू खर्च (८०) प्रतिशत विनियोजनको तुलनामा ज्यादै न्यून पुँजिगत विकास खर्च (२० प्रतिशत) विनियोजन रहेको र पूँजिगत खर्च गर्ने क्षमता बढ्न नसकेकोले ६.५ प्रतिशतको आर्थिक बृद्धिदर त्यती यथार्थपरक देखिदैन । प्रशासनिक ढिलासुस्ती, स्पष्ट कार्यविधि नभएका कतिपय कार्यक्रमहरुमा बजेट विनियोजन, अनिश्चित कोभिड संक्रमणको महामारी, आसन्न निर्वाचन लगायतका कारणहरुले बजेट कार्यान्वयनमा चुनौती रहेको छ ।

# आर्थिक बर्ष २०७९/८० को बजेटमा
# उद्योग संगठन मोरङको सुझाव

**१. चालू आर्थिक बर्ष २०७८/७९ को बजेटमा उल्लेख गरिएको तर कार्यान्वयन हुन नसकेका निम्न बिषयहरु आगामी आ.व. २०७९/८० को बजेटमा समावेश गरि प्राथमिकताका साथ कार्यन्वयन गरिनु पर्ने ।**

१.१ (बुँदा नं ६७) : युवा उद्यमीहरुलाई स्टार्टअप व्यवसाय संलग्न हुन अभिप्रेरित गर्ने उद्देश्यले परियोजना धितो राखी १ प्रतिशत व्याजदरमा रु २५ लाखसम्म विउ पूँजि उपलब्ध गराउने । स्टाटअप व्यवसायको दर्ता नविकरण तथा अन्य सेवा एकद्धार प्रणालीबाट नि:शुल्क उपलब्ध गराउने । र यसका लागी रु १ अरबको च्यालेञ्ज फण्डको व्यवस्था गरिएको ।

१.२ (बुँदा नं ७३) : स्वदेशी उद्योग आवश्यकता अनुरुपको सीपयुक्त जनशक्तीको विकास गर्न निजी क्षेत्रको साझेदारीमा उत्पादन तथा सेवामुलक उद्योगमा प्रशिक्षार्थी कामदारलाई तीन महिनाको न्यूनतम पारिश्रमिक बराबरको अनुदान उपलब्ध गराई कार्यस्थलमा आधारित आधारभुत तालिम सञ्चालन गरी थप २५ हजार रोजगारी श्रृजना गरिने । यसका लागी रु १ अरब बिनियोजन भएको ।

१.३ (बुँदा नं १८१) : सुनसरीको अमरडुवामा विषेश आर्थिक क्षेत्र स्थापना गर्न सम्भाब्यता अध्ययन गरिने ।

१.४ (बुँदा नं १८३) : विराटनगरमा सञ्चालित प्रदर्शनी स्थललाई स्तरोन्नती गरिनेछ ।

१.५ (बुँदा नं २००) : अघिल्लो आर्थिक बर्षको भन्दा थप परिमाण र मूल्यको सामाग्री निर्यात गर्ने निर्यातकर्तालाई थप अनुदान दिने व्यवस्था गरिने छ । निर्यात अनुदानलाई उत्पादकको तहसम्म पुर्याइने छ ।

१.६ (बुँदा नं २०२) स्वदेशी उद्योगको संरक्षणका लागी सेफगार्ड, र एण्टीडम्पिङ र काउन्टरभेलिङ कानुन कार्यान्वयन गरिने छ ।

१.७ (बुँदा नं २०४) : छिमेकी मुलुक सँगको वाणिज्य तथा व्यापार सन्धी पुनरावोलकन गरिने छ । मित्रराष्ट्र भारत र चीनबाट प्राप्त पारवहन सुविधाको अधिकतम उपयोग गरि तेश्रो मुलुकसँगको व्यापार विस्तार गरिने छ ।

१.८ (बुँदा नं २०५) : अन्तरदेशिय व्यापार पूर्वाधार निर्माणलाई तिब्रता दिइने छ । नेपाल र भारत सीमामा रहेका एकीकृत जाँच चौकीलाई रेलमार्गसँग आवद्ध गरिने छ ।

१.९ औद्योगिक व्यवसाय ऐन २०७६ उत्पादनमुलक उद्योगमा कुल जनशक्तीमध्ये कम्तीमा १० प्रतिशत प्रशिक्षार्थी कामदार राखेमा त्यस्तो कामदारलाई प्रशिक्षण दिदा दिनु पर्ने निर्वाह खर्च, प्रशिक्षण खर्च र उद्योगमा कार्यरत जनशक्तीको उत्पादन क्षमता विकासमा भएको खर्च रकम आय कर गणना प्रयोजनको लागी कट्टी गर्न पाउने व्यवस्था गरेको छ तर कार्यविधी नआएकोले यो सुविधा कहिले र कसरी उपभोग गर्ने प्रस्ट नभएको ?

१.१० औद्योगिक व्यवसाय ऐन २०७६ को दफा २५ को (छ) मा भएको “निर्यात हुने औद्योगिक वस्तुमा प्रयोग गरिने माध्यमिक (इण्टरमिडिएट गुड्स) उत्पादन गर्ने उद्योगले उत्पादन सामाग्रीमा तिरेको भन्सार महशुल निर्यात भएको परिमाणको आधारमा सम्बन्धीत माध्यमिक वस्तु उत्पादन गर्ने उद्योगलाई फिर्ता दिइने” प्रावधान भएको भएता पनि कार्यान्वयन नभएकोले यसको कार्यान्वयन गर्नु पर्दछ ।

## २. अन्तरदेशिय व्यापार सहजिकरण एवं व्यापारिक पारवहन पूर्वाधार विकास

२.१ भारतीय सहयोगमा निर्माणाधीन जोगबनी-कटहरी रेल मार्गको हाल निर्माण भई परीक्षणसमेत भइसकेको जोगबनी-विराटनगर एकीकृत भन्सार जाँच चौकीसम्मको खण्डमा कार्गो रेल नेपाल तर्फ मुआब्जाको सामान्य विवादका कारण सञ्चालनमा आउन सकेको छैन । जग्गा मुआब्जाको समस्या समाधान गरि यथाशीघ्र रेल्वे कार्गो सेवा सञ्चालन गर्नु पर्ने ।

२.२ समय समयमा कलकत्ता बन्दरगाहमा आउने झन्झटिलो एवं लामो प्रकृयागत जटिलताका कारण बर्षेनी अतिरिक्त लजिष्टक शुल्कका रुपमा ठुलो रकम विदेश गइरहेको तथा उत्पादन लागत बढ्न गई स्वदेशी उत्पादन प्रतिष्पर्धी बन्न नसकेको अवस्था छ । यस सन्दर्भमा पूर्व प्रधानमन्त्रीको भ्रमणका क्रममा भएको प्रधानमन्त्री स्तरिय बैठकमा साहेबगञ्ज र कालुघाटमा Water Terminal बनाई बन्दरगाहबाट बाट सिधै त्यहासम्म जलमार्गबाट ढुवानी गर्ने तथा त्यहाबाट सडक मार्ग वा रेल मार्गबाट नेपाल सम्म ल्याउने गरि भएको सहमती हालसम्म कार्यान्वयनमा नआएकोले उक्त सहमतीको अविलम्ब कार्यान्वयन ल्याउन सरकारको ध्यान जान आवश्यक छ ।

२.३ नाकाबन्दीको समयमा मित्र राष्ट्र चिनसँग तत्कालिन प्रधानमन्त्री के.पी शर्मा ओलीको भ्रमणमा Transit/ Transportation Agreement भएको र उक्त सम्झौतामा Tianjin, Liyanyungang, Shenzen, Zhanjiang बन्दरगाहहरुबाट नेपाललाई अन्तराष्ट्रिय बजार पहुँच खुला भएको भएता पनि यस रुटबाट कार्गो ल्याउदा लाग्ने लागत, कागजी प्रकृयाको अन्योलताका साथै नीतिगत अस्पष्टताको कारणले हालसम्म कुनैपनि व्यवसायिक कार्गो आउन सकेको छैन । तषर्थ, अन्तराष्ट्रिय व्यापारका लागी भारतीय मार्गमा मात्र रहेको परनिर्भर हटाउन बहुआयामिक महत्वका साथ हेरिएको यो सम्झौता कार्यान्वयनका लागी चिनबाट कार्गो ल्याउदा आवश्यक कागजी प्रकृया सरलिकरण र अतिरिक्त शुल्क सरकारले बहन गरि कार्गो ल्याउन नीजि क्षेत्रलाई अभिप्रेरित गर्नु पर्दछ। उदाहरणका लागी साउथ कोरियाबाट आयात गरिने गाडीहरु वा अन्य वस्तुहरु ल्याउन त्यान्जिङ पोर्ट प्रयोग गर्न सकिन्छ ।

२.४ तेस्रो मुलुकतर्फको निकासी प्रवर्धन गर्न नेपाल सरकारले भारत सरकारसमक्ष अनुरोध गरेको मुन्द्रा (गुजरात) बन्दरगाह तत्कालै उपयोग गर्नु पर्ने ।

२.५ तेस्रो मुलुकसँगको सहज पारवहनका लागि एक नम्बर प्रदेशले साहेबगञ्जबाट कोशी व्यारेजको हनुमाननगरसम्म जल यातायात, रेल यातायात र हवाई यातायात सहितको Multi Modal सुविधा उपयोग गर्ने गरी एकीकृत धारणा बनाउनु पर्ने ।

## ३. निर्यात प्रवर्धनमा कानूनी सुधार तथा प्रकृयागत जटिलता सरलिकरण

३.१ निर्यात प्रवर्धन तथा भारतसँगको व्यापार घाटा कम गर्न स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने र ५० प्रतिशत सम्म Value Addition गर्ने उद्योगलाई नगदमा प्रोत्साहनको सुविधा भारत निर्यात गर्दा समेत दिइनु पर्दछ ।

३.२ निकासीजन्य उद्योगले प्राप्त गर्ने बैङ्क ग्यारेन्टी, नगद धरौटी, पासबुक सुविधाहरू उपयोग गर्न प्रक्रियागत सरलीकरण गर्नु वाञ्छनीय छ । निकासीजन्य उद्योगहरूलाई अन्य देशका असल अभ्यासहरूको अध्ययन गरी नेपाल सरकारले कर नीतिहरूमा सुधार गर्नुपर्ने हुन्छ ।

३.३ निकासीजन्य उद्योगले कच्चा पदार्थ पैठारी गर्दा तिरेको महसुल निकासी गरेको परिमाणका आधारमा फ्ल्याट (Flat)दरमा फिर्ता दिइनु पर्दछ ।

३.४ बैङ्क ग्यारेन्टी, नगद धरौटी, पास बुक सविधाहरूलाई स्वचालित गरी निकासी हुनासाथ निश्चित अवधि भित्र बैङ्क ग्यारेन्टी वा नगद धरौटी स्वतः फुकुवा हुने, पासबुकको रकम र निकासी प्रोत्साहन वापत प्राप्त हुने रकम व्यवसायीको बैङ्क खाता वा छुट्टै क्रेडिट खातामा स्वतः जम्मा हुने प्रणाली विकास गर्नु पर्ने ।

३.५ निकासीजन्य उद्योगले भारततर्फ निकासी गर्दा उपयुक्त अनुगमन प्रणाली विकास गरी जतिसुकै मूल्यको निकासी गरे पनि निकासीजन्य उद्योगले प्राप्त गर्ने सुविधा उपलब्ध गराउन उपयुक्त हुने देखिन्छ ।

३.६ उद्योगले पैठारी गर्ने कच्चा पदार्थमा लाग्ने भन्सार महसुलभन्दा तयारी वस्तुको पैठारी महसुल कम भए सोको अध्ययन गरी उद्योगी व्यवसायीले नेपाल सरकारलाई सिफारिस गरेका आधारमा कच्चा पदार्थमा लाग्ने महसुल तयारी वस्तुमा लाग्ने भन्दा २ तह कम गरी समायोजन गर्नु पर्ने । यस्ता कच्चा पदार्थको व्यापारिक उपयोग पनि हुनसक्ने भएमा विचलन हुन नसक्ने प्रणाली/संयन्त्र विकास गरी त्यस्तो कच्चा पदार्थको पैठारीमा समेत निकासीजन्य उद्योगलाई सुविधा दिने ।

३.७ सामुद्रिक वन्दरगाहमा अवस्थित भन्सार र वन्दरगाह एवम् सीमावर्ती भन्सारको जाँचपास प्रक्रियालाई स्वचालित गर्नुपर्ने । बन्दरगाह र भन्सार एवम् भन्सार र भन्सार बिचको सूचना प्रणालीको आबद्धता भएमा व्यवसायीहरूले एक निकायमा पेश गरेको विवरण स्वतः अर्को निकायमा जाने भएकाले नेपालको भन्सार, भारतीय बन्दरगाह एवम् भारतीय भन्सार बिच प्रणाली आबद्धता गरी विद्युतीय सूचना प्रवाहको विकास र कार्यान्वयन गर्नु पर्ने ।

३.८ तेस्रो मुलुकतर्फ निकासी हुने र नेपालले तेस्रो मुलुकबाट पैठारी गर्दा सिङ्गापुर र कोलम्बो बन्दरगाहमा प्राप्त गरे अनुरूपको ट्रान्ससिपमेन्ट सुविधा जस्तै गरी भारतीय बन्दरगाहहरू, बन्दरगाहहरूमा अवस्थित भारतीय भन्सार र सीमावर्ती भारतीय भन्सारमा भन्सार एजेन्टको उपस्थिति बिना नै ट्रान्ससिपमेन्ट सुविधा अन्तर्गत सहज पारवहन सुविधा सुनिश्चित गर्नु पर्ने देखिन्छ ।

३.९ एउटा उद्योगमा धेरै प्रोडक्ट उत्पादन हुन्छ सबै प्रोडक्ट निर्यात हुदैन । वन्डेड वायर हाउसको सुविधा अन्तरगत जुन निर्यात हुन्छ तेहि वस्तुको कच्चा पदार्थ मात्रै बैंक ग्यारेन्टीमा ल्याएको हुन्छ । कुल निर्यातको हिसाब गर्दा आन्तरिक बजारका लागी नगद तिरेर ल्याएको कच्चा पदार्थबाट उत्पादित सामानलाई समेत कुल उत्पादनमा गणना गर्दा वन्डेर वायर हाउसको सुविधा लिन आवश्यक मापदण्ड प्रतिशतको निर्यात हुनुपर्ने मापदण्ड पुरा हुन सक्दैन । त्यसैले निर्यात गर्ने प्रयोजनका लागी बैंक ग्यारेन्टीमा ल्याएको सामानलाई मात्रै बन्डेड वायर हाउसको सुविधाको प्रयोजनका लागी गणना गरिनु पर्दछ ।

३.१० वन्डेड वायर हाउसको सुविधा प्राप्त गर्न प्रत्येक बर्ष नविकरण गर्नुपर्ने र प्रत्येक पटक पहिले बुझाएकै कागजातहरु माग गर्नुका साथै यस्तो सुविधा प्राप्त गर्न भन्सार विभाग नै पुग्नु पर्ने बाध्यकारी व्यवस्थाका कारण निर्यात योग्य उद्योगहरु उक्त सुविधाबाट बञ्चित हुँदै आएकाले प्रकृयागत जटिलतालाई सरलिकृत गर्दै सहज व्यवस्था मिलाइनु पर्दछ ।

३.११ एउटा वस्तु उत्पादनका विभिन्न प्रकारका कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थ आयात गर्नु पर्ने भएकोले त्यस्को मूल्य अभिबृद्धि गणना (Value Addition) गर्न र ड्युटी ड्र्ब्याक (Duty Draw Back) सुविधा प्राप्त गर्न विद्यमान झन्झटिलो प्रावधानलाई परिमार्जन गरि वस्तु उत्पादनमा धेरै कम्पोनेन्ट प्रयोगहुने उद्योगको हकमा प्रति केजिका दरले हिसाब गरी Duty Draw Back सुविधा उपलब्ध गराउनु पर्दछ ।

३.१२ पैठारी गरी ल्याएको मालवस्तुमा लगाइएको दरबन्दी फरक परेमा भन्सार कार्यालयले परिमार्जन गरी महशुल असुल गर्ने गरेको छ भने सोही वस्तुमा भन्सार जाँचपास परिक्षण कार्यालयले पुनः परिमार्जन गरी थप जरिवाना/दस्तुर असुल उपर गर्ने परिपाटीको अन्त्य गरी पैठारी भई आएको समयमा भन्सार विन्दुमा नै सहि मूल्यांकन गर्ने व्यस्था गर्नुपर्दछ ।

३.१३ भन्सार जाँचपास भएको मितिले चार वर्षसम्म भन्सार जाँचपास परिक्षण कार्यालयले परिक्षण गर्न पाउने कानूनी व्यवस्थाले उद्योगी/व्यवसायीलाई अनावश्यक कागजातलामो समयसम्म जर्गेना गरी राख्नुपर्ने वाध्यकारी अवस्था सृजना गरेकाले उक्त व्यवस्थालाई परिवर्तन गरी भन्सार जाँचपास भएको मितिले बढिमा १ वर्षसम्म परिक्षण गर्न पाउने व्यवस्था गर्नुपर्दछ ।

३.१४ उद्योगहरुले आयात गर्ने ससानो परिमाणको कन्साइनमेन्ट तथा स्पेयर पार्टसमा समेत बिल अफ इन्ट्रि (Bill of Entry) पेश गर्नुपर्ने प्रावधानले धेरै समय लाग्ने भएकोले बिललाई नै आयात मान्नु पर्ने तथा निश्चित रकम तोकी उक्त रकमभन्दा माथिको कन्साईन्मेन्ट र मेशिनरी पार्टस आयातमा मात्र बिल अफ इन्ट्रि आवश्यक हुने व्यवस्था गर्नु पर्दछ ।

३.१५ खाद्य वस्तु भारत निर्यात गर्नका लागी अनिवार्य रुपमा ल्याब परिक्षणका लागी FSSAI परिक्षणका लागी कोलकाता पठाउनु पर्ने र परिक्षण प्रतिवेदन प्राप्त गर्न कम्तीमा १५ दिन लाग्ने तथा एक लटका लागी ५० कार्टुनसम्म नमुना लानु पर्ने बाध्यता भएकाले जोगवनी स्थित ICPमा नै ल्याब सुबिधा उपलब्ध हुने व्यवस्था गर्नु पर्दछ ।

## ४. आयात प्रतिष्थापन, स्वदेशी वस्तु प्रवर्धन एवं मूल्य/आपूर्ति औद्योगिक श्रृङ्खला विकास

४.१ उद्योगहरुले आयात गरेको कच्चा पदार्थ (Raw Material) र त्यही सामानको तयारी वस्तु (Finished Goods)मा महशुल दर कम्तिमा २ तह बढि कायम हुनुपर्ने नीति ल्याईनु पर्दछ ।

४.२ न्युनबिजकिकरण भई आयात हुने वस्तुसँग स्वदेशी उत्पादनले प्रतिष्पर्धा गर्न नसकी धारासायी हुँदै गएकोले स्वदेशी उत्पादनको प्रवर्धनका लागी न्युनविजकिकरणलाई पूर्णरुपमा बन्द गर्नु पर्दछ ।

४.३ कुनैपनि वस्तु उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनमा प्रयोग हुने प्याकेजिङ वस्तु (Intermedite Packaging Goods) आफै उत्पादन गरी प्रयोग गरेमा ५ प्रतिशत अन्तःशुल्क लाग्दैन । तर सोहि उद्योगले त्यहि प्याकेजिङ वस्तु अर्को कुनै उद्योगबाट खरिद गरेमा ५ प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था छ । एउटै प्रोडक्टमा भएको यस्तो विभेदकारी कर व्यवस्थाले यस्तो प्रावधान लागु हुनु अघिदेखि नै सञ्चालनमा रहेका ठुलो संख्यामा रहेका प्याकेजिङ वस्तु उत्पादन गर्ने उद्योगहरु धारासायी हुने भएकोले अर्को उद्योगबाट प्याकेजिङ वस्तु खरिदगर्दा समेत अन्तःशुल्क नलाग्ने गरि समान व्यवस्था कायम हुनु पर्दछ ।

४.४ प्याकेजिङ वस्तु उत्पादन गर्ने कम्पनीले कच्चा पदार्थ आयात गरि वस्तु तयार गरि नेपाली कम्पनीलाई बिक्रि गर्छ, त्यो कम्पनीले उक्त प्याकेजिङ मेटेरियल प्रयोग गरिएको उत्पादन निर्यात गर्छ भने ड्युटी ड्र व्याक सुविधा पाउदैन । तर आफ्नो उत्पादन निर्यात गर्ने उद्योगले सोझै प्याकेजिङ वस्तु आयात गरि आफ्नो उत्पादन विक्रि गर्दा यस्तो सुविधा पाउछ । यस्तो व्यवस्थाले नयाँ उद्योग आकर्षण नहुने हुँदा स्वदेशी उद्योगका उत्पादन प्रयोग गर्दा थप सहुलियत दिने गरि यस्तो प्रावधान संशोधन गरिनु पर्दछ ।

४.५ स्वदेशमा आत्मनिर्भर हुन सक्ने वस्तु उत्पादन गर्ने स्वदेशी उद्योगको संरक्षणका लागी सेफगार्ड, र एण्टीडम्पिङ र काउन्टरभेलिङ कानुन कार्यान्वयन गरिनु पर्ने ।

## ५. औद्योगिक पूर्वाधार विकास

५.१ **औद्योगिक क्षेत्र निर्माणः** औद्योगिक क्षेत्रको आवश्यकतालाई मध्यनजर गरी सुनसरीको अमडुवामा रहेको साल्ट ट्रेडिङको ६५० विघा जग्गामा निर्यात प्रबर्द्धन गर्ने उद्योग स्थापनाका लागि सहजिकरण गर्न आवश्यक सम्पूर्ण पूर्वाधार सुविधा सहितको क्रश वोर्डर औद्योगिक क्षेत्र निर्माण गर्न लामो समयदेखि छलफल भएपनि कार्यान्वयनमा आउन सकेन तसर्थ आगामी आर्थिक वर्षबाट कार्यान्वयन हुने गरि बजेटमा रकम विनियोजन गर्नुपर्ने ।

५.२ **औद्यौगिक प्रदर्शनी स्थलको निर्माणः** औद्योगिक उत्पादनको बजार प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनी स्थल निर्माण गर्न प्रदेश सरकार, विराटनगर महानगरपालिका, उद्योग संगठन मोरङ र मोरङ व्यापार संघले महानगरपालिका वडा नं. ३ स्थित श्री सत्यनारायण मन्दिर संचालन समितिको २ विगाह क्षेत्रफल भएको जग्गा ९५ वर्षको लागि लिजमा लिई अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनी स्थल निर्माणका लागि Detail Project Report प्रकृयामा रहेकोले उक्त प्रदर्शनी स्थलको DPR यसै आर्थिक बर्षमा सक्न र निर्माण कार्य प्रारम्भ गर्न आवश्यक सहजिकरण गर्दै बजेट विनियोजन गर्नुपर्ने ।

५.३ **रेल्वे परियोजना** : नेपाल भारत सहयोग अन्तर्गत वथनाहदेखि विराटनगरको महेशपुरसम्म निर्माण हुने क्रममा रहेको रेल्वे परियोजना जग्गा मुआब्जा विवादको कारण कार्यअगाडी वढ्न नसकेको हुँदा जग्गा मुआब्जा विवादलाई यथाशिघ्र समाधान गरी निर्माणकार्य सुचारु गर्न आवश्यक पहल हुन अनुरोध गर्दछौं । यसबाट उद्योग/व्यवसाय क्षेत्रको कच्चा पदार्थ ढुवानीको मूल्य घट्न गई उद्योग व्यवसाय प्रवर्द्धनमा टेवा पुग्नेछ ।

५.४ कटहरी तर्फ हुलाकी राजमार्ग अन्तरगत सडक विस्तार हुदैछ । विराटनगर-धरान कोशी राजमार्गमा ६ लेनको सडक बनिरहेको छ । दुबै औद्योगिक करिडोरमा ५०औं बर्षदेखि उद्योग रहेको क्षेत्र, उद्योगको अवस्थितीलाई नजरअन्दाज गर्दै सडक बनिरहेको छ । पानीको कुनै पनि निकासको उचित प्रवन्ध गरिएको छैन । उत्तर दक्षिणका सबै कल्भर्टहरु बन्द गरिएको छ । गत कार्तिकको बाढीले तहस नहस पारिसकेको छ । पानीको निकासको ठोस प्रबन्धका लागी तत्काल पहल गरियोस् ।

५.६ नेपालको विराटनगर बोर्डरमा आउने प्रमुख व्यापारिक मार्ग जोगबनीबाट ४ किलोमिटर भारत तर्फ रहेको १०० बर्षभन्दा पुरानो मिरगञ्ज पुल भत्किएर पटक पटक ढुवानी अवरोध भएको छ । गत जनवरी ३ देखि हाल उक्त पुल दबिएर सञ्चालनमा आउन सकेको छैन । हाल भन्टावारी तर्फबाट १२५ कि.मि रिरुट गर्दा प्रति ट्रक रु २०,००० खर्च बढिरहेको छ । सोहि मार्गसँगै नयाँ पुल बन्दै गरेको तर ढिलाई भईरहेको छ । नेपाल पक्षबाट गम्भिर भई ठोस कुटनीतिक पहल मार्फत यथाशक्य समाधान गरिनु पर्ने ।

५.७ भारत-बंगलादेश-भुटान-चिन र नेपाल बिचको व्यापारिक लिकंको सम्भावना बोकेको विराटनगर किमाथांका सडकलाई विश्व स्तरको बनाई Milestone Project को रुपमा अघि बढाउनु पर्दछ ।

## ६. उर्जा

६.१ **गुणस्तरिय उर्जाको उपलब्धता** : गुणस्तरिय विद्युत आपूर्तिको व्यवस्था गरि ट्रिपिङ तथा भोल्टेज फ्लक्चुएशनले हुने अवरोधबाट श्रृजित थप खर्चभार (पावर व्याकअप जेनेरेटर वा युपिस जडान गर्न बाध्य) बहन गर्ने अवस्थाको अन्त गरिनु पर्ने । साथै, उत्पादनमूलक उद्योगको हकमा विद्युत महशुल दरमा २५ प्रतिशतसम्म छुट अनुदान दिने व्यवस्था गरिनु पर्दछ । जसबाट उद्योगहरुका उत्पादन क्षमता प्रतिष्पर्धात्मक हुन गई विदेशी आयातलाई प्रतिस्थापन गर्न सकिने छ ।

६.२ विद्युत मिटर रिडिङको क्रममा प्राधिकरणको कर्मचारीबाट बिलिङमा त्रुटि भई छुट भएको युनिटलाई पुनः बिलिङ गर्न पाउने व्यवस्था रहेको र यसरी छुट भएको युनिटलाई कहिलेसम्म बिलिङ गर्न पाउने स्पष्ट नहुँदा बर्षौ पछि समावेश भई आउदा उपभोक्ता मारमा परेकाले यस्तो छुट भएको युनिटको शुल्क कहिलेसम्म लिन पाइन्छ ? विद्युतको कर्मचारीहरुबाट असावधानीवश भएको त्रुटी उद्योगी/व्यवसायीले बहन गर्नुपर्ने अव्यवहारिक प्रावधान परिमार्जन प्रष्ट समयसिमा निर्धारित गरिनु पर्दछ ।

६.३ विद्युतको टि.ओ.डी मिटर, अन्तर्गत विद्युत महशुल चार्ज गर्दा पौष, माघ, फाल्गुण र चैत्र महिनामा टि ३ को मुल्यलाई टि २ को सरह नै लिईने गरेको छ। बिगत ५-७ बर्ष अघि चर्को लोडिसेडिङ हुँदा गरिएको यस्तो व्यवस्था अव विजुली बिक्रि गर्ने अवस्थासम्म कायमै हुनु न्यायसँगत नदेखिएकाले टि ३ को महशुल वर्षभरी समान हुनुपर्दछ । ।

६.४ विद्युतको डिमाण्ड शुल्क लगाउनु पर्ने आधारभूत कारण देखिदैन । लोडसेडिङको स्थितीमा वा भिन्न अवस्थामा भिन्न प्रयोजनका लागी लगाइएको डिमान्ड शुल्कको प्रावधान विद्युत बिक्रि गर्ने अवस्थामा आइपुग्दासम्म कायम हुनु दुर्भाग्य हो । यसको लागत विश्लेषण गरी हेर्नु आवश्यक छ । उद्योगी उपभोक्ता मैत्री नभएको यस्तो प्रावधान खारेज गर्नुपर्छ ।

**७. आन्तरिक राजश्वसँग सम्बन्धित बिषयहरु**

७.१ करदाताको आयमा सम्बन्धीत पार्टीले कर कट्टी गरि जम्मा नगर्ने, सम्पर्कमा नआउने, दाखिला गलत गर्ने, ढिला गर्ने, वा अर्को आर्थिक बर्षमा जम्मा गर्नाले करदाताको कर पनि दाबी नहुने र पछिल्लो आय बर्षमा समेत सो अग्रिम कर मिलान नहुने समस्या रहेकोले आफ्नो प्रमाणको आधारमा मिलान गर्न पाउने व्यवस्था गर्नु पर्दछ ।

७.२. कुनै उद्योगले लागत मुल्यभन्दा घटीमा आफ्नो सामान बिक्रि गरेको बिललाई मान्यता दिइने गरेको छैन साथै, बिलको फरक रकमलाई न्युनबिजकिकरण भनी आयमा समावेश गरि असुल्ने गरिएको छ । घटिमुल्यमा बिक्रि गरेको बिललाई मान्यता दिइनु पर्ने ।

७.३ आन्तरिक राजश्व विभागमा कर विवरण राख्दा बिक्रिको विवरण अटोमेटेड राख्ने व्यवस्था छ म्यानुअल राख्न पर्दैन तर खरिदको विवरण भने म्यानुअल र अटोमेटेड दुबै राख्नु पर्दछ। यस्ले दोहोरो काम थप गरेकोले खरिदको विवरण पनि बिक्रिको विवरण समान अटोमेटेड मात्रै राख्न पर्ने व्यवस्था गर्नु पर्ने ।

७.४ आर्थिक ऐनको दफा २१ को व्यवस्थाले २०७६ साल असार मसान्तसम्म कर निर्धारण भई वक्यौता रहेको (झुट्टा तथा नक्कली विजक वाहेक) कर २०७८ पौष मसान्त भित्र बुझाएमा सो मा लागेको शुल्क, थप दस्तुर जरिवाना मिन्हा हुनेछ भनि लेखिएकोमा निर्धारित कर रकम र जरिवाना शुल्कमा थप दस्तुर जोडी आउने रकममा हालसम्मको व्याज जोडी जरिवाना, शुल्क र थप दस्तुर घटाउन दिनु ऐनको दफा २० को मर्म विपरित रहेको हुँदा उक्त व्यवस्था सच्याउन पर्ने ।

७.५ राजस्व सम्बन्धी मुद्दामा जाँदा करदाताहरुले नगद रकम धरौटी राख्नुपर्ने प्रावधान रहेको तर यस्तो नगद करदाताको नाममा रहेको ट्याक्स क्रेडिट (Tax Credit) रकमलाई उपयोग गर्न नदिई पुनःनगद धरौटी राख्नुपर्ने वाध्यकारी व्यवस्थाले उद्योगीमा आर्थिक भार पर्नजाने भएकाले उक्त व्यवस्थाको सट्टा ट्याक्स क्रेडिट रकमलाई वा सो रकम बराबरको बैंक ग्यारेन्टीलाई मान्यता दिने व्यवस्था गर्नुपर्दछ ।

७.६ सर्वोच्च अदालतमा पुनरावेदनको लागि सरकारी निकायले अनुमति माग गर्दा ६ महिना भित्रमा अदालतबाट अनुमति प्राप्त हुन नसकेमा राजस्व न्यायधिकरणको फैसला नै अन्तिम मानिने व्यवस्था हुनुपर्दछ ।

६.७ राजश्व सम्वन्धी मुद्दा हेर्ने अधिकारप्राप्त निकाय राजश्व न्यायाधिकरण कार्यालयको संयोजकमा न्यायधिश र दोश्रो व्यक्तिको रुपमा सम्वन्धित कर कार्यालयको प्रमुख रहने वर्तमानको प्रावधानका कारण जसको विरुदमा मुद्दा दायर भएको उ स्वयं फैसला गर्ने निकायमा हुँदा स्वार्थ बाझिई अन्याय पर्ने भएकाले उक्त व्यवस्थालाई सच्याई स्वतन्त्र व्यक्तिलाई फैसला हेर्न दिने व्यवस्था गर्नुपर्दछ ।

७.८ ठूला करदाता कार्यालयको क्षेत्राधिकार भित्र पर्ने काठमाण्डौ वाहिरका उद्योगीहरुले राजश्व न्यायाधिकरणको मुद्दाका लागि राजश्व न्यायाधिकरणको कार्यालय काठमाण्डौ मै पुग्नुपर्ने अवस्था अव्यवहारिक भएकाले यस्तो कार्यालयको स्थापना प्रदेश स्तरमा गर्नुपर्दछ ।

७.९ **कबाडी करसँग सम्बन्धित समस्या**: एउटा उद्योगले उत्पादन प्रकृयामा बाइप्रोडक्टका रुपमा रहेको तर अर्को उद्योगको कच्चा पदार्थकोरुपमा प्रयोग गर्न मिल्ने वस्तुहरुलाई कबाडी वस्तु मानी स्थानीय निकायहरुले कर लगाउदै आएको छन । कवाडीको तथ्यपरक र व्यवहारिक स्पष्ट परिभाषा (कबाडीको परिभाषा Rest & Piece Collected हुनुपर्ने) संघिय सरकारबाटै गरि सबै पालिकामा एकै प्रकारको व्यवस्था मिलाइनु पर्दछ ।

७.१० नेपालको कानुनले निर्यातमुलक उद्योगको कच्चा पदार्थमा कुनै पनि प्रकारको कर नलाग्ने स्पष्ट व्यवस्था भएको भएता पनि स्थानीय पालिकाहरुले कर लगाउदै आएका छन (जस्तै काँचो छाला) । संघिय र स्थानीय कानुनका प्रावधान एकआपसमा बाभिएकोले निर्यातमुलक उद्योगका हकमा संघिय कानुनले निर्दिष्ठ गरेको व्यवस्थाको खिलाफ स्थानीय कानुन हुनुहुदैन ।

७.११ **महिला उद्यमशिलता विकास** : हाल नेपाल सरकारले महिला उद्यमशिलता प्रोत्साहनका लागि रु.१५ लाखसम्मको सहुलियतपूर्ण कर्जा उपलब्ध गराउदै आएको छ । वढदो महंगीका कारण वर्तमान समयमा उक्त कर्जा उद्यमशिलता विकासका लागि अत्यन्त न्यून भएकाले महिलाहरुलाई उद्यमशिलता प्रोत्साहन गर्न रकमको सिमा थप गरी रु. १ करोडसम्मको सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्नुपर्दछ ।

## अनुसुचि–१

## विभिन्न उद्योगहरूका प्रत्यक्ष सरोकार राख्ने विषयगत सुझावहरू

### ८. आन्तरिक राजश्वसँग सम्बन्धित बिषयहरु

